

# मूल्याङ्कन

विचार अन्तर्क्रियामुखी मासिक

पूर्णाङ्क ९३



नोम चोम्स्की



आतंकवादविरोधी अमेरिकी युद्धको चिरफार

क्रान्ति केवल पार्टीले मात्र गर्ने होइन !
-मार्क्ससँग कुराकानी

त्यतिबेला पनि म पार्टी फुटाउने पक्षमा थिइन !
-निर्मल लामा

# माओवादीको महाभूल र संकटकाल


www.mulyankan.itgo.com

**किताब र साथी**

संसारलाई बुझ्ने प्रयासको बारेमा एकजना साथीले मलाई एउटा किताब दिएको छ
र, फेरि त्यस किताबले मलाई कैयौं साथी दिएको छ ।


तपाईं नयाँ-नयाँ रोचक-प्रेरक र ज्ञानबर्द्धक किताबको अध्ययन गर्न चाहनुहुन्छ भने हाम्रा सार्थक प्रकाशनहरू तपाईंलाई कामलाग्दा हुनसक्छन्

# हाम्रा नयाँ प्रकाशनहरू











## अल्बर्ट आइन्स्टाइन

महानतम वैज्ञानिक (चिन्तन र कर्म)

*सम्पादक* : राजेन्द्र महर्जन

*लेखकहरू* : तुल्सीदास महर्जन
प्रज्ञानरत्न र राजेन्द्र महर्जन


साथै **'समाजवाद नै किन ?'**
*आइन्स्टाइनको महत्वपूर्ण लेख*

## आइज्याक न्यूटन

### र अन्य वैज्ञानिकहरू

**संसार फेर्ने वैज्ञानिकहरू** : (चन्द्रशेखर बेंकटरामन, जोहान ग्रेगर मेण्डल, क्यारोलिन हर्स्चेल, जोसेफ लिस्टर, र दिमित्री इवानोभिच मेण्डलिफले गरेका आविष्कार तथा उनीहरूका जीवनगाथाहरू)

*लेखक : तुल्सीदास महर्जन*



**विश्वविख्यातहरूका कथा**

वैज्ञानिक, दार्शनिक, राजनीतिज्ञ तथा लेखकहरूको जीवनको झाँकी
- लेखक : राजेन्द्र महर्जन



**संझनाको ऐनाका तस्वीरहरू**

प्रख्यात साहित्यकार खगेन्द्र संग्रौलाको आत्मकथा

**साथमा**

२०५९ सालको नयाँ आकर्षक
**क्यालेण्डर**
प्रतीक्षा गर्नुहोला ।

**अन्तर्क्रिया प्रकाशन प्रा.लि.**

- **नाशवान पूँजीवादका विशिष्टताहरू**
  - लेखक : विख्यात समाजशास्त्री डा. चैतन्य मिश्र



- **रमेश विकलका बाल-कथाहरू**
  - प्रख्यात साहित्यकार रमेश विकल



## छिटै प्रकाशित हुँदैछन् !

# मूल्याङ्कन

(विचार अन्तर्क्रियामुखी मासिक)

वर्ष–१९, पूर्णाङ्क– ९३
पुस, २०५८

**संरक्षक**
डा. मथुराप्रसाद श्रेष्ठ
**सल्लाहकार**
डा. कमलकृष्ण जोशी
डा. कृष्णबहादुर थापा
खगेन्द्र संग्रौला
चन्द्रराज ढुंगेल
डा. चैतन्य मिश्र
डी. आर. पोखरेल
पद्मरत्न तुलाधर
डा. भरत प्रधान
डा. महेश मास्के
महेश्वरमान श्रेष्ठ
प्रा. हर्षनारायण धौभडेल
**प्रधान सम्पादक**
श्याम श्रेष्ठ
**कार्यकारी सम्पादक**
हरिगोविन्द लुइंटेल
**सह–सम्पादक**
राजेन्द्र महर्जन
**सहायक–सम्पादक**
तुल्सीदास महर्जन
विष्णुदेवी श्रेष्ठ
**सम्पादन सहयोगी**
चन्द्र खाकी
**प्रबन्ध निर्देशक**
स्नेह सायमि
**प्रमुख व्यवस्थापक**
श्याम खड्का
**लेखा व्यवस्थापक**
वीरप्रसाद भंसारी
**बजार व्यवस्थापक**
दुर्गा खड्का
**सहायक बजार व्यवस्थापक**
जमुनाप्रसाद चौधरी

अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
का लागि सुवास श्रेष्ठद्वारा प्रकाशित
**कार्यालय**
"मूल्यांकन" मासिक,
अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
क–३/८०, टेकु, काठमाडौं–१२
फोन/फ्याक्स : ४२२७६९/२६८७९१
पो. ब. नं. ७०५०, काठमाडौं
*इमेल* : yuwa@ntc.net.np
*वेभसाइट* : www.mulyankan.itgo.com
मूल्य : रू. २०/-




**विशेष अन्तर्वार्ता**

लुटिएका पैसा र हतियार बुझाए वार्ताका लागि स्वागत छ
*- प्र.म. शेरबहादुर देउवा -*

संकटकालको घोषणा आवश्यक नै थिएन
*- माधवकुमार नेपाल -*

## माओवादीहरूको महाभूल र संकटकाल



**माओवादीहरू कहाँ कसरी किन चुके ?**

- महाभूलका कारणहरू र परिवेशहरू
- माओवादी आक्रमणका उद्देश्य र छनकहरू
- सरकार र प्रतिपक्षको भूमिका कस्तो रह्यो ?

## के फेरि वार्ता होला ?

*...युद्ध रोक्न र वार्ता थाल्न तयार छौं*
- बाबुराम भट्टराई र प्रचण्ड -

**संकटकाल प्रजातन्त्र खाने काल नहोस्**
- दमननाथ ढुंगाना -
युद्धबारे जेनेभा सन्धि के भन्छ ?

## ❑ सार्कमा जस्ता चुनौतीहरू काहीं पाईंदैन
- श्रीधर खत्री

## ❑ किन ओरालो लाग्दैछ नेपालका प्रमुख निर्यातका तीन वस्तुहरू ?
- दीपेन्द्र क्षेत्री

## ❑ विश्व व्यापार संगठन, दोहा सम्मेलन र जनस्वास्थ्य
- अनिल भट्टराई


**हाम्रो मूल्यांकन**
संकटकाल होइन, समाधान काल चाहियो ४

**आवरण कथा**
माओवादीहरूको महाभूल र संकटकाल
*- श्याम श्रेष्ठ* ४

**घटना र प्रवृत्ति**
सार्कमा जस्ता चुनौतीहरू काहीं पाईंदैन
*- श्रीधर खत्री* १२
सार्क देशहरूसँग नेपालको व्यापार १५
विश्व व्यापार संगठन, दोहा सम्मेलन र जनस्वास्थ्य
*- अनिल भट्टराई* ३१
आतंकवादविरोधी अमेरिकी आतंकको चिरफार
*- नोम चोम्स्की* ४२
बेल्जियममा नेपालीहरू संगठित ४६

**बहस**
'प्रगतिशील' मिडिया खोइ ?
*- प्रत्यूष वन्त* ३८

**अर्थतन्त्र**
किन ओरालो लाग्दैछ नेपालका प्रमुख निर्यातका तीन वस्तुहरू ?
*- दीपेन्द्र क्षेत्री* १४

**विश्व कम्युनिष्ट आन्दोलन**
क्रान्ति सिंगो राष्ट्रले गर्छ, केवल एउटा पार्टीले मात्र गर्ने होइन
*- कार्ल मार्क्स* १६

**नीति–संस्कृति**
वैष्णववाद मार्क्सवाद हो र ?
*- खगेन्द्र संग्रौला* ३९

**चिन्तन**
ज्ञान र सत्ता : तीन झाँकीहरू
*- डा. चैतन्य मिश्र* ४०

**आँखीझ्याल**
के अमेरिकामा धनी नै धनीमात्रै छन् ?
*- दीपक वैद्य* २४

**दृष्यबाहिर**
कसिङ्गर बनेका कलाकार
*- गोविन्द वर्तमान* ३४

**आत्मकथा**
त्यतिबेलापनि म पार्टी फुटाउने पक्षमा थिइँन
*- निर्मल लामा* २२

**इतिहास**
यसरी मारिए प्र.म. माथवर
*- मुक्ता श्रेष्ठ* २६

**दर्शन**
गूदी र आकृति
*- प्रज्ञानरत्न* २९

**किताब**
कृषि क्रान्तिका लागि आवश्यक पुस्तक
*- राजेन्द्र महर्जन* ३३

**विज्ञान / साहित्य**
पानीको व्यक्तित्व, सृष्टि र मानवता
*- डा. मोस्तफा भाजिरी* ३६

**साहित्य / कविता**
गाउँको पाठशाला
*- मीनबहादुर विष्ट* ३७

**पाठकको कुरो** ४६



**आवरणमा** : प्र.म.शेरबहादुर देउवा र शाही सैनिकहरू । **फोटो** : नरेश श्रेष्ठ, एबीसी प्रेस फोटो/**सज्जा** : टाइम्स क्रिएशन, पुतलीसडक, फोनः २५२६४५ ।
**कलर सेपरेशनः** पोलिइमेज, फोनः २५२५७१ । **कलाकारहरूः** लक्ष्मण भूजेल, जि.डि. सारू, यति ग्राफिक्स, *फोन : ४३०७५२* ।
मुद्रणः इन्द्रेणी अफसेट प्रेस, फोनः ४३७४४८

# संकटकाल होइन, समाधानकाल चाहियो !

११ मंसिरदेखि नेपालमा सरकारबाट संकटकालीन स्थितिको घोषणा भएको छ । जनतालाई संविधानले ग्यारेण्टी गरेका मौलिक प्रजातान्त्रिक हक-अधिकारहरु २०१७ सालपछि पहिलोपटक निलम्बित भएका छन् । स्वतन्त्र प्रेसको गोरखापत्रकरण भएको छ । संकटकाल सँगसँगै त्यसको जुम्ल्याहा भाइका रुपमा आएको कथित आतंकवादविरोधी अध्यादेशले कानूनी राज्यको खम्बा नै भाँचिदिएको छ । सरकारले गरेका कुनै पनि बेठीकको समर्थन गर्नमात्र पाइने, विरोध गर्न नपाइने, आमजनतामा कु-सूचनामात्र प्रसार गर्न पाइने, सुसूचना गर्न नपाइने- एक किसिमको अंकुशविहिन अपारदर्शी राज्य नेपालमा यतिबेला पैदा गर्न खोजिएको छ ।

सशस्त्र राज्यसित कोही सशस्त्र ढंगले जुध्न आउँछ भने त्यसको प्रत्युत्तर राज्यले पनि त सशस्त्र ढंगले नै दिन्छ र दिनसक्छ । त्यसको लागि देशमा संकटकालको घोषणा गर्ने जरुरत नै किन पर्छ र ? राज्य सत्य र न्यायको जगमा टिकेको छ भने, युद्ध न्यायपूर्ण छ भने- युद्धको बेला सत्य र न्यायका लागि बोल्ने मुखहरु थुन्नु, लेख्ने कलमहरु थुन्नु र उज्ज्याउने हातहरु भाँच्नु किन जरुरी हुन्छ र ?

चलिरहेको वार्ता प्रक्रिया एक्कासी भंग गरेर, शाही सेनाको ब्यारेकमाथि धावा बोलेर- माओवादीले बिल्कुलै ठीक गरेनन् । यसले त संकटकाल घोषणा, सेना परिचालन र देशमा गृहयुद्ध थालनीका लागि राजमार्ग खोल्ने काममात्र गऱ्यो । यसले माओवादी स्वयंलाई एक्ल्याउने र नोक्सानी नै नोक्सानी पुऱ्याउने सिवाय तात्विक रुपमा केही फाइदा गरेन ।

परिणामतः अहिले नेपालमा गृहयुद्धको प्रारम्भ भएको छ । सेना र माओवादी पहिलोपटक आम्ने-साम्ने भएर लडाइँ लडिरहेछन् । यो युद्धको तीन साताको सबैभन्दा दुःखान्त पक्ष के भएको छ भने माओवादीका नाममा सबैभन्दा ज्यादा मारिनेहरुमा सर्वसाधारण जनता भएका छन् । संकटकालमा सबैभन्दा ज्यादा विपक्षी पार्टीका कार्यकर्ताहरु र समर्थक जनताहरु आक्रमण र दमनको शिकार भएका छन् । संकटकालको व्यापक दुरुपयोग भइरहेछ । देशका प्रमुख १३ वटा पार्टीहरुले प्रधानमन्त्रीसमक्ष हालै प्रस्तुत गरेको ज्ञापनपत्रले यी तथ्यहरु उजागर गरेको छ ।

सरकारले सर्वप्रथम संकटकालकै अविलम्ब अन्त्य गर्नु जरुरी छ । यो नहटेसम्म यसको दुरुपयोग रोक्नु जरुरी छ । सरकारले गृहयुद्धको स्थिति यथाशिघ्र अन्त्य गर्न जरुरी छ । गृहयुद्ध रहुन्जेल नागरिक हत्या र ज्यादती न्यूनतम पार्नु जरुरी छ । विश्वप्रसिद्ध जेनेभा सन्धिअनुसार, जो सशस्त्र भीडन्तमा आउँछन्, उनीहरुसित मात्र सशस्त्र भीडन्त गर्ने, भीडन्तमा नरहेकाहरुलाई पटक्कै गोली नचलाउने र आत्मसमर्पण गरेकालाई कब्जामा मात्र लिने, नमार्ने अनि अन्य विपक्षी र सर्वसाधारण जनतालाई केही पनि नगर्ने -सरकारले यतिमात्र नियम कडाइका साथ पालना गराउन सकेमा मात्रै पनि संकटकालको दुरुपयोग र सर्वसाधारण नागरिकको हत्या धेरै मात्रामा रोकिने थियो ।

गृहयुद्ध कुनै पनि समस्याको समाधान होइन । यसले संकटलाई अझ जटिलमात्र बनाउनेछ, समाधान गर्नेछैन । किनभने, माओवादी मारिए पनि, शाही सैनिक मारिए पनि मृत्यु त आखिर नेपालीकै हुने हुन्छ । एउटा व्यक्ति मारिँदा उसका शाखा सन्तान सबै प्रतिशोधका लागि खडा हुन्छन् । तसर्थ, देशमा यतिबेला आवश्यक भएको समाधान काल हो, गृहयुद्ध र संकटकाल होइन ।

प्र.म. कृष्णप्रसाद भट्टराईको पालामा गठित र प्र.म. गिरिजाप्रसादको पालामा प्रतिवेदन पेश गरिएको प्र.म. देउवा स्वयं अध्यक्ष रहेको उच्च स्तरीय समितिले आफ्नो प्रतिवेदनमा माओवादी विद्रोहको समस्यालाई राजनैतिक समस्या ठहऱ्याएको र राजनीतिक तहमा वार्ता, सहमति र व्यापक आर्थिक-सामाजिक-राजनीतिक परिवर्तनले मात्र यो समस्या हल हुने निष्कर्ष निकालेको जगजाहेर छ । त्यो निष्कर्ष अहिले पनि सान्दर्भिक र सही छ । परन्तु देउवा स्वयं देशको प्रधानमन्त्री हुनुहुँदा त्यो प्रतिवेदनको भावनाअनुसारको व्यवहार खोइ ? त्यसको अक्षरशः कार्यान्वयन खोइ ? वार्ता त भयो, तर व्यापक आर्थिक-सामाजिक-राजनीतिक परिवर्तनका लागि सरकारमा गम्भीर गृहकार्य, प्रतिवद्धता र लचकता खोइ ?

तसर्थ, हामीलाई लाग्छ, सरकार-माओवादी दुवैले अहिले पनि गृहयुद्ध रोकेर वार्ताको थालनी गर्नुपर्छ । संकटकाललाई अन्त्य गरेर समाधानकालको लागि मरीमेटेर जुट्नुपर्छ । युद्ध र यथास्थितिवाद होइन, वार्ता, समझदारी र व्यापक आर्थिक-सामाजिक-राजनीतिक क्रान्तिले मात्र यो संकट जरैमा हल गर्न संभव छ ।

नत्र गृहयुद्धले नेपालको उद्योगधन्दा, पर्यटन व्यवसाय, शिक्षा, स्वास्थ्य, समग्र अर्थतन्त्र र विकास प्रक्रियालाई स्वाहा बनाएर छोड्नेछ । त्यही दिशामा नेपाल अहिले जोडले लम्कँदैछ ।

यस परिप्रेक्ष्यमा प्र. म. देउवाले हालै लुटिएको हतियार र पैसा फिर्ता गरेमा माओवादीसित पुनः वार्ता संभव छ भनेर मूल्यांकनसितको अन्तर्वार्तामा बताउनुभएको छ । माओवादी शीर्षस्थ नेतृत्वले पनि उनीहरुका प्रमुख राजनीतिक मागमा सरकार लचिलो भयो भने युद्धविराम र वार्ता पुनः संभव छ भनेर सार्वजनिक रुपमा आफ्नो भनाइ प्रस्तुत गरेको छ । यी दुवै स्वागतयोग्य अभिव्यक्ति हुन् । यी अभिव्यक्तिहरुले वार्ताको संभावनाको ढोका खोल्नै लागेका छन् । उठेको पक्ष थोरै निहुरिनु पऱ्यो, बसेको पक्ष थोरै उभिनु पऱ्यो- मिलनविन्दु तब मात्रै फेला पर्नेछ । ❑



देशमा अहिले २०१७ सालपछि पहिलोपटक मंसिर ११ गते देशव्यापी रूपमा संकटकालीन स्थितिको घोषणा भएको छ । २०४६ सालको जनआन्दोलनका सबैभन्दा महत्वपूर्ण उपलब्धिहरू- नागरिकहरूका मौलिक प्रजातान्त्रिक अधिकारहरू निलम्बित भएका छन् । प्रकाशन स्वतन्त्रताको अभावमा पत्रपत्रिकाहरू गोरखापत्रसरह हुन विवश भएका छन् । वाक् स्वतन्त्रताको अभावमा सत्य र न्यायको आवाज दबित भएको छ । नागरिकहरूको तीव्र विरोधका कारणले बारम्बार खारेज वा फिर्ता हुन वाध्य भएको आतंककारी विधेयक अब बेरोकटोक अध्यादेशका रूपमा लागु भएको छ ।

अत्यन्त वार्ताप्रिय भनिएका देउवा सरकारबाटै माओवादीहरू 'आतंककारी' घोषित भएका छन् । परन्तु विगत २०/२५ दिनमा माओवादीका निहुँमा गैर-माओवादी सर्वसाधारण जनता नै सबैभन्दा ज्यादा मारिएका छन् । एमाले संसदीय अनुगमन समितिका अनुसार, दाङमा मारिएका माओवादी भनेर बहुप्रचारित ११ जना किसानहरू कोही पनि माओवादी रहेनछन् । सल्यानमा माओवादी भनेर



## युद्ध रोक्न र वार्ता थाल्न सरकार र माओवादी तयार छन् ?

विशेष अन्तर्वार्ता

**लुटिएका हतियार र पैसा फिर्ता गर्ने हो भने वार्ताका लागि सदैव स्वागत छ**

- प्रधानमन्त्री : शेरबहादुर देउवा -

**संकटकालको घोषणा आवश्यक नै थिएन**

- माधवकुमार नेपाल -

**संकटकाल प्रजातन्त्र खाने काल नहोस्**

- दमननाथ ढुंगाना -

# माओवादीको महाभूल र संकटकाल

श्याम श्रेष्ठ



गोली ठोकिएका १३ जना ट्रक चढ्ने यात्रु र ड्राइभरमध्ये २ जनाबाहेक अरू सबै कर्मचारी र निर्दोष जनता रहेछन् । भीमफेदीमा गोली खाएर वीभत्स मृत्यु भोग्नुपरेकी महिला पनि माओवादी नभएर रा.प्र.पा. समर्थक वडा अध्यक्षकी अस्पताल लैजान लागिएकी सिकिस्त बिरामी श्रीमती रहिछन् । देशमा कानूनी राज्यको मृत्यु भएसरह भएको छ । माओवादी भनेपछि जसले जसलाई जुनसुकै बेला गोली ठोके पनि, मारे पनि बात नलाग्ने अराजक स्थिति मुलुकमा कायम भएको छ । यस्तो स्थिति भनेको पुनरूत्थानवादी तत्वको लागि धमिलो पानीमा माछा मार्ने मौका भएको छ ।

परन्तु, यी सब स्थितिको सृजना भएको छ- आफूलाई सबैभन्दा प्रजातन्त्रवादी भनी दाबी गर्ने नेपाली कांग्रेसको निर्वाचित सरकारबाट । यसको तात्कालिक कारण भएको छ- मंसिर ८ मा माओवादीबाट भएको दाङ्ग र स्याङ्जामाथिको र मंसिर १० मा सोलु-सल्लेरीमाथिको फौजी आक्रमण । देशमा त्यसको निहुँमा प्रजातन्त्र, मानवअधिकार, नागरिकहरूको बाँच्न पाउने हकलाई नै ताकमा पारिएको छ ।

## अर्को महाभूल

यस हिसाबले माओवादीले यसपटक फेरि अर्को एउटा महाभूल गरेको छ- आन्दोलन रक्षात्मक स्थितिमा भएको बेला सेनामाथि आक्रमण गरेर, आफ्नो पहलमा वार्ता तोडेर । एउटा महाभूल उसले असोज ५ गतेको काठमाण्डौको प्रस्तावित आमसभाको क्रममा गरेको थियो- आफूप्रति आकर्षित जनसमुदायविरूद्ध नै बल प्रयोग गरेर, सबै मित्रशक्तिलाई आक्रमण गरेर, चिढ्याएर । त्यो महाभूलले माओवादीको पक्षमा सर्वत्र उर्लिरहेको जनलहर एक्कासी सामसुम पारिदिएको थियो । अहिले अर्को महाभूलले माओवादीप्रति अझै बाँकी भएको जनसमर्थन र माओवादीले गत ६ वर्षमा आर्जित गरेका शक्ति र उपलब्धिहरूलाई उल्लेखनीय मात्रामा सिध्याउँदैछ ।

परन्तु दुवै महाभूलको कारण र स्रोत एउटै देखिन्छ- चिन्तनमा यान्त्रिकता र मनोगतवाद, भावनामा आफ्नो शक्तिप्रति यथार्थभन्दा अति ज्यादा आत्मविश्वास र अहंकार तथा काम कार्वाहीमा सैन्यवाद । यस्तो भान हुन्छ- माओवादीले माओबाट सेना बनाउने, छापामार युद्ध चलाउने र आधार इलाका निर्माण गर्ने तरिका चाहिँ सिक्यो, परन्तु माओ विचारको सबैभन्दा महत्वपूर्ण पक्षमध्ये एक जननीति (Mass Line) चाहिँ ठ्याम्मै सिकेन । अन्यथा, माओबाट उसले जननीति सिकेको भए आमजनताबाट आफै एक्लिने र भएको जनसमर्थन पनि स्वाहा हुने यस्तो कदम उसले कदापि अपनाउँदैनथ्यो । आफ्नो अन्धकार्यवाहीको कारणले बहुसंख्यक जनताले चर्को दुःख-सास्ती पाउने, उनीहरूको हक अधिकार संकुचित हुने र उनीहरूको चेतनाले थेग्नै नसक्ने फौजी काम कार्वाही उसले कदापि गर्दैनथ्यो ।

मंसिर ८ को दाङ्ग र स्याङ्जाको र मंसिर १० को सोलु सल्लेरीको फौजी कार्वाहीले भर्खरै तेस्रो चरणसम्म पुगेको र छिट्टै चौथो चरणमा पदार्पण गर्न लागेको सरकार-माओवादी वार्ता एक्कासी भंग गरेको जिम्मेवारी माओवादीको थाप्लामा पारेको छ । माओवादी चाहिँ युद्धप्रेमी, सरकार चाहिँ शान्तिकामी भन्ने सन्देश आमजनतालाई दिन सरकारलाई यसले राम्रो मसला जुटाइदिएको छ ।

जनतामा आधारित राजनीति गर्ने हो भने वार्ता र युद्धविराम माओवादीका कारणले र उसका तर्फबाट टुट्न दिनु हुन्नथ्यो । माओवादीको पछिल्लो मूल राजनीतिक माग-संविधानसभाको निर्वाचनमा सरकार जुन अलचिलोपनाका साथ प्रस्तुत भइरहेको थियो, हलो त्यहीं गएर अड्किने सुनिश्चित भइसकेको थियो । माओवादीले त्योभन्दा तल आफू झर्नै नसक्ने बताएपछि सरकारकै तर्फबाट वार्ता त्यहींनेर टुट्ने संभावना टड्कारो थियो । माओवादीले १४ दिने, २१ दिने वा एक महिनाको अल्टीमेटम दिएर 'लौ मूल राजनीतिक मागमा लचिलो हुने भए हामी अझै वार्ताका लागि तयार छौं, हैन भने हामी वार्ताको टेबिलबाट फिर्ता हुन्छौं' भनेको भए कमसेकम संविधानसभाबारे देशव्यापी बहस त चल्थ्यो । सरकारलाई लचिलो हुन धेरैतिरबाट शान्तिकामीहरूको सशक्त दवाब पर्थ्यो । वार्ताको बल सरकारको कोर्टमा जान्थ्यो । त्यति गर्दा पनि सरकार अलचिलो भएको खण्डमा युद्धविराम अन्त्य गर्ने स्थिति तयार पारेको र वार्ता भाँडेको दोष सरकारको थाप्लामा जाने थियो ।

यस हिसाबले मंसिरको पहिलो सातामा जारी भएको माओवादीका अध्यक्ष प्रचण्डको कडा चेतावनीयुक्त वक्तव्यसम्म कुरो त्यति बिग्रेको थिएन । त्यसले माओवादीको मागमा लचिलो बन्न सरकारमाथि काफी दवाव सृजना गरेको थियो । चौथो चरणको वार्तामा गएर त्यहाँबाट निश्चित समयसीमा सहितको अल्टीमेटम जारी गरिएको भए दवाब अरू प्रभावकारी हुन्थ्यो ।

परन्तु माओवादी नेतृत्व एक्कासी र तुरून्तै फौजी कार्यवाही थाल्न ज्यादै हतारिएको देखियो । यतिबेलाको गाँठी प्रश्न के हो भने यति ज्यादै हतारिएर, आफैं अघि सरेर, आफ्नै पहलमा सैनिक ब्यारेकमा आक्रमण थाल्नु र त्यो पनि विश्व र देशमा आन्दोलनको परिस्थिति रक्षात्मक बनेको समयमा आक्रमण थाल्नु उचित भयो कि भएन ? वास्तवमा यो पटक्कै उचित भएन । मेरो

# लुटिएका हतियार र पैसा फिर्ता गर्ने हो भने

# वार्ताका लागि सदैव स्वागत छ

**प्रधानमन्त्री : शेरबहादुर देउवा**

**मूल्याङ्कन :** अहिले जुन संकटकालको घोषणा भएको छ, त्यसले राष्ट्रका सामु विगत १२ वर्षमा पैदा भएका गम्भीर समस्याहरु र आर्थिक-राजनीतिक संकट कसरी हल गर्ला भनेर सोच्नुभएको छ ?

**प्रधानमन्त्री :** संकटकालीन अवस्थाको घोषणा गर्नुको तात्पर्य र प्रयोजन मुलुकलाई आतंकबाट त्राण दिलाउनु हो । आतंकका मुख्य कारकहरू माओवादीहरू हुन् र तिनैका विरूद्ध राज्य संयन्त्रलाई प्रभावकारी रूपमा परिचालित गर्न संकटकालको घोषणा गरिएको हो । नागरिकहरूको सुरक्षा र सर्वोपरि हितका निम्ति संविधानको प्रावधानअनुसार हामी क्रियाशील छौं । जहाँसम्म मुलुकमा विद्यमान सबैखाले समस्याहरू यसबाट समाधान हुन्छन् त, भन्ने तपाईंको जिज्ञासा छ, त्यस जिज्ञासामा म महत्वाकांक्षा देखिरहेको छु तर मैले वर्तमान अवस्थालाई त्यसरी हेरेको छैन । जनताका यावत् समस्या र आर्थिक-सामाजिक अप्ठ्याराहरू विगत १२ वर्षमा उत्पन्न भएका होइनन् । पहिलैदेखि समस्याहरू जो थिए, ती देखिएका हुन् र देखिनु नराम्रो होइन । जनताका समस्याहरू, सामाजिक र आर्थिक विषमताहरू हटाउँदै लानु नै प्रजातन्त्रको ध्येय हो अनि प्रजातन्त्रमा समस्याहरू निश्चय नै देखिन्छन् । समाजमा विद्यमान समस्या समाधान गर्दै लाने कुरा निरन्तरको प्रयास हो, हाम्रो प्रजातान्त्रिक अभ्यासको प्राथमिकता हो । यसर्थ, संकटकालीन अवस्थाकै अवधिमा यावत् समस्या समाधान भइहाल्छन् भन्नु गलत हुन्छ । हालको संकटकालीन अवस्था आतंकका विरूद्ध लक्षित छ । यति कुरा हामीले बुझ्नुपर्छ ।

**◆ सैनिक अपरेशनबाट विश्वको एउटा पनि मुलुकमा सशस्त्र विद्रोहको एउटा पनि समस्या हल भएको इतिहास छैन । अरु त अरु, भारतको त्यत्रो विशाल र शक्तिशाली सैन्य संयन्त्रले त यतिका वर्षमा त्यो समस्या हल गर्न सकेको देखिएन । तपाईंले मात्र सैनिक अपरेशनबाट कसरी विद्रोहको समस्या हल गर्न सक्नुहोला ?**

- हेर्नुहोस्, वास्तवमा कुरा के हो भने विश्वमा कहीं पनि आतङ्ककारीहरू सफल भएका छैनन् । आतङ्ककारीहरूसित राज्य कहिल्यै हारेको छैन र हार्दैन पनि । उनीहरू यही कुरा बुझेर वार्तामा आएका हुन् भन्ने मैले ठानेको थिएँ । तर, उनीहरू आधारभूत रूपमा आतङ्ककारी नै भएकाले वार्ताजस्तो राजनीतिक प्रक्रियाबाट अलग भए । जहाँसम्म तपाईंको भनाइ छ, राज्यले त्यस्ता आतङ्कको सैनिक समाधान प्राप्त गरेको छैन भन्ने, त्यो परिपक्व कथन होइन । सैनिक अपरेशनहरू सफल नभएका होइनन्, भएका छन् । तपाईंले भारतको कुरा गर्नुभयो, पञ्जाब के हो त ? पञ्जाबमा भयो । खालिस्तानीहरू आतङ्कवादी थिए र आतङ्कको उपचार सैन्यदमन नै हो । सम्झनुहोस् नक्सलवादी आतङ्ककारीहरूको पनि दमनद्वारा नै विनाश गरिएको थियो । म मान्छु असन्तोषलाई सहानुभूतिशील भएर हेर्नु, बुझ्नुपर्छ । तपाईंले माओवादीलाई विद्रोही भन्नुभयो । म यसमा सहमत छैन । माओवादीहरू विद्रोहीहरू होइनन्, आतङ्ककारी हुन् । हत्या-हिंसामा संलग्न, हतियारद्वारा रक्तपात गर्नेहरू, नेपाली दिदीबहिनी र दाजुभाइहरूको ज्यान लिने र मुलुकमा अत्याचार गर्नेहरू विद्रोही होइनन् । विद्रोही अथवा क्रान्तिकारीहरू यस्ता अपराधी हुँदैनन् । परस्परको हिंसा र रक्तपात रोकौं भनेर वार्ता शुरू गरियो, उनीहरू एक्कासी वार्ताबाट भागेर फेरि रक्तपाततर्फ लागे । त्यसैले उनीहरू सभ्यतामा विश्वास गर्दैनन् ।



पाशविक तरिकामा विश्वास गर्छन् र पाशविक तरिकामा विश्वास गर्नेहरू विद्रोही होइनन् र हुन पनि सक्दैनन् । त्यस्तालाई नियन्त्रण गर्न बल प्रयोग गर्नैपर्छ ।

**◆ माओवादीहरु किन वार्ताको टेबिल छाडेर पुनः जङ्गल पसे र हिंस्रक युद्ध थाले ? यसबारे यहाँको विश्लेषण के छ ?**

> *आतङ्ककारीहरूबाट नागरिकहरूका अधिकारको रक्षाका निम्ति संकटकाल लागु गरिएको हो । यसर्थ, यसबाट बहुदलीय प्रजातन्त्रमाथि संकट आउँछ भन्ने आशंका नै निराधार छ ।*

- उनीहरू आधारभूत रूपमा आतङ्ककारी हुन् । त्यसो भएकाले विश्वासघाती पनि हुन् । संविधानका विपरीत म जानै सक्दिन । कोही पनि सक्दैन । तैपनि उनीहरूले बोल्ने छूट पाएकै थिए । देशका सामु आफ्ना कुराहरू राख्न पाएकै थिए । तर, साह्रै ठूलो धोखा दिए । उनीहरूले मुलुकलाई झुक्याएका रहेछन् । यो कुरा प्रमाणित भएको छ । विश्लेषण के गर्नु ?

**◆ परन्तु सरकार उनीहरुका प्रमुख राजनीतिक मागमा ज्यादै अलचिलो र दिएका वचनमा अप्रतिबद्ध भएकैले उनीहरु वार्ताबाट ज्यादै निराश भएका हुन् भनिन्छ नि त ?**

तपाईंको यो प्रश्न नै पूर्वाग्रही छ । सरकार लचिलो थिएन भनेर कसले भन्यो ? सबैले सरकार धेरै लचिलो भएको थियो भनेका छन् र व्यक्तिगत रूपमा त्यसका लागि मैले प्रशस्त आलोचना सहेको थिएँ । त्यो सबैलाई थाहा छ । उनीहरूले राखेका अधिकांश शर्तहरू सरकारले मानेको थियो । वार्ताको वातावरण उनीहरूका माथिल्लातहका लगायत धेरै मानिसहरू हामीले छोड्यौं । वातावरणलाई अझ सहज बनाउने प्रयोजनले 'सार्वजनिक सुरक्षा नियमावली खारेज' गर्‍यौं । जे भन्छन्, त्यो मान्दै गयौं । किनभने नेपालीहरू परस्परमा मारामार गर्नुको कुनै औचित्य छैन भन्ने कुरामा हाम्रो प्रगाढ विश्वास थियो र त्यो अझै छ तर माओवादीहरूले ठूलो विश्वासघात गरे । तेस्रो चरणको वार्तापछि हामी चौथो चरणको वार्ताको तयारीमा थियौं । हामी उनीहरूका मागहरू पनि ज्यादै लचिलो भएर सुन्दै थियौं । आफ्ना धारणाहरू पनि राख्दै थियौं । उनीहरूलाई राष्ट्रको मुख्यप्रवाहमा आउन आग्रह गर्दै थियौं । तर, उनीहरूको नियत अर्कै रहेछ । वार्ता भनेर उनीहरूले हामीलाई झुक्याएका रहेछन् । यसर्थ, हामी अब फेरि झुक्किन चाहँदैनौं ।

**◆ संकटकालमा माओवादीका नाममा थुप्रै निर्दोष नागरिकहरु भटाभट मारिइरहेछन् । किन संकटकालको व्यापक दुरूपयोग ? दुरूपयोग कडाइपूर्वक रोक्न र दुरूपयोग गर्नेलाई निरूत्साहित गर्न सरकार के गर्दैछ ?**

- तपाईंले भनेजस्तो त्यस्तो केही भएको छैन । यो सरकार नागरिक सरकार हो, प्रजातान्त्रिक सरकार हो र उत्तरदायी सरकार हो । सैनिक कार्वाहीको प्रयोजन पनि नागरिकहरूलाई आतङ्कबाट बचाउनु हो । दुःख दिनु, मार्नु होइन । सरकार नागरिकहरूको सुरक्षाका प्रति पूरा सजग छ ।

**◆ संकटकालले बहुदलीय प्रजातन्त्रको अस्तित्वमै संकट ल्याउने व्यापक आशंका गरिदैछ । त्यस्तो हुने छैन भनेर आश्वस्त पार्ने आधारहरु यहाँसँग के छन् ?**

- वर्तमान संकटकालीन अवस्थाको घोषणा नेपाल अधिराज्यको संविधानभित्रैबाट भएको हो र हाम्रो संविधान प्रजातान्त्रिक संविधान हो । प्रजातन्त्रले प्रजातन्त्रमाथि संकट ल्याउँदैन । आतङ्ककारीहरूबाट

नागरिकहरूका अधिकारको रक्षाका निम्ति संकटकाल लागु गरिएको हो । यसर्थ, यसबाट बहुदलीय प्रजातन्त्रमाथि संकट आउँछ भन्ने आशंका नै निराधार छ ।

**◆ माओवादीले पुनः युद्धविरामको घोषणा गरेर वार्ताको निम्ति पहल गऱ्यो भने सरकारले एकतर्फी रुपमा युद्ध नै गरिरहन्छ कि वार्ताको ढोका पुनः खोल्छ ?**

- ढोका सरकारले होइन, माओवादीले बन्द गरेको हो । लुटेका हात हतियार र रकम राज्यलाई बुझाएर तथा शान्तिप्रति सम्पूर्ण प्रत्याभूतिका साथ पूरा प्रतिबद्ध भएर वार्तामा आउने हो भने सदैव स्वागत छ ।

**◆ यो गृहयुद्ध र संकटकाल अब कति लम्ब्याउने र कहाँ पुऱ्याएर अन्त्य गर्ने सरकारको सोच छ ?**

- यो गृहयुद्ध होइन र देशमा गृहयुद्धजन्य अवस्था पनि छैन । अवश्य, आतङ्ककारीको दमन गर्ने सरकारको अठोट छ । जहाँसम्म संकटकाल कति लामो रहन्छ भन्ने कुरा छ, यो रहर होइन, बाध्यता हो र बाध्य पार्ने माओवादी हुन् । उनीहरूले मच्चाएको आतंक हो । जब आतंक समाप्त हुन्छ, त्यतिवेला तत्काल संकटकालीन घोषणा फिर्ता लिइने छ ।

**◆ फेरि पनि माओवादी विद्रोहलाई जरैमा समाधान गर्ने उपाय के ? अहिलेको अर्थ-राजनीतिक संकटको निकास के ?**

आतङ्कलाई विद्रोह नभन्नु होस् कृपया । यी रक्तपिपासुहरू विद्रोही कसरी हुन सक्छन् ? वार्ताको अवसर दिएका थियौं हामीले, उनीहरूलाई राजनीतिको मुख्यप्रवाहमा ल्याउने कोशिश गरेका थियौं । तर, उनीहरूले राजनीतिक समाधानको बाटो परित्याग गरेर फेरि आतङ्कको बाटो अख्तियार गरेका छन् र आतङ्कको दमन नै गर्नुपर्छ । जहाँसम्म देशका आर्थिक र राजनीतिक समस्याहरूको समाधानको कुरा छ, तिनमा नीति निरूपण र कार्यान्वयन प्रमुख छन् । जनतालाई, मानिसलाई केन्द्रमा राखेर उनीहरूका समस्याहरूलाई सहानुभूतिशील भएर बुझ्नुपर्छ अनि सम्बोधन गर्नुपर्छ । वर्तमान सरकार त्यही गरिरहेको छ । शासन जनताको हो र यसको स्वामित्व जनतामै छ । यसर्थ, प्रजातन्त्रमा हरेक कुराको निकास जनतालाई सर्वोपरि मानेर काम गर्दा क्रमिक रूपमा हुँदैजान्छ । कुरा कति हो भने त्यसका लागि देशमा शान्ति हुनुपर्छ । उद्यमका निम्ति वातावरण र जनतामा अन्तर्निहित ऊर्जाको प्रयोगका निम्ति परिवेश बन्नुपर्छ । निर्भय, स्वतन्त्र र प्रगतिशील समाजको निर्माण नै अर्थ-राजनीतिक समस्याको निकास हो । ❑


ठम्याइमा यो माओवादी नेतृत्वको कार्यनीतिक महाभूल हो ।

महाभूल यस अर्थमा कि गत माघमा सम्पन्न दोस्रो राष्ट्रिय सम्मेलनयता माओवादीको सार्वजनिक छविमा काफी सुधार भइरहेको थियो । पार्टीमा पहिले देखिने जडसूत्रवादी चिन्तन र उग्रवामपन्थी राजनीतिमा कमी आइरहेको थियो । पार्टीको दिनानुदिनको राजनीति पहिलेभन्दा ज्यादा वस्तुवादी र गतिशील भइरहेको थियो । ५ वर्षसम्म खालि सैनिक एजेण्डामा मात्र केन्द्रित पार्टी अब राजनीति र सामाजिक एजेण्डामा समेत ओर्लन थालेपछि, छापामार युद्ध र ग्रामीण संघर्षमा मात्र सीमित पार्टी अब शहरिया जनसंघर्षमा पनि महत्व दिएर ओर्लन थालेपछि पार्टीको जनाधार र लोकप्रियतामा पार्टी स्वयंले कल्पना नगरेको मात्रामा विस्तार भइरहेको थियो । यो विस्तारले प्रतिक्रियावादी खेमामा गम्भीर संकट पैदा गरेको थियो । यसले वाम खेमाको सबैभन्दा ठूलो पार्टी एमालेसामु समेत ठूलो चुनौती खडा गरेको थियो । अझ युद्धविराम घोषणा गरेर काफी लचकताका साथ वार्ताको टेबुलमा समेत आएपछि र त्यस दौरानमा वैकल्पिक राज्य-व्यवस्थाका लागि अन्तरिम सरकार, नयाँ संविधान र व्यापक आर्थिक-सामाजिक परिवर्तनका माग अधिसारेपछि नेपाली राजनीति लगभग माओवादीको आवाज वरिपरि फन्को मारिरहेको थियो । परन्तु मंसिरको दोस्रो सातासाको अन्धतापूर्ण फौजी कार्वाहीले माओवादीले हासिल गरेका यसबीचका धेरै उपलब्धिहरूलाई एकै झम्टामा खरानी बनाएको छ । माओवादीको जनाधार र जनसमर्थनमा यसले काफी ह्रास ल्याउँदैछ । यसले माओवादीको लडाकू शक्तिमा ठूलो क्षय गरेको छ । अर्को मुख्य कुरा, यसले माओवादीलाई यत्रतत्रबाट एक्ल्याएको छ ।

माओवादीको महाभूल केमा पनि रहेको छ भने यो कार्वाहीबाट सरकारलाई माओवादीमाथि सैनिक अपरेशन थाल्ने, संकटकाल लागु गर्ने, जनताका मौलिक हकहरू हनन गर्ने र यी सबका नाममा आफ्ना विपक्षीहरूलाई समेत दुःख दिने सजिलो बहाना प्राप्त भएको छ ।

## महाभूलका कारणहरू र परिवेशहरू

गएको श्रावण महिनाको दोस्रो हप्तामा प्रधानमन्त्री शेरबहादुर देउवाको एउटा अपीलमा युद्धविरामको तत्काल वक्तव्य दिएर वार्ता थाल्न ढोकाको ताला खोल्ने नेतृत्व पनि माओवादी नेतृत्व नै हो । त्यसको चारै महिनापछि मंसिरको दोस्रो सातामा 'युद्धविरामको औचित्य समाप्त भएको' वक्तव्य दिएर त्यसको तीनचार दिन नबित्दै हठात् वार्ता भंग गर्ने र भीषण युद्ध फेरि प्रारम्भ गर्ने नेतृत्व पनि यही हो ।



आखिर के कारणहरू र परिवेशहरू छन् त, जसले उही नेतृत्वलाई चारै महिनामा यति भिन्न र विपरीत निष्कर्षतिर डोऱ्यायो ? के ठोस कारणहरू छन्, जसले वार्ताको टेबिलप्रति उनीहरूमा यति चर्को निराशा पैदा गऱ्यो ?

माओवादी पार्टीपंक्तिमा सैन्यवादी चिन्तन शुरूदेखि नै विद्यमान थियो । राम्रो संख्यामा सैनिक बल, हातहतियार र नयाँ नयाँ गुरिल्ला युद्ध प्रविधि नै निर्णायक कुरा हो,' त्यति आफूसित भएपछि जुनसुकै बेला जहाँ पनि जे पनि गर्न सकिन्छ, जनमत, जनसमर्थनको स्थिति र राष्ट्रिय अन्तर्राष्ट्रिय वस्तुगत परिस्थिति आफ्नो पक्षमा भए नभएको हेरिराख्नु जरूरत नै हुँदैन । व्यापक जनसमुदायलाई आफ्नो पक्षमा तान्ने झंझट गरिराख्नु जरूरत नै हुँदैन । जनमत र जनता गौण, सेना प्रधान मान्ने यस्तो अन्धचिन्तनको नाम नै सैन्यवाद हो । माओवादीमा यस्तो सैन्यवादी चिन्तन लगातार रहिआएको छ, कहिले पबल रूपमा, कहिले कमजोर रूपमा ।

गएको माघमा सम्पन्न दोस्रो राष्ट्रिय सम्मेलनमा आइपुग्दा जडसूत्रवादी, उग्रवामपन्थी र सैन्यवादी चिन्तन केही कमजोरमात्र बन्न पुगेको थियो, त्यो नामेट भएको थिएन । ५/६ वर्षको गुरिल्ला युद्ध, आधारइलाकाको अभ्यास र जीवन-मरणको लडाइँले उनीहरूलाई पहिलेभन्दा वस्तुवादी र गतिशील हुन सिकाएको पनि थियो । त्यही हुनाले उनीहरू ग्रामीण वर्गसंघर्षलाई शहरिया जनसंघर्षसित संयोजन गर्ने, शहरिया संघर्षलाई पनि अब उप्रान्त प्राथमिकता दिने, सैनिक एजेण्डामा मात्र ध्यान नदिएर विद्यार्थी आन्दोलन, महिला आन्दोलन, मजदूर आन्दोलनजस्ता राजनीतिक-सामाजिक एजेण्डामा पनि ध्यान दिने, अब छापामार युद्धमात्र नलडेर वार्ता, जनपरिचालन, अन्तरिम सरकार र नयाँ संविधान निर्माणको एजेण्डासम्म उठाउने टुंगोमा पुगेका थिए ।

उनीहरूको यो नयाँ राजनीतिले र जनपरिचालनको नीतिले गएको भाद्रको शुरूसम्म देशव्यापी रूपमा व्यापक जनलहर पैदागऱ्यो । त्यहाँसम्म कुरा ठीकै थियो । परन्तु त्यही व्यापक जनलहरले व्यापक संगठन विस्तारका साथसाथै नेता-कार्यकर्ताहरूमा ठूलो अहंकार र यथार्थभन्दा ज्यादा आत्मविश्वास पनि पैदागऱ्यो । र, अर्को यसले सूक्ष्म छनौट र राम्रो प्रशिक्षण भएर पटक्कै नगुज्रेका चैते कार्यकर्ताको ठूलो भीड पार्टीभित्र हुल्यो । तेस्रो, यही जनलहरका दौरानमा माओवादीले जथाभाबी ढंगले बेठीक

# माओवादी फेरि वार्तामा आउने !

## वार्ताबारे माओवादी शीर्षस्थ नेताहरूको ताजा भनाइ

**"…. वर्तमान नेपाली राजनीतिमा सामन्ती सैनिक शक्तिहरूको प्रभुत्व रहेको मुईं यथार्थ भएको हुनाले हामीले सबैभन्दा जिम्मेवारीपूर्वक र लचिलो ढंगबाट हालको लागि आफ्नो नयाँ जनवाद वा जनताको जनवादको निर्दिष्ट लक्ष्यको लागि जोड गरेनौं, परन्तु गणतन्त्रलाई संस्थागत गरेर र संविधानसभामार्फत् नयाँ संविधानको मस्यौदा गरेर पुरानै जनवादलाई उपयोग गर्न खोज्यौं । हामी यो प्रस्तावप्रति अझै पनि खुला छौं र अर्को पक्षले अनुकूल संकेत देखायो भने सम्पूर्ण सशस्त्र गतिविधिहरू निलम्बित गर्न र टुटेको वार्ता फेरि प्रारम्भ गर्न तयार छौं ।"**

बाबुराम भट्टराई
संयोजक
संयुक्त क्रान्तिकारी जनपरिषद्, नेपाल

प्रचण्ड
अध्यक्ष
नेकपा (माओवादी)

*डिसेम्बर ३, २००१ (मंसिर १८, २०५८)*

***(माओवादी नेतृत्वले संयुक्त राष्ट्रसंघका महासचिव, भारतका प्रधानमन्त्री, चीनका राष्ट्रपति, अमेरिकाका राष्ट्रपति र यूरोपेली संघका अध्यक्षलाई पठाएको ज्ञापनपत्रबाट साभार)***

केवल हातमा बन्दूक थमाइएको छ र लडभीड गर्न मात्र सिकाइएको छ । विश्व र नेपालको राजनीतिक घटनाक्रम र वस्तुगत परिस्थितिमा आएको हेरफेरबारे सही र सूक्ष्म समझदारी नभएका अपरिपक्व कार्यकर्ताको भीडले जनपरिचालनको कार्यक्रम पनि नभेटेपछि र जनलहर पनि सेलाएपछि स्वभावतः खोज्ने भनेको लडभीड नै हो । संभव छ, यही कारणले माओवादी पार्टीमा असोज महिनायता वार्ताविरोधी र युद्धपक्षधर स्वर निक्कै मुखर हुन थालेको हो । पार्टीमा सैन्यवादी प्रवृत्ति पुनः छाउन थालेको हो र नेतृत्वले क्षमायाचना गर्दागर्दै वार्तकै क्रममा नेतृत्वको नियन्त्रणभन्दा बाहिर जथाभावी आक्रमण, कार्वाही र अपहरण यही कारणले यत्रतत्र बढ्न थालेको हो ।

माओवादी पार्टीको नेतृत्वले जनसंघर्षको उभार ल्याउनका लागि र वार्तालाई सकेसम्म उपलब्धिमूलक बनाउनका लागि भनेर बृहत् वामएकताका लागि पटक पटक प्रयत्न नगरेको होइन । सिलीगुडी वार्तादेखि बालाजु र थानकोट वार्तासम्म यही उद्देश्यले गरिएका वार्ताहरू थिए । सबै वामलाई एकगठ बनाएर आमूल परिवर्तनका निम्ति बृहत् वामएकता निर्माण गर्ने, व्यापक जन-परिचालन गर्ने, जनसंघर्षको उभार ल्याउने र त्यही तागतको भरमा संविधानसभाको निर्वाचन गर्ने अनि नयाँ संविधान निर्माण गर्ने भन्ने उसको राजनीतिक सोच र कार्यनीति थियो । यदि उसको यो प्रयत्न सफल भएको भए उसको नजरमा वार्ता ज्यादै उपलब्धिमूलक हुने थियो । त्यस स्थितिमा माओवादीमा वार्ताप्रति यति चर्को निराशा छाउने थिएन र यो प्रयत्नबाट नेपालको राजनीतिको नापनक्सा नै बदलिनु संभव थियो ।

तर मुख्य रूपमा निर्णायक शक्तिमा रहेको एमालेको यथास्थितिवादी अडानका कारणले यो प्रयत्न बिफल भयो । एमाले माओवादीसहितको बृहत् वामएकताका लागि तैयार नै भएन, न त ऊ आमूल परिवर्तन र संविधानसभाको चुनावको निम्ति तैयार भयो । संविधान संशोधनभन्दा माथि ऊ उक्लन नै सहमत भएन । ने.क.पा. (मसाल), ने.म.कि.पा. र ने.क.पा. (माले)को पनि लगभग यही अडान रह्यो । अर्कोतिर, मित्रशक्ति सबैलाई यतिबेलै प्रहार गर्ने, उनीहरूको सांगठनिक जग नै भत्काई दिने वा भत्काउन धम्की दिने माओवादी पक्षको व्यवहारले पनि बृहत् वामएकता कायम गर्ने सवालमा ठूलो समस्या खडा गर्‍यो ।

**बाँकी ४४ पेजमा**

मान्छेसमेत राखेर यत्रतत्र जिल्ला र गाउँ जनसरकार गठन गर्ने त्रुटिपूर्ण प्रक्रिया पनि चलायो । कोही शत्रुलाई बदला लिने स्वार्थले, कोही बैंक वा साहूको ऋण दमपच पार्ने स्वार्थले, कोही माओवादीबाट आफूमाथि हुन संभव कार्वाहीबाट बच्ने स्वार्थले, कैयन् युवाहरू रोजगारीको स्वार्थले र क्रान्तिकारी रोमान्सले समेत माओवादीमा पसे ।

परन्तु असोज ५ गते काठमाण्डौमा देशभरिबाट ५ लाख मान्छे ल्याएर अहिलेसम्म नभएको साइजको आमसभा गर्ने घोषणापछि पार्टीका सैन्यवादी प्रवृत्ति हावी भएका नेता-कार्यकर्ताहरू र स्वार्थवश पार्टीमा आएका चैते माओवादीहरूले ठूलो बबण्डर सृजना गरे । उनीहरूले आमजनताविरूद्ध नै चन्दा र सहयोगका नाममा जथाभावी सैन्यबल प्रयोग गरेर आमजनतालाई ज्यादै छिटो ज्यादै धेरै चिढ्याए । उनीहरूले आफ्नो पार्टी केन्द्रले बृहत् वामएकताका लागि एकतावद्ध पार्न लागेका वामपन्थी पार्टीहरूलाई पनि ठाउँ-ठाउँमा शत्रुवत् आक्रमण गरेर चिढ्याए । जथाभावी भर्ती गरिएका जनसरकार प्रमुख र सदस्यहरूले ठाउँ ठाउँमा बदनाम आचरण देखाएर पनि जनतालाई यतिबेलै बिच्काए । माथि केन्द्रले आत्मालोचनाको वक्तव्य त दिने, तर तल त्यसको पालना नहुने स्थिति बन्यो । जब नेपालव्यापी रूपमा आमजनता र मित्रशक्तिविरूद्ध सैन्यप्रवृत्ति प्रदर्शित भयो, माओवादीको पक्षमा आएको जनलहर निक्कै चाँडो स्वाट्टै सेलायो । हिजोको अपार आकर्षण विकर्षणमा परिणत भयो ।

व्यापक जनलहर पैदा हुन्जेल त कुरो ठीकै थियो, पार्टीमा वार्ताको विरूद्धमा शहरिया जनसंघर्ष र जनपरिचालनको विरूद्धमा आवाज तेज हुनसक्ने कुरै भएन । जनलहरले सबैमा बिजयको उन्माद व्याप्त गराइरहेको थियो । तर जब जनलहर गएको असोजमा आएर ज्यादै शिथिल

**जब जनलहर ज्यादै शिथिल बन्यो, संभवतः पार्टीमा शहरिया संघर्ष र वार्ताविरोधी आवाज पनि तेज हुन थाल्यो**

बन्यो, संभवतः पार्टीमा शहरिया संघर्ष र वार्ताविरोधी आवाज पनि तेज हुन थाल्यो । माओवादी पार्टीमा उग्रवामपन्थी र सैन्यवादी चिन्तन त्यहींबाट फेरि हावी हुन थाल्यो ।

नेतृत्वले वार्ताको समयमा शान्तिको घडीलाई उपयोग गरेर वैचारिक-सांस्कृतिक एजेण्डामा ज्यादा जोड दिएर पार्टीमा व्याप्त सैन्यवादलाई न्यून गर्न सक्थ्यो नै । तर आवश्यक मात्रामा उसले त्यस्तो एजेण्डामा जोड दिएको देखिएन । फलस्वरूप माओवादी पार्टीभित्र नेतृत्व र आमकार्यकर्ताबीच ज्यादै ठूलो र गहिरो खाडल सृजना भयो । तरह-तरहका स्वार्थले पार्टीभित्र प्रवेश गरेको छ, कडी-कडाउ जाँच-परख पनि छैन, प्रभावकारी वैचारिक-सांस्कृतिक रूपान्तरणको कार्यक्रम पनि छैन,

## संकटकालको सैद्धान्तिक र व्यवहारिक पक्ष

अचेल संकटकालका बारेमा प्रश्नहरू उठिरहेका छन् । जस्तो कि, संकटकालका नाउँमा बेठीक काम त भइरहेका छैनन् ? र, छन् भने तिनलाई रोक्ने कसरी ? संकटकालका सम्बन्धमा अक्सर लाग्ने कुरा र गरिने प्रश्न यस्तै हुन् ।

यी प्रश्नहरूलाई दुई कोणबाट हेरिनु जरूरी हुन्छ, एउटा सैद्धान्तिक कोणबाट अर्थात् 'संकटकाल' भनेको के हो र यसमा साधारणतः कसले के गर्न पाउँछ र के गर्न पाउँदैन । दोस्रो, व्यवहारिक कोणबाट अर्थात् संकटकालका पनि आफ्नै मर्यादा हुन्छन् । ती मर्यादाहरूको पालना कुन कुन कुरामा कतिसम्म भए र कतिसम्म भएनन् अनि मर्यादापूर्ण पालना नहुँदा पालना गर्ने गराउने कसरी ?

संकटकालसम्बन्धी सैद्धान्तिक पक्षबारे संक्षेपमा भन्नुपर्दा प्रथमतः यसैबाट शुरू गर्नु र यसैमा जोड दिनु उपयुक्त होला । त्यो के भने, संकटकाल संविधान समाप्ति काल होइन । यस अर्थमा संकटकालमा पनि राज्यले नागरिकप्रति संविधानसम्मत व्यवहार नै गर्नुपर्दछ । प्रजातन्त्रसम्मत व्यवहार नै गर्नुपर्दछ, मानव अधिकारसम्मत व्यवहार नै गर्नुपर्दछ ।

संकटकालमा नागरिकका कतिपय मौलिक हक निलम्बन भएता पनि एवं राज्यले कतिपय कुरामा असाधारण अधिकार प्रयोग गर्न पाउने भएता पनि ती सबै सीमित तात्पर्यका लागि हुन् । ती संकट निवारण गर्ने तात्पर्यका लागि मात्र प्रयोग गर्न पाउने अधिकार हुन् । ती संकटकाल निम्त्याउने कारकतत्वका विरूद्ध प्रयोग गर्दा पनि अन्तर्राष्ट्रिय मानवतावादी कानूनका मान्यताहरूको अधिकतम मर्यादा गर्दै अझ बढी जिम्मेवारीको भावनाकासाथ प्रयोग गर्नुपर्ने अधिकार हुन् । संकटकालका

***संकटकाल मनपरी गर्ने, निरंकुश हुने र बर्बरता बढाउन पाउने गरी राज्यले पाएको लाइसेन्स होइन ।***

# संकटकाल प्रजातन्त्र खाने काल नहोस्

- दमननाथ ढुंगाना -



नाउँमा राज्यले ग्रहण गरेका अधिक अधिकार शान्तिकामी तथा कानून मान्ने जनताविरूद्ध आतङ्कका लागि सुम्पिएका अधिकार होइनन् ।

संकटकाल स्वदेशी बन्धुजन विद्रोही वा आतंककारी समूह नै घोषित भएपनि तिनलाई अन्धाधुन्ध मार्न र अमानवीय व्यवहार गर्नका लागि होइन । संकटकाल आतंक र संकट बढाउनका लागि हैन, संकटकाल आतंक र संकट घटाउनका लागि हो । संकटकाल अझ जिम्मेवार काल हो । संकटकाल मनपरी गर्ने, निरंकुश हुने र बर्बरता बढाउन पाउने गरी राज्यले पाएको लाइसेन्स वा अवसर होइन ।

जानेमा संकटकाल संविधानको शक्ति सदुपयोग गर्ने एवं थप सिर्जनशील विकासको अवसर हो । नजानेमा संकटकाल संविधान समाप्तितिरको खतरनाक मोड हो । अहिले अन्दाज गर्न सक्दछौं, यकिन गर्न सक्दैनौं, भर्खर जारी गरिएको संकटकालीन समग्र काम कारवाहीले हामीलाई कहाँ लग्दैछन् । मानिस नमारिउन्, अझ निर्दोषले त मर्नै नपरोस्, यस्तो सतर्कताले मात्र परिस्थिति सुधार्न र गृहयुद्धको संभावना रोक्न सकिनेछ ।

## समस्याको निकास : वार्ता कि बन्दूक ?

देश र जनताका समस्याहरूको निकास वार्ता नै हो, बन्दूक होइन । आखिर घुमिफिरी यही वास्तविकतामा फर्कनै पर्ने भए पनि, यसबीच जो जति शक्तिशाली सिद्ध भएपनि, मार्ने मर्ने नेपाली नै हुन्, क्षति नोक्सानी नेपालकै हो, यस्तो ज्ञान सम्बन्धित पक्षलाई हुँदाहुँदै पनि, दुःखको कुरा यही हो, किन मनस्थिति र परिस्थिति लडभीड, शक्ति आजमाइस तथा सैनिक कार्वाहीतर्फ नै मोडियो ?

वार्ता-टेबुलमा आइसकेको पक्ष, वार्ताबाट शान्तिपूर्ण तथा संवैधानिक सहमतिमा पुग्ने प्रचूर संभावनाहरूको पूर्ण परीक्षण नगरिकनै, साधारण समझले बुझ्नै नसक्ने गरी, वार्ता भंग भएको र फौजी कारवाही पुनः प्रारम्भ भएको खुलस्त घोषणा पनि नगरिकनै, हठात् किन एक-अर्कामाथि आक्रमण प्रत्याक्रमण गर्न कस्सिए ?

यस परिप्रेक्ष्यले अझ पुष्टि गरेको छ, मानवीय तथा मर्यादित निकास वार्ता नै हो, बन्दूक होइन । बन्दूक निकास भएमा र बन्दूकले निर्णय गरिसकेको अवस्थामा वार्ता भए नै भने पनि त्यो विजित र पराजितबीचको मामला हुनेछ, वार्ता हुने छैन । वार्ता भनेको बन्दूकले निर्णय नगरिसकेको अवस्थाको, जनधनको नोक्सानी धेरै नभइसकेको अवस्थाको वार्ता हो । हारजित नहुँदै तथा मान्छे अन्धाधुन्ध मर्ने क्रम अघि नबढ्दै हुनुपर्ने भनेको वार्ता हो ।

## यो कस्तो बुद्धिमानी र देशभक्ति ?

हाम्रो देश प्रकृति र कला-संस्कृतिले धनी देश हो । तर यो राज्यले संचालनको दरिद्रता, संकीर्णता तथा बेइमानीले हदैसम्म गरीव हुन परेको देश पनि हो । यस वास्तविकताउपर विचार गर्दा हामी नेपालीको एउटै प्राथमिक तथा जरूरी कर्तव्य देखा पर्दछ । राजनैतिक वा कुनै पनि किसिमका मत-मतान्तरलाई अलि दिनका लागि थाँती राखेर, परस्पर मिलेर र जुटेर युद्धस्तरमा राष्ट्र निर्माण गर्न अर्थात् आर्थिक तवरले राष्ट्रलाई हलक्क उठाउनपट्टि लाग्ने । गर्नुपर्ने यही हो । तर भइरहेछ के ?

संसारको सबभन्दा गरीव मुलुक भइसकेका हामी, बाहिर विश्वका लागिमात्र रणकौशल नभएर, अब त घरभित्रै पनि पहिलो कोटीको रणप्रेमी हुन थालेका छौं । यो पनि कुनै बुद्धिमानी र देशभक्ति हो ? गरीवी निवारणमा लगाउनु पर्ने हाम्रो सीमित पूँजी अब त झन् हामी रक्षा खर्चमा लगाउँदैछौं । यस्तो मूर्खता र आत्मदाहबाट बचेर र सबै जुटेर गरीबी निवारणप्रति इमान्दार हुने प्रजातन्त्र चाहिएको छ ।

## गृहयुद्धलाई रोक्ने हो भने...

अहिले देश वार्ता छाडेर बन्दूक, बहादुरी र बल परीक्षणमा लागेको छ । यस्तो भएतापनि यसलाई ठूलो हदसम्मको नोक्सानीको विषय नबनाउन र वार्तालाई पुनः लिकमा फर्काउन सकिन्छ । मुलुकलाई साँच्चै गृहयुद्धतर्फ होम्मिन नपर्ने गर्न सकिन्छ । संकटकाल प्रजातन्त्र संकटमा पार्नका लागि होइन भन्ने पक्का गर्न सकिन्छ । सैनिक शासनकाल शुरू भएको हैन भन्ने सिद्ध गर्न सकिन्छ । तर गर्नु पर्‍यो के भने प्रथमतः "हाम्रो नेपाल र हामी नेपाली हौं" भन्ने भावना हाम्राबीचमा फरक नपर्नेगरी जागृत गर्न सक्नुपर्‍यो । अहिलेको वार्ता भंगको स्थिति, बन्दूक आजमाइस र संकटकाललाई तुरून्तातुरून्त अन्त्य गर्नपट्टि लाग्नुपर्‍यो । किन लाग्न सक्दैनौ ? त्यो बुझ्नुपर्‍यो ।

यो गर्ने प्रथम जिम्मेवारी संसदमा रहेका हाम्रा राजनैतिक दलहरूको र सरकारको हो । यिनीहरू शान्ति र संकटकाल समाप्तिका लागि युद्धस्तरमा इमान्दार हुनुपर्‍यो । र अहिलेको यो नेपाली मर्ने र मार्ने दुःखद् स्थितिलाई एकछिन पनि लम्बिन दिनु भएन । तर प्रजातन्त्र र राष्ट्रको जीवन-मरणको घडीमा पनि हाम्रा राजनैतिक दलहरू आ-आफ्नो लाभ-हानिको संकीर्ण राजनीतिमा लीन भए । चरम चुनौतीको घडीमा पनि हाम्रा दलहरू दलीय संकीर्णताबाट उठ्न सकेनन् । अब उठ्नु पर्‍यो र अहिलेको संकटकाल प्रजातन्त्र खाने काल नहोस् भन्नेतर्फ चनाखो र सक्रिय हुन सक्नुपर्‍यो । संकटकाल र अध्यादेश रहेसम्म युद्धकाल सम्झेर जेनेभा सन्धिको धारा- ३ र मानवीय अन्तराष्ट्रिय आयोग गठनमा लाग्नुपर्‍यो । ☐

## युद्धबारे जेनेभा सन्धि के भन्छ ?

जेनेभा कनभेन्सनको चारवटै कनभेन्सन एवं अतिरिक्त प्रोटोकल- २ मा परेका कुरासमेत पर्नेगरी घोषित एवं पक्ष रहेका सबैको सर्वाधिक ध्यानाकर्षित गर्ने धारा- ३ अन्तर्गत पालना गर्नुपर्ने मुख्य दायित्व यिनै हुन् :

लडभिड कार्यमा असंलग्न व्यक्ति एवं हतियार सुम्पेका सशस्त्र समूहका सदस्य रहेका व्यक्तिहरू समेतलाई हरअवस्थामा विनाभेदभाव मानवीय व्यवहार गरिनेछ । उपरोक्त किसिममा पर्ने व्यक्तिका विरूद्ध कुनै पनि बेला एवं कुनै पनि ठाउँमा निम्न कार्य गरिने छैन :

क) खासगरी सबै किसिमका हत्या, अंग छिन्नभिन्न गर्ने काम, क्रूर व्यवहार तथा यातनालगायत जीवन तथा शरीरमाथि गरिने हिंसा ।

ख) मनुष्यलाई बन्धकका रूपमा बन्दी बनाएर राख्ने काम ।

ग) खासगरी अपमानजनक तथा होच्याउने व्यवहारलगायत व्यक्तिको मर्यादामाथि चोट र धक्का पर्ने, पार्ने काम ।

घ) सभ्य मानिसहरूका बीचको व्यवहारमा अविभाज्य मानिआएको सबै किसिमका न्यायिक प्रत्याभूतिसहित नियमित तवरले गठित अदालतद्वारा पूर्वघोषित रूपमा दिइएको सजायँ एवं मृत्युदण्डबाहेक अरू दण्ड-सजायँ दिने कार्य ।

# संकटकालको घोषणा आवश्यक नै थिएन

*- माधवकुमार नेपाल, प्रमुख प्रतिपक्षी दलका नेता तथा ने.क.पा. एमाले महासचिव*

❑ **के तत्कालीन नेपालको परिस्थितिमा संकटकालको घोषणा गर्नु आवश्यक थियो ?**

- वास्तवमा अहिले नेपालमा संकटकालको घोषणा गर्नु आवश्यक नै थिएन । माओवादीलाई नियन्त्रण गर्न सेना परिचालनका लागि संकटकालको घोषणा गरिएको हो कि कांग्रेसका सबै विपक्षहरूलाई दुःख दिन, तह लगाउन र सताउनको लागि यो संकटकालको घोषणा गरिएको हो ? यो प्रश्न यतिबेला सरकारसँग गर्नु आवश्यक भएको छ ।

यदि सेना परिचालन गर्नको लागि संकटकालको घोषणा गरेको हो भने संकटकालको घोषणा नगरिकन सेना परिचालन गर्न पाइँदैन भनेर हाम्रो संविधानमा उल्लेख भएको छैन । माओवादीलाई प्रतिबन्धित गरेर उसलाई प्रहार गर्न संकटकालको घोषणा भएको हो भने संकटकालको घोषणा हुनेबित्तिकै कुनैपनि पार्टी प्रतिबन्धित हुन्छ भन्ने कुरा पनि संविधानमा उल्लेख छैन । सरकारले जारी गरेको अध्यादेशमा नै सबै कुरा उल्लेख भएको छ ।

वार्ता भंग गरेर माओवादीले सैनिक ब्यारेकमाथि आक्रमण गरेकोले संकटकाल लागू गर्नुपरेको हो भनेर सरकार भनिरहेको छ । यदि त्यसो हो भने अरू नागरिकहरूको अधिकार किन खोस्नु पर्‍यो ? ठीक छ, आतंककारी क्रियाकलापले प्रोत्साहन र स्थान पाउने कामहरूलाई सरकारले नियन्त्रण गर्न सक्ला । तर शान्तिको पक्षमा रहेका जनता र संवैधानिक प्रक्रियाभित्र रहेका पार्टीहरूको धारणा तथा प्रजातान्त्रिक विधिमाथि विश्वास गर्ने जनताको भावनालाई व्यक्त गर्न पाउने स्वतन्त्रतालाई रोक्न किन आवश्यक पर्‍यो ? आतंकवादको नियन्त्रण गर्न नै संकटकालको घोषणा गरेको हो भने त्यो उद्देश्यको लागि संकटकालको घोषणा मात्र गरे पुगिहाल्थ्यो । संविधानका मौलिक हकसम्बन्धी धारा र उपधाराहरू किन निलम्बित गर्नुपर्‍यो ?

आतंककारीहरूलाई नियन्त्रण गर्नका लागि नै संकटकालको घोषणा भएको हो भने हिजो दर्जनौंका दर्जनौं प्रहरीहरू मारिंदा, जिल्लाको सदरमुकाममा आक्रमण हुंदा र गाउँ-गाउँमा सरकारको नियन्त्रण नहुंदा किन संकटकालको घोषणा गरिएन ? यो संकटकालको घोषणा गर्नुपछाडि कुनै तर्कसंगत कारण देखिंदैन । त्यसैले हामीमा संकटकालको घोषणा गर्नुमा कतै सरकारको नियत नै ठीक छैन कि भन्ने प्रश्न उठेको छ ।


❑ **संकटकालको घोषणा भएको करीब २ हप्ता पनि बितिसकेको छ । यसबीचमा तपाईंले देशमा संकटकालको अभ्यासबारे कस्तो मूल्यांकन गर्नुभएको छ ?**

- संकटकालको घोषणापछि सरकारले प्रेस स्वतन्त्रता हनन गरेको छ, सरकारी काम-कार्वाहीमा पारदर्शिता ठ्याप्पै बन्द गरेको छ । सूचनाहरू नियन्त्रण गरेको छ । संकटकालले सरकारलाई निरंकुश, क्रूर र दमनकारी बन्न र आफ्नो अयोग्यता ढाक्न टेवा पुर्‍याएको छ । यो दुई हप्ताभित्र सरकारकै सूचनालाई आधार मान्ने हो भने पनि माओवादीले आक्रमण गर्‍यो, सेनाले जवाफी हमला गर्‍यो भन्ने छ । आक्रमण गर्दा प्रत्याक्रमण गर्न संकटकालको घोषणा आवश्यक पर्छ र ? आक्रमण गर्नेलाई प्रत्याक्रमण गर्नु त जहिले पनि स्वभाविक कुरा हो नि !

अर्को कुरा, यसबीच सरकारले कांग्रेस कार्यकर्ताले भोस पोल गरेको भरमा माओवादीलाई भात ख्वाएको भन्ने जस्तो आरोपका भरमा बिना आधिकारिक सूचना र अन्धाधुन्ध तरिकाले मानिसहरूलाई समातेको छ, मारेको छ । ठीक छ, सरकारको माओवादीसँग लडाइँ छ होला, परन्तु, त्यसको लागि पनि त सरकारले निश्चित नियम पालना गर्नुपर्छ नि ! हतियारबन्द जत्था लड्न, युद्ध गर्न आउँछ भने त्योसँग अवश्य युद्ध गर्नुपर्छ । र, युद्धमा जोकोही पनि मर्नसक्छ । तर हतियारबन्द जत्था पनि आत्मसमर्पण गर्छ वा पक्राउमा पर्छ भने जत्थाका मानिसहरू त मारिनु हुंदैन नि ! त्यसमाथि निहत्था मान्छेहरूलाई त माओवादी समर्थक भएपनि मार्न पाइँदै पाइँदैन । उनीहरूलाई गिरफ्तार गर्न सकिन्छ । आरोप लागेको छ र शंका लागेको छ । उनीहरूमाथि छानविन गर्न सकिन्छ । तर अनाहकमा उनीहरूको ज्यान लिन पाइँदैन ।

अहिले नेपाली कांग्रेसको सरकारले गाउँ गाउँमा बिनासूचना छापा मारिरहेको छ । एउटा व्यक्तिलाई पक्रन सिंगै गाउँमा छापा मारेर सबै जनतालाई दुःख दिने हो ?

नागरिक हत्याको सही सूचना नै यतिबेला बाहिर आइरहेको छैन । जस्तो स्याङ्जामा फलफूल बेचेर फर्किरहेको एउटा भरियालाई मारियो, काभ्रेमा एकजना कर्मचारीलाई मारियो, माओवादी नहुँदा नहुँदै पनि दाङमा खेतमा काम गरिरहका ११ जना निर्दोष किसानहरू मारिए । सल्यानमा चाडपर्वको मेलामा आइरहेका मानिसहरूमाथि गोली चलाइयो, बुटवलमा एमाले समर्थक पत्रकारलाई समातियो, ललितपुरमा मजदूरलाई घरबाटै समातेर लगियो । रूपन्देही, नवलपरासीमा नेपाली कांग्रेसका मानिसहरू र मन्त्री स्वयं लागेर बामपन्थी पक्षधरका गाउँ गाउँमा आतंक मच्चाइयो । त्यस्तै गरी वैधानिक मार्क्सवादी पुस्तकहरू र अरू पार्टीहरूका दस्तावेजहरू जफत गरिएको छ । राष्ट्रिय जनमोर्चाको धनकुटाको कार्यालयमा छापा मारेर त्यहाँका कार्यकर्ताहरू समातिएका छन् । नेकपा एमालेका कार्यकर्ताहरू पनि धेरै ठाउँमा समातिएका छन् । त्यस्तै गरेर सल्यानमा स्वास्थ्य चौकीको लागि पोषणको सामग्री बोकेर गइरहेको ट्रकमा दुईजना



माओवादी चढेको आधारमा त्यसमा भएका अन्य ११ जना स्वास्थ्यकर्मीहरू र सर्वसाधारण नागरिकहरू मारिएको खबर आइरहेको छ ।

यसरी यो पन्ध्र दिनमा सरकारले संकटकालको व्यापक दुरूपयोग गरिरहेको छ । योग्य र कुशल सरकारले आफ्नो राज्य संयन्त्रबाट निर्दोष कोही नमरून्, नपरून्, दोषी कोही नउम्किउन् भन्ने आधारमा काम गर्छ । तर अहिले सरकारले गरिरहेको कामबाट सरकारको अकुशलता र अयोग्यताको प्रदर्शन भइरहेको छ ।

❑ **अहिलेको यो संकटकालको घोषणा र सेना परिचालनबाट माओवादी विद्रोह र देशको समस्या समाधान हुन सक्छ त ?**

- माओवादी समस्या माओवादीको उग्र वामपन्थी सोच र गत १२ वर्षमा जनताको आधारभूत समस्याको सरकारबाट उपेक्षा र नेपाली कांग्रेसको दमनकारी नीति, भ्रष्ट आचरण र बेठीक कार्यशैलीबाट उत्पन्न भएको हो । देश र जनताका आधारभूत समस्याको समाधान नगरिकन आफ्नो बेठीक कार्यशैली, भ्रष्ट आचरण नसच्याईकन सरकार संकटकालको घोषणा गरेर यो समस्या समाधान गर्छु भनेर लागेको छ । यसो गर्नु

> **संकटकालले सरकारलाई निरंकुश, क्रूर र दमनकारी बन्न र आफ्नो अयोग्यता ढाक्न टेवा पुर्‍याएको छ**

असंभव छ ।

माओवादीको समस्यालाई पनि हचुवा पाराले हेर्ने र समाधान गर्न खोज्ने, समस्यालाई यसको जरोसम्म ठीक ढंगबाट हेर्न नसक्ने, उनीहरूसँग ठीक ढंगले 'डिलिङ्ग' गर्न नसक्ने, उनीहरूबाट विश्वास प्राप्त गर्न नसक्ने, ढाँट्ने, छल्ने गर्नाले नै माओवादी समस्या झन् विकराल स्थितिमा पुगेको हो । त्यसकारण हामी भन्छौं - माओवादी समस्याको मुख्य जिम्मेवार सरकार नै हो । संकटकालको घोषणा नै माओवादी समस्याको समाधान होइन । संकटकालको घोषणा भएपछि जादूको छडीलेजस्तै माओवादी समस्या आफसेआफ हल हुन्छ भन्ने ठान्नु कोरा सपना मात्रै हो, जुन कहिल्यै पूरा हुनेवाला छैन ।

संकटकालको घोषणा र सेना परिचालन गरेर केही माओवादीहरू भौतिक रूपमा समाप्त होलान् । तर पनि के बिर्सनु हुन्न भने उनीहरू जनता र देशको निम्ति केही गरूँ भन्ने भावना लिएर अगाडि बढिरहेका राम्रा मान्छे हुन् । उनीहरूको वीरताको र पवित्र भावनाको सम्मान गर्नुपर्छ । तर उनीहरूको उग्रवामपन्थी विचार, गलत नीति, सोच र व्यवहारको विरोध गर्नुपर्छ । उनीहरूले गरिरहेका यातनापूर्ण, क्रूर र हिंस्रक क्रियाकलापलाई जायज ठानिनु हुन्न ।

**❑ संकटकालको घोषणाबाट माओवादी विद्रोह र देशको समस्या समाधान हुँदैन भने यसको सही समाधान र निकास के हुन सक्छ त ?**

-यसको निकास भनेको माओवादी र सरकार दुवैले हत्या र हिंसाको बाटो छोड्नु हो । यस समस्याको राजनैतिक समाधानका लागि माओवादीहरू पुनः वार्तामा आउनु पर्छ । सरकारले पनि उनीहरूलाई वार्तामा ल्याउनुपर्छ ।

**❑ तपाईंको पार्टीको केन्द्रीय समितिको चौबीसौं बैठकले नेपालमा अहिले संकटकालको घोषणा हुनुमा माओवादी नै बढी दोषी भएको आशय आउने गरी निर्णय गरेको छ । वार्तामा आइसकेका माओवादीहरूलाई जंगलमै फर्काउनमा तपाईंहरू सरकारलाई चाहिँ कतिको दोषी ठान्नुहुन्छ त ?**

- माओवादी समस्या उत्पन्न हुनुमा सरकार मुख्य रूपमा र धेरै हदसम्म दोषी छ भन्ने कुरा मैले माथि नै भनिसकेको छु । तर अहिले संकटकाल घोषणा गराउनमा चाहिँ तत्कालका दोषी माओवादी नै हुन् । वार्ता चलिरहेको बेला वार्ता भंग गरेर सैनिक ब्यारेकमाथि नै उनीहरूले हमला गरे । यसबाट सरकारलाई सेना परिचालन गराउन, माओवादीलाई आतंकवादी घोषणा गराउन, उनीहरूमाथि प्रतिबन्ध लगाउन र संकटकाल घोषणा गर्न तथा आतंककारी नियन्त्रणसम्बन्धी अध्यादेश ल्याउन पर्याप्त निहुँ प्राप्त भयो । यसबाट सरकारले संकटकाल घोषणा गर्ने बहाना पायो ।

**❑ अहिले माओवादीले मिलिटरी ब्यारेकमाथि धावा बोलेर ठूलो भूल गऱ्यो । तर त्यो भूल गर्नुभन्दा पहिले सबै वाम पार्टीहरू एकढिका भएर सरकारसँग वार्ता गर्ने समाजको अग्रगमनका लागि निकास निकाल्ने प्रयत्न त उनीहरूले गरेका थिए नि ! त्यसमा तपाईंहरूले साथ दिनुभएको भए धेरै हदसम्म वार्ता उपलब्धिमूलक हुनसक्थ्यो होला । यस अवस्थामा उनीहरू फेरि जंगल पस्दैनथे होला । यस अर्थमा संकटकालको घोषणा गराउनमा तपाईंहरू आफूलाई चाहिँ कत्तिको जिम्मेवार ठान्नुहुन्छ ?**

- यसमा हामी आफूलाई जिम्मेवार ठान्दैनौं । माओवादीहरू उग्रवाम विचार राख्ने, आफ्नो जिद्दीमा अड्ने, त्यसपछि त्यसको दोषचाहिँ हामीले बोक्नुपर्ने ? उनीहरूले गरेको संविधान सभाको माग गलत कुरा हो । नेपालको इतिहासमा जनआन्दोलनको शक्तिको भरमा जनताका छोराहरू आफै बसेर यो संविधान बनाएका हुन् । यसमा कम्युनिष्टहरू, एक समय माओवादी पार्टीसँग सम्बन्धित रहेका निर्मल लामा स्वयं बसेका छन् । कम्युनिष्ट पार्टीहरूको निर्णयको आधारमा हामीले यो संविधान बनाएका हौं । के आफैले बनाएको संविधान आफैले खारेज गर्नुपर्ने ? यो संविधान खारेज गर्ने माग प्रतिगामी तत्वले गर्दैछ । उनीहरूको बोलीमा लोली मिलाउने काम माओवादीहरूले पनि गर्ने ?

गणतन्त्रै ल्याउनु छ भने लडाइँको बलले ल्याउनु नि ! संविधान संशोधन गरेर पनि देशको संकट पार लागेन भने र संविधान नै खारेज गर्नुपर्ने विन्दुमा पुग्यो भने त्यतिखेर संविधान सभाका लागि आवाज उठाउनु नि ! यो संविधान जत्तिखेर पूरै काम लाग्दैन, काम लाग्दैन नै भन्नुपर्छ । जतिखेर जति मात्रामा काम लाग्छ, त्यतिखेरसम्म त्यसको बढीभन्दा बढी उपयोग गर्नुपर्छ ।

माओवादीले भनेको कुरा मान्यो भने सब ठीक हुने, मानेन भने सब बेठीक हुने ? एमाले पनि एउटा स्वाधीन र सार्वभौम पार्टी हो । ऊ आफ्नै मान्यताको आधारमा चल्छ । कसैको तानाशाही हुकुमबाट चल्दैन । उसले आफ्नो विचार परिवर्तन गर्नुपऱ्यो भने आफ्नै स्वेच्छाले परिस्थितिको विश्लेषण गरेर उचित ठान्छ भने गर्छ ।



**❑ संविधान समयअनुसार परिवर्तन हुन्छ । नेपाललाई आमूल परिवर्तन गर्ने दिशातिर लैजानुपर्छ भनेर तपाईंको पार्टी र अन्य कम्युनिष्ट पार्टीले पनि भनिरहेका छन् । यही संविधानले देशको आमूल परिवर्तन गर्न संभव पनि छैन । सबै वामहरू मिलेको खण्डमा संविधान सभाको चुनाव भयो भने वामपन्थीहरूको बहुमत आउन्नथ्यो र ....?**

- किन चाहियो संविधान सभा ? नेपालमा अहिल्यै गणतन्त्र हुन सक्दैन, जनवाद ल्याउन सकिँदैन । आमूल परिवर्तन संभव छैन र राष्ट्रिय अन्तर्राष्ट्रिय परिस्थिति र शक्ति सन्तुलनको वर्तमान परिस्थितिमा हामीले चाहेजस्तो आर्थिक राजनैतिक परिवर्तन पनि ल्याउन सकिँदैन । बस्तुवादी मूल्यांकनको जगमा बसेर विश्लेषण गर्ने हो भने अहिले गर्न सकिने अधिकतम उपलब्धि प्राप्त गर्ने हो । अहिले आमूल परिवर्तनलाई अनुकूल हुनेगरी आमूल सुधारको बाटोमा अगाडि बढ्ने हो । यो काम त अहिलेकै संविधानमा व्यापक संशोधन गरेर, सामाजिक, आर्थिक र राजनैतिक क्षेत्रमा व्यापक सुधार गरेर, विद्यमान संरचना र परिपाटीहरूमा व्यापक फेरबदल गरेर गर्न सकिन्छ । यसैको आधारमा जनताको विश्वास जितौं र संसदमा बहुमत ल्याऔं, सामाजिक जग परिवर्तन गरौं र दुईतिहाइ बहुमत ल्याएर संविधानमा आवश्यक संशोधन गरौं । यसपछि पनि अग्रगामी कदमलाई कसैले बाधा खडा गर्छ भने सिंगो जनताको साथमा आमूल परिवर्तनका लागि हामी अघि बढौं । त्यसका लागि धैर्य चाहिन्छ । 'तातै खाउँ जल्दी मरौं' भनेर हुन्छ ?

**❑ अहिले जुन गृहयुद्ध चलिरहेको छ, यसलाई रोक्न प्रमुख प्रतिपक्षीको नाताले तपाईंहरूको मध्यस्थतामा माओवादी र सरकार दुवैलाई पुनः वार्तामा ल्याउन जरूरी र सम्भव ठान्नुहुन्न ? यतातिर तपाईंहरू किन प्रयास गर्नुहुन्न ?**

-माओवादी र सरकार दुवैलाई वार्तामा ल्याउन हामी जरूरी ठान्छौं । सम्भव र असम्भवको कुरा भने हामी सुनिश्चित गर्न सक्दैनौं । किनभने दुवै पक्षले वार्ता गर्न मानिदिए वार्ता सम्भव हुन्छ । तर दुई पक्षमध्ये एक पक्षले वार्ता गर्न मानेन भने वार्ता असम्भव हुन्छ । यसको लागि हामीले सबै वामहरूको र सबै प्रतिपक्षीहरूको बैठक बोलाएका छौं । माओवादी र सरकारलाई पनि वार्ताको टेबुलमा बसौं भनिरहेका छौं । जहाँसम्म माओवादीको कुरा हो, हामीलाई अहिले उनीहरूको सम्पर्क सूत्र नै थाहा छैन । उनीहरूलाई अहिले खबर पठाउने भनेको वक्तव्य, भाषण र पत्रपत्रिकाको माध्यमबाट हो । त्यो माध्यमबाट कुरा उनीहरूकहाँ पुगिरहेको छ । उनीहरू वार्ता चाहन्छन् भने सम्पर्क गर्छन् । चाहँदैनन् भने गर्दैनन् । अहिलेसम्म सम्पर्क गरेका पनि छैनन् ।

**❑ संकटकाललाई छोड्याउनका लागि तपाईंहरू के कस्तो प्रयास गर्दै हुनुहुन्छ ?**

-हामीले संकटकालमा भइरहेका ज्यादतीलाई उठाइरहेका छौं । हामी सबै प्रतिपक्षीहरू मिलेर प्रधानमन्त्रीकहाँ प्रतिनिधिमण्डल जाँदैछौं । त्यहाँ संकटकालमा भएको ज्यादतीहरूबारे बताउने छौं, संकटकालको घोषणाको चित्तबुझ्दो कारण के हो, त्यसको स्पष्टीकरण सरकारसँग माग्नेछौं र संकटकालमा सरकारले पालना गर्नुपर्ने आचारसहिताहरू निर्माण गर्नका लागि सरकारलाई दबाव दिनेछौं । ❑

*प्रस्तुति : मुक्ता श्रेष्ठ*



# सार्कमा जस्ता चुनौतीहरू काहीं पाईंदैन



*श्रीधर खत्री परराष्ट्र मामिलासम्बन्धी प्रतिष्ठानका कार्यकारी निर्देशक हुनुहुन्छ । उहाँ, परराष्ट्र मामिलाका साथै सार्क सम्बन्धमा पनि विशिष्ट जानकारी राख्ने व्यक्तिका रूपमा सुपरिचित हुनुहुन्छ । एघारौं सार्क सम्मेलनको पूर्वसन्ध्यामा उहाँसँग यस विषयमा गरिएको वार्ता-संक्षेप प्रस्तुत छ ।* **प्रस्तुति : गोविन्द वर्तमान**



श्रीधर खत्री

**+ दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क)को औचित्य नै संकटमा परेको देखिन्छ, तपाईंलाई कस्तो लाग्छ ?**

- सार्कको औचित्य र उपलब्धि नभएको होइन । संसारमा भएका सार्कजस्तै अरू क्षेत्रीय संगठनहरूमा सार्कमा जस्तै चुनौतीहरू भएको काहीं पनि पाईंदैन । यूरोपियन युनियनको इतिहास पचास वर्षभन्दा पुरानो हो । बीच बीचमा यूरोपियन युनियनमा पनि धेरै समस्याहरू उठेका थिए । अहिले त्यो धेरै अगाडि बढेको हुनाले मात्रै त्यसको धेरै प्रगति भएको र सार्कचाहिं एक ठाउँमा अल्झिएर बसेको जस्तो देखिएको हो । अहिले सार्कमा परिपक्वता आउने चरण शुरू भएको जस्तो मलाई लाग्छ । अहिले सार्कका मुद्दाहरू अगाडि बढिसकेका छन् तर त्यसका प्रक्रियाहरूबारे छिनोफानो भइसकेको भने छैन । त्यसको मुख्य कारण त द्विपक्षीय समस्याहरू पैदा भएर नै हो । त्यसमा पनि भारत र पाकिस्तानको राजनैतिक भिन्नताहरूले गर्दा यस्तो समस्या आएको छ र यसको कारणले नै तीन पटकसम्म सार्कको शिखर सम्मेलन पछाडि सर्न पुगेको छ । यी सब कुराहरूलाई हेरेर पनि सार्कको भविष्य छैन भनिहाल्न चाहिं मिल्दैन । सार्कको अहिलेसम्मको स्थिति हेर्दा यसको स्थापनादेखि कामको आरम्भिक चरण धेरै लामो भयो । तर अब सुदृढिकरणको चरणमा जान सार्कले तयारी गरेको छ । त्यसको निम्त Group of Eminent person को रिपोर्ट आइसकेको छ । त्यसले आगामी बीस वर्षसम्म सार्कले के गर्नुपर्छ भन्ने एउटा नाप-नक्सा तयार पारेको छ । सार्कमा त्यो रिपोर्ट नै दाखिला नभएर कामको प्रक्रियासम्बन्धमा यसले निर्णय लिन नसकेको हो । त्यो काम भएपछि त्यही रिपोर्टअनुसार *साफ्टा*मा जाने र पछि गएर दक्षिण एशियालाई फ्रि ट्रेड एरिया बनाउने भन्ने कुरा सार्कको एजेण्डाभित्र रहेको छ । सन् २०१५ सम्ममा दक्षिण एशियालाई भन्सार युनियन बनाउने र २०२० सम्ममा त आर्थिक युनियन नै हुनुपर्छ भनेर त्यस रिपोर्टले सिफारिस गरेको छ । दक्षिण एशियाको Economic Union हुनुपर्छ भन्ने विचारलाई त सार्क राष्ट्रहरूका मन्त्रीहरूले पनि अनुमोदन गरिसकेका छन् । तैपनि अहिले सार्कबाट जनताले प्रत्यक्ष सुविधा पाउने र सार्कले गरेका कामहरू तुरून्त देखिने स्थिति बनिसकेको छैन । यस्ता कामहरू विस्तारै हुँदैछन् ।

**+ दुई पक्षीय मुद्दाहरु उठाउन नपाइने प्रावधानले गर्दा पनि सार्क राष्ट्रहरुबीच सार्कप्रति लगाव कम भएको र त्यसैकारणले पनि जनतामा यो लोकप्रिय भैनसकेको चर्चा गरिन्छ । तपाईंलाई त्यस्तो लाग्दैन र ?**

- सार्कको चार्टरअनुसार द्विपक्षीय र विवादास्पद (Contentious) इस्युहरू उठाउन पाईंदैन भनिएको छ । यसको माने सार्कको आधिकारिक मंचमा त्यस्ता विषयहरू उठाउन पाईंदैन भन्ने हो । तर सार्कको शिखर सम्मेलनले अनौपचारिक भेटघाटका निम्ति जुन मौका दिन्छ, त्यसमा चाहिं सार्क राष्ट्रका नेताहरूबीच द्विपक्षीय समस्याहरूमा पनि कुरा हुन्छ । यो कुरा पहिला पहिलाका सार्क सम्मेलनहरूमा पनि देखिएको छ । त्यस क्रममा भारत र बंगलादेशले चक्मा शरणार्थीहरूको समस्याबारे काम गरेका छन् । बेंग्लोर सम्मेलनपछि भारत र पाकिस्तानले धेरै कुराहरूमा समझदारीहरू कायम गरेका छन् । यी कामहरू सार्क सम्मेलनबाहिर भएका द्विपक्षीय कामहरू हुन् । तर त्यसको निम्ति मौका दिएको चाहिं सार्क सम्मेलनले नै हो । त्यसो हुनाले सार्कले द्विपक्षीय तथा विवादास्पद विषयहरूलाई आफ्नो औपचारिक मंचमा प्रवेश नदिए पनि त्यस्ता विषयहरूलाई हेर्न अनौपचारिक रूपमा सहजकर्ताको भूमिका चाहिं निर्वाह गरेको देखिन्छ । यसलाई हामीले सार्क प्रक्रियाको एउटा ठूलो उपलब्धि मान्नुपर्दछ । त्यसमा एउटा के सानो कमजोरी छ भने सन् १९८० को दशकपछि जुन प्रगतिहरू भएका थिए, ती अहिले रोकिएका छन् । त्यसलाई अघि बढाउन १९९७ मा माले सम्मेलनले 'इन्फर्मल पोलिटिकल कन्सल्टेसन'लाई अगाडि बढाउनुपर्छ भनेको छ । तर अझै यो काम निश्चित गर्न बाँकी छ । तर मतभिन्नता भइकन पनि काम गर्न सक्नुपर्छ भन्ने धारणाप्रति सार्कको प्रक्रियामा राष्ट्रहरूबीच एउटा प्रतिबद्धताचाहिं देखिएको छ ।

**● बेंग्लोर सम्मेलनपछि भारत र पाकिस्तानले धेरै कुराहरूमा समझदारीहरू कायम गरेका छन्**

### सार्क शिखर सम्मेलन : कहाँ, कहिले ?

| | | | |
|---|---|---|---|
| पहिलो- | सन् १९८५ | डिसेम्मबर ७-८ | ढाका (बंगलादेश) |
| दोस्रो- | सन् १९८६ | नोभेम्बर १६-१७ | बेङ्लोर (भारत) |
| तेस्रो- | सन् १९८७ | नोभेम्बर २-४ | काठमाण्डौ (नेपाल) |
| चौथो- | सन् १९८८ | डिसेम्बर २९-३१ | इस्लामाबाद (पाकिस्तान) |
| पाचौं- | सन् १९९० | नोभेम्बर २१-२३ | माले (माल्दिभ्स) |
| छैठौं- | सन् १९९१ | डिसेम्बर ३१ | कोलम्बो (श्रीलंका) |
| सातौं- | सन् १९९३ | अप्रिल १०-११ | ढाका (बंगलादेश) |
| आठौं- | सन् १९९५ | मे २-४ | नयाँ दिल्ली (भारत) |
| नवौं- | सन् १९९७ | मे १३-१५ | माले (माल्दिभ्स) |
| दशौं- | सन् १९९८ | जुलाई २८-३० | कोलम्बो (श्रीलंका) |
| एघारौं- | सन् २००२ | जनवरी २-४ | काठमाण्डौ (नेपाल) |

**+ आसियानलगायत अरु क्षेत्रीय संगठनहरुमा चाहिँ द्विपक्षीय विषय उठाउन पाइन्छ, तर सार्कमा चाहिँ किन त्यसो नगरिएको होला ?**

- अरू क्षेत्रजस्तो हाम्रो दक्षिण एसियाली क्षेत्र अंकगणितीय किसिमको छैन । अर्थात् दक्षिण एसियाली क्षेत्रमा भारत सबैभन्दा शक्तिशाली राष्ट्र हो; भारतको आकार र यसका स्रोत-साधनहरू अरू देशहरूको भन्दा धेरै गुणा बढी छ । त्यस्तै, भूगोलको हिसाबले भारत दक्षिण एसियाको केन्द्रमा छ र अरू दक्षिण एशियाली राष्ट्र सबैसँग भारतको सीमा जोडिएको छ, तर अरू राष्ट्रको भने बाँकी अरू राष्ट्रसँग सीमा जोडिएको छैन । यसले गर्दा पनि शुरूमा सार्कको प्रक्रिया स्थापित गर्ने कि नगर्ने भन्ने हुँदा एउटा Modality र त्यसको लागि निश्चित नियमहरूको पालना गर्नुपर्ने कुरा आयो । त्यसो गर्दा विवादास्पद र राजनीतिक मुद्दाहरू ल्याएमा सार्कमा सहयोगात्मक वातावरण बिग्रिन्छ भनेर त्यस्ता द्विपक्षीय विषयहरू सम्मेलनमा नल्याउने एउटा समभदारी बनाइएको हो । शुरूमै त्यस्तो संमभदारी नबनाइएको भए सार्कको स्थापना भए पनि संचालन हुन सक्दैनथ्यो ।


**+ सार्कले वास्तविक रुपमा पुऱ्याउने क्षेत्रीय सहयोग भनेको के हो त ?**

- क्षेत्रीय सहयोगको एउटा प्रमुख पक्ष भनेकै हामीबीच मतमतान्तरहरू तथा सामान्य भैं-भगडाहरूसमेत छन् भन्ने स्वीकार गरेर त्यसलाई हटाउने पक्ष हो । अर्को, हामी सार्कलाई confidence building measure भन्छौं । जुन देशहरू अरू समस्याहरूमा फसेका छन्, ती समस्याहरू सुल्भाउन सार्क संगठनमार्फत् एकले अर्कालाई सहयोग गर्न थालिएपछि राष्ट्रहरूबीचका राजनीतिक वातावरण द्विपक्षीय आधारमा पनि सुध्रिने संभावना देखिन्छ । एउटा कुरा भनौं- जनताहरूले आर्थिक फाइदा देखेपछि त अमूक देशसँग किन भगडा गरेर बस्ने भन्ने प्रक्रिया पनि आउन सक्छ । क्षेत्रीय सहयोगको एक किसिमको अर्थ नै त्यही हो । एक आपसमा जति फाइदा हुँदै गयो, त्यति एक आपसमा समभदारी बढ्दै आउँछ ।

**+ एक प्रसंगमा तपाईले *साफ्टा*को चर्चा गर्नुभयो, *साफ्टा*को अवधारणा आएको धेरै समय भइसक्दा पनि व्यवहारमा लागू हुन किन नसकेको हो त ?**

- मुख्य समस्या अहिले समयकै हो । पहिला सन् २००५ सम्ममा *साफ्टा* लागू गर्ने भनिएको थियो, माले सम्मेलनमा त्यो समयलाई अगाडि सारेर सन् २००१ सम्ममै लागू गर्ने भनियो । तर यता आएर सन् १९९९ पछि त सार्क सम्मेलन नै हुन सकेन । राखिएको समयसीमाअनुसार त्यसलाई लागू गर्न नै सकिएन । तैपनि केही पनि काम भएको छैन भन्न चाहिँ मिल्दैन । *साफ्टा* ट्रिटीको एउटा ड्राफ्ट तयार भइसकेको छ । शिखर सम्मेलन नभएर त्यसमा छलफल हुन नसकेको मात्र हो । त्यो ड्राफ्ट स्वीकारयोग्य रूपमा अहिले आइसकेको छ कि छैन, त्यसलाई कसरी अगाडि बढाउने, हरेक राष्ट्रहरूको रूचि त्यसमा के हो भन्ने कुरा अहिले छलफलको चरणमा नै छ । अब केही गरी ग्रुप अफ इमिनेन्ट पर्सन्सको रिपोर्टकै टाइम टेबुलमा बस्ने हो भने *साफ्टा* सन् २००८ सम्म ठूला देशहरू भारत र पाकिस्तानले लागू गर्ने र साना देशहरूले चाहिँ समायोजन अवधि बढाएर सन् २०१० मा लागू गर्ने भन्ने कुरा छ । अब त्यसलाई प्रक्रियामा उतार्न चाहिँ धेरै कुरा हेर्नुपर्दछ । जस्तो : भारत र श्रीलंकाको फ्रि ट्रेड एरिया छ, *साफ्टा*को संरचनामा कसरी फिट हुन्छ, नेपाल र भारतकै आर्थिक सम्बन्ध पनि स्वतन्त्र व्यापारमा निर्भर रहन्छ, त्यसलाई पनि कसरी संबोधन गर्ने आदि कानूनी तथा प्राविधिक सबै कुराहरू मिलाएर काम अघि बढ्ने प्रक्रियामा छ । यो तीन वर्ष जसरी गुम्यो, त्यसले सार्कका कामहरूको प्रक्रियालाई अलिकति पछि पारेको छ । तर त्यसको मतलब काम भएको छैन भन्न मिल्दैन ।

***सार्कले द्विपक्षीय तथा विवादास्पद विषयहरूलाई आफ्नो औपचारिक मंचमा प्रवेश नदिए पनि त्यस्ता विषयहरूलाई हेर्न अनौपचारिक रूपमा सहजकर्ताको भूमिका चाहिँ निर्वाह गरेको देखिन्छ***





**+ नेपालले लामो समयदेखि बेहोरिरहेको भुटानी शरणार्थी समस्यालाई सुल्भाउन सार्क सम्मेलनले केही गर्न सक्दैन ?**

- अहिलेसम्म नेपाल र भुटान दुवैले भुटानी शरणार्थी समस्यालाई क्षेत्रीय स्तरमा उठाएका छैनन् । उठाउने प्रयास गरेका पनि छैनन् र गर्लान् जस्तो पनि मलाई लाग्दैन । यो विवादास्पद विषय पऱ्यो र सार्कको आफ्नो नर्म्स र प्रक्रियाबाहिरको इस्यू परेको हुनाले यसलाई नेपालले पनि उठाएको छैन । र आउँदो सार्कमा उठाउने पनि छैन । मैले बुझेसम्म चाहिँ भुटानी शरणार्थी समस्यालाई अरू अन्तरराष्ट्रिय मंचहरूमा उठाएर अन्तर्राष्ट्रियकरण गर्न सकिन्छ भन्ने कुरा उठेको हो, सार्कमा होइन ।

**+ त्यसो भए अहिलेको एघारौं सम्मेलनमा नेपालले उठाउनुपर्ने विषयहरु के के हुन् त ?**

- यस विषयमा परराष्ट्र मन्त्रालयले एउटा कागज तयार पारिसकेको छ । सार्कका क्रियाकलापहरूका निम्ति मापदण्डहरू के के लिने र कस्ता कदमहरू चाल्ने भन्ने कुरा त्यसमा प्रस्ताव गरिएको छ । यसमा परराष्ट्रको जिम्मा, एकतर्फ आतिथेय राष्ट्रको हिसाबले कार्यक्रम, एजेण्डा सबै हेर्नुपर्छ भने, अर्कोतर्फ सम्मेलनमा नेपालले उठाउनु पर्ने महत्वपूर्ण मुद्दाहरू के के छन्, त्यो निर्धारण गर्नुपर्छ । जस्तै : GEP रिपोर्ट, *साफ्टा* र दक्षिण एशियाको सोसियल चार्टर (जसमा अहिले काम भइरहेको छ) आदिमा प्वाइन्टहरू बढाउनु पर्छ । भनौं, *साफ्टा*कै ट्रिटीको कामलाई अनुमोदन गर्नुअगाडि सार्कभित्रका कम विकसित देशहरूका रूचिहरू के के हुन् भन्ने बुँदागत निक्यौल गर्ने काम गर्नुपर्छ । अरू, लगानी तथा यातायातको इन्फ्रास्ट्रक्चरको विकासको विषयमा पनि राम्ररी विश्लेषण गरेर लैजानुपर्छ । सार्कलाई माले सम्मेलनले सन् १९९७ मा जसरी अगाडितिर धकेलेर एउटा गति दिएको थियो, तीन वर्ष नोक्सान भएकोमा अब हुने काठमाण्डौ सम्मेलनले पनि एउटा गति दिएर सार्कको दिशा निश्चित गर्नुपर्छ । अहिले सार्क सम्मेलनमा नेपालका प्रमुख रूचिहरू यिनै हुनेछन् ।

**+ अहिले हुने एघारौं शिखर सम्मेलनबाट नेपालले के अपेक्षा गर्न सक्छ त ?**

- तीन वर्ष नोक्सान भए पनि कुन कुन दिशामा कस्तो नीति लिएर अगाडि बढ्ने भन्ने कुरा अहिलेको सम्मेलनले हेर्छजस्तो मलाई लाग्छ । त्यसमा मुख्य कुरा मैले देखेको के हो भने GEP रिपोर्टले नै सिफारिस गरेको दक्षिण एसियाको आर्थिक एकीकरणका निम्ति फ्रि ट्रेड, कस्टयूम्स यूनियन, आर्थिक युनियन र त्यस प्रक्रियामा जानका लागि के के कदमहरू चाल्नुपर्छ भन्ने कुरा अलि स्पष्टसँग यो सम्मेलनबाट आउँछजस्तो मलाई लाग्छ ।

**+ तपाईको विचारमा यूरोपियन युनियन भएजस्तै भविष्यमा सार्क युनियन बन्ने संभावना छ कि छैन ?**

- इकोनमिक युनियन भएछ भने त्यस्तो सार्क यूनियन हुनु जरूरी हुन्छ । यूरोपमा पनि हेर्ने हो भने अहिले Monitory Union मा सबै देश एकैचोटि आइसकेका छैनन् । संयुक्त अधिराज्य बेलायत अहिलेसम्म त्यसमा समावेश भएको छैन । अनि युरोपभित्र भ्रमण व्यवस्थाको सम्बन्धमा पनि कुरो त्यस्तै हो । शुरूमा ६ वटा देशहरू थिए भने अहिले पन्ध्रवटा देशहरू थपिएका छन् । संयुक्त अधिराज्य अभै त्यसमा छैन । त्यसो हुनाले त्यहाँ पनि एकैचोटी सबैथोक भएको छैन भन्ने स्पष्ट छ । यो एउटा विस्तारै सम्पन्न हुने प्रक्रिया हो । यहाँ दक्षिण एसियामा पनि त्यस्तो हुनसक्छ । अहिले त यस क्षेत्रमा पर्यटनलाई कसरी प्रवर्द्धन गर्ने, हार्ड करेन्सी नै किन प्रयोग गर्ने भन्ने कुरा छलफलकै चरणमा छ । अहिले सबै एयरलाइन्सहरूलाई समस्या परिरहेको छ । एयरलाइन्सहरूले संयुक्त उडानहरू किन नगर्ने भन्ने कुरा पनि छलफलमा आएको छ । मुख्य कुरा के हो भने सार्क संगठन र यसका प्रक्रियाहरू नभएका भए यस्ता कुराहरू छलफलमा आउने नै थिएनन् । संगठन भएकोले नै संयुक्त किसिमले क्षेत्रीय परिप्रेक्ष्यमा यस्ता विचार र धारणाहरू निस्केका छन् । यो पनि एउटा सकारात्मक संकेत हो । □



# किन ओरालो लाग्दैछ नेपालका प्रमुख निर्यातका तीन वस्तुहरू ?

दीपेन्द्र क्षेत्री

आर्थिक विकासको कडीको रूपमा व्यापारलाई लिइएपछि स्वतन्त्र र सीमारहित व्यापारको परिकल्पना गरिंदैछ । नेपालले पनि सोही दिशामा अग्रसर भई विश्वव्यापार संगठनको सदस्यता लिने, सार्क क्षेत्रको सौविध्य व्यापार र स्वतन्त्र व्यापारको अवधारणालाई सक्रियताकासाथ समर्थन र सहयोग गर्दैआएको छ । नेपालले विश्वलाई निर्यातका लागि दिन सक्ने वस्तुहरू भने सीमितमात्र छन् । ऊनीगलैंचा, तयारी पोशाक र पश्मीना भारतबाहेकका मुलुकमा निर्यात हुने वस्तुहरूमा पर्दछन् । नेपाली पश्मीनाको माग भारतमा पनि भएको छ, तर सो वस्तु त्यहाँबाट पुनः तेस्रो मुलुकमा निर्यात हुनेगरेको बुझिन्छ ।

उनी गलैंचालगायत तयारी पोशाक र पश्मीनाका वस्तुहरूको तेस्रो मुलुकहरू (भारतबाहेक) मा २०५६/५७ र २०५७/५८ मा क्रमशः रू. २,६४४.९६ करोड र रू. २,५८३.५६ करोड बराबरको निर्यात भएको थियो । तेस्रो मुलुकतर्फ भएको उक्त अवधिको कुल निर्यातको क्रमशः ९२.४७ प्रतिशत र ८६.२९ प्रतिशत हुन आउने उक्त निर्यात विगत केही समयदेखि संकटमा परेको तथ्यांकले देखाएको छ । उक्त वस्तुहरू आर्थिक वर्ष २०५७/५८ मा अघिल्लो वर्षको तुलनामा २.३२ प्रतिशतले घटेको देखिएको छ भने चालु आर्थिक वर्षमा निर्यात घट्ने क्रम जारी छ । व्यापार वृद्धिद्वारा रोजगारी र आम्दानी बृद्धि गराउने दिशामा यो प्रवृत्तिबाट धोका दिने अवस्था सिर्जना भएको छ ।

छोटो अवधिमा हलक्क बढेको पश्मीनाको निर्यात त्यसरी नै ह्वात्तै खस्कन पुगेको छ । ०५६/५७ को चार महिनाको तुलनामा ०५७/५८ मा ९४.६७ प्रतिशतले निर्यात बढेर रू.४३१.०४ करोड बरोबर हुन पुगेको पश्मीनाको निर्यात ०५८/५९ को सोही अवधिमा रू. ८४.२० करोडमा झर्‍यो । पहिले निर्यात खस्कनुका कारणहरू छन् । जसरी निर्यात वृद्धि हुनमा विदेशी प्रख्यात मोडल महिलाहरू, राजनीतिज्ञहरूले समेत पश्मीनाका वस्तुहरू वरण गरेका तस्वीरहरूको प्रचारले काम गरेको थियो । त्यस प्रचारपछि सम्पूर्ण अमेरिका र युरोप पश्मीनाको लहरमा डुब्यो । माग बढ्यो । खासगरी नेपालमा भारतमार्फत् माग आउन थाल्यो । सो माग पूरा गर्न नेपालमा पश्मीना उद्योगहरू थपिए । त्यतिले पनि नपुगेर कच्चापदार्थको गुणस्तरीयतामा सम्झौता हुन थाल्यो । त्यतिमात्र होइन चीनमा निर्मित वस्तुहरू नै आयात गरेर पुनः निर्यात गर्न थालियो । गुणस्तरका हिसावले हाते तानले बुनेका पश्मीनाको पश्चिमी चाहनालाई पूर्ति गर्न मेशीन निर्मित पश्मीना जान थाले । फलस्वरूप गुणस्तरमा कमी हुने र बजारको माग पूरा गर्ने नाममा मूल्यमा अव्यवहारिक प्रतिस्पर्धामा उत्रने कारणले गर्दा ग्राहकको विश्वास गुम्न गएकोले पनि पश्मीनाको निर्यात र माग घट्न गएको हो ।

शुरूमा पश्मीनाको निर्यात नेपालबाट भारततर्फ निर्यात बढेको भए पनि क्रमिक रूपले तेस्रो मुलुकतर्फको निर्यात बढ्न गएको सकारात्मक पक्ष हो । भारतसँगको मुद्राको सटहीदर स्थिर रहेको तुलनामा परिवर्त्य मुद्राको विनिमयदरमा हुने परिवर्तनले निर्यातकर्तालाई फाइदा हुन जाने कारणबाट पनि तेस्रो मुलुकतर्फ निर्यात बढ्न गएको हो ।

त्यस्तै, गलैंचाको निर्यात केही वर्षयता विगतको बालश्रम, अस्वस्थकर रंगको प्रयोग, वातावरणीय पक्षहरूजस्ता कमजोरीहरूबाट मुक्त भएतापनि युरोपेली मुलुकहरूमा आएको आर्थिक मन्दी, मुद्राको क्रयशक्तिमा ह्रासजस्ता कारणले यसको निर्यात घट्न गएको हो । जर्मनीमा मात्र नेपालको कुल गलैंचा निर्यातको

## पश्मीना निर्यातको क्षेत्रगत विवरण

| आर्थिक वर्ष/ देश | ०५६/५७ रु. करोडमा | ०५७/५८ रु. करोडमा | ०५८/५९* रु. करोडमा |
|---|---|---|---|
| भारत | ३५४.५१ | २७२.८५ | २४.६७ |
| अन्य मुलुक | २६६.५१ | ४१२.१२ | ५९.५३ |
| जम्मा | ६२१.०२ | ६८४.९७ | ८४.२० |


* प्रथम चार महिना

*स्रोत : नेपाल राष्ट्र बैंक*



*दीपेन्द्र क्षेत्री*

**कडाइका साथ गुणस्तरीय वस्तुको उत्पादन, पर्याप्त मात्रामा आपूर्ति र निश्चित समयमा सामान उपलब्ध गराउने प्रत्याभूति दिनसकेमात्र पनि नेपाली वस्तुहरु पुनः विश्व निर्यात बजारमा पुग्न सक्नेछन् ।**



**छोटो अवधिमा हलक्क बढेको पश्मीनाको निर्यात त्यसरी नै ह्वात्तै खस्कन पुगेको छ**



८५ प्रतिशतभन्दा बढी अंश हुन पुग्दछ । अन्य मुलुकहरूले चाहना गर्ने खालको गलैंचाको नमूना, आकार आदिमा परिवर्तन ल्याउन नेपालका गलैंचा उद्योगमा संरचनागत परिवर्तन गर्न छिट्टै नसकिने भएबाट पनि नेपाली गलैंचाको माग अन्य मुलुकहरूले ओगट्ने गरेका छन् । केही वर्षअघि विश्वको कुल गलैंचा निर्यातमा चौथो स्थानमा नेपाल रहेकोमा हाल छिमेकी देशबाट समेत नेपालको चिन्ह लगाई निर्यात गरिदिने कार्यले नेपाली गलैंचा असजिलोमा पर्न गएको छ ।

तयारी पोशाकको कथा छुट्टै छ । भारतमा प्राप्त कोटा उपयोग गर्ने दृष्टिले शुरूआत भएको नेपाली तयारी पोशाक पछि गएर कोटाका आधारमा अमेरिकामा अत्यधिक मात्रामा निर्यात हुने गरेको छ । परन्तु, अमेरिकाले उपसहारा अफ्रिकी मुलुकलाई सहुलियतपूर्ण तयारी पोशाक निर्यात कोटाको व्यवस्था गरिदिंदा नेपाललगायत विकासशील देशहरूको तयारी पोशाक निर्यातमा प्रतिकूल असर पर्न गएको छ । नेपालले त्यसको कच्चा पदार्थ अन्य देशबाट आयात गर्नुपर्ने, दक्ष जनशक्ति बाहिरबाट आउने र ढुवानीको लागि खर्चिलो व्यवस्था गर्नुपर्ने कारणले गर्दा नेपाली तयारी पोशाक उद्योग खतरामा पर्न गएको हो ।

यी उद्योगहरूलाई पुनर्जीवन प्रदान गर्न नसकिने अवस्था भने छैन । कडाइका साथ गुणस्तरीय वस्तुको उत्पादन, पर्याप्त मात्रामा आपूर्ति र निश्चित समयमा सामान उपलब्ध गराउने प्रत्याभूति दिनसकेमात्र पनि एकपटक राम्रो अन्तर्राष्ट्रिय बजार लिइसकेका यी नेपाली वस्तुहरू पुनः विश्व निर्यात बजारमा पुग्न सक्नेछन् । पश्मीनाका हकमा शुद्ध कच्चा पदार्थको प्रयोग र निर्दिष्ट समयमा सामान उपलब्ध गराउन सकेमात्र पनि परम्परागत बजार कायम हुनसक्ने कुरामा उद्यमीहरू विश्वस्त छन् । तयारी पोशाकका हकमा नेपालले निश्चित किसिमका पोशाकहरूमा मात्र ध्यान केन्द्रित गर्नु पर्दछ । केही वर्ष (सन् २००५) पछि कोटा प्रथा हट्ने भएकाले त्यसअघि नै मागका वस्तुको पहिचान गरी सो क्षेत्रमा नेपालले विशिष्टता कायम गर्नसक्नु पर्दछ । उत्पादन लागतमा कमी ल्याउन शुल्क लगायतका लागतहरूमा विशेष ध्यान दिइनु पर्दछ । ❑

**सन् २००५ पछि कोटा प्रथा हट्ने भएकाले त्यसअघि नै मागका वस्तुको पहिचान गरी सो क्षेत्रमा नेपालले विशिष्टता कायम गर्नसक्नु पर्दछ**



## निर्यातका तीन प्रमुख वस्तुहरुको व्यापार स्थिति

| आर्थिक वर्ष/ वस्तुको नाम | ०५५/५६ (रु.करोडमा) | ०५६/५७ (रु.करोडमा) | ०५७/५८ (रु.करोडमा) | ०५८/५९❖ (रु.करोडमा) |
|---|---|---|---|---|
| गलैंचा | ९८०.२० | ९८४.२१ | ८५९.२२ | २५३.४९ |
| तयारी पोशाक | ९७०.९१ | १३९४.२४ | १३१२.२२ | २३८.२८ |
| पश्मीना | - | ६२१.०२ | ६८४.९७ | ८४.२० |
| | - | २२१.४२* | ४३१.०४* | ८४.२० |

❖ पहिलो चार महिनाको — स्रोत : नेपाल राष्ट्र बैंक

# — सार्क देशहरुसँग — नेपालको व्यापार

दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क)का मुलुकहरूसँगको नेपालको व्यापारले ठूलो महत्व राख्दछ । सार्क सौविध्य व्यापार (SAPTA) का प्रावधानहरू राम्ररी कार्यान्वयन हुन नपाउँदै स्वतन्त्र व्यापारमा सन् २००२ सम्ममा प्रवेश गर्ने जमर्कोमा लागेका सदस्य राष्ट्रहरूमध्ये नेपालको व्यापार भारतसँग केन्द्रित छ । सार्क मुलुकहरूसँग नेपालको व्यापारमा बंगलादेशसँग बाहेक अन्य मुलुकहरूसँग घाटा देखिएको छ ।


## सार्क मुलुकहरुसँग नेपालको व्यापार

(२०५५/५६-०५७/५८) रू. करोडमा

| देश | निर्यात | आयात | नाफा/घाटा |
|---|---|---|---|
| बंगलादेश | १९४.४६ | १३७.८६ | ५६.६० |
| भूटान | ९.०८ | १४.७२ | (५.६४) |
| पाकिस्तान | ४.८६ | ४०.३१ | (३५.४५) |
| माल्दिभ्स | ०.०२ | ०.०१ | ०.०१ |
| श्रीलंका | ३.८९ | १०१.६५ | (९७.७६) |
| भारत | ६१६१.२८ | ११,८७५.२८ | (५७१४.००) |
| सार्क जम्मा | ६३७३.५९ | १२१६९.८३ | ५७९६.२४ |
| नेपालको जम्मा | १४३३९.३७ | ३०९२३.६९ | (१६५८४.३२) |

(कोष्ठाभित्रको अंकले घाटा जनाउँछ) — स्रोत : व्यापार प्रवर्द्धन केन्द्र नेपाल राष्ट्र बैंक

तीन वर्षको अवधिमा भएको नेपालको निर्यातमध्ये ४४.४५ प्रतिशत र आयात ३९.३५ प्रतिशत सार्क मुलुकहरूसँग थियो । बंगलादेशसँग व्यापार अनुकूल हुनुमा गत वर्षहरूमा नेपालबाट निर्यात भएको चामलका अतिरिक्त सीमितमात्र भए पनि बंगलादेशबाट निर्यातको बाटो खोलिदिएकाले पनि हो । भूटानबाट सिमेन्ट उद्योगमा प्रयोग गरिने जिप्सम र फलफूलको रसजस्ता वस्तुहरूको आयात हुने र निर्यात सीमित भएकोले व्यापार घाटा रहन गएको छ । श्रीलंका र पाकिस्तानसँगको व्यापारमा पनि नेपालको प्रतिकूलता देखिनुमा नेपाली निर्यातयोग्य वस्तुको अभाव हो भन्न सकिन्छ । ❑





अमेरिकी अखवार 'शिकागो ट्रिब्यून'का सम्वाददाताले डा कार्ल मार्क्ससँग लण्डनमा गरेको साक्षात्कार


# क्रान्ति सिंगो राष्ट्रले गर्छ, केवल एउटा पार्टीले मात्र गर्ने होइन


आधुनिक समाजवादका संस्थापक कार्ल मार्क्स लण्डनको उत्तरी भागमा हेवरस्टक हिलस्थित एउटा सानो घरमा बस्नुहुन्छ । आफ्ना क्रान्तिकारी विचारहरूको प्रचारको कारणले सन् १८४४ मा उहाँले आफ्नो देश जर्मनीबाट निर्वासित हुनुपर्‍यो । सन् १८४८ मा उहाँ पुनः जर्मनी फर्कनुभयो । तर केही महिनाभित्रै उहाँलाई जर्मनीबाट बाहिर निष्काशित गरियो । त्यसपछि उहाँ पेरिसमा बस्न थाल्नुभयो । तर आफ्ना क्रान्तिकारी राजनीतिक विचारको कारणले उहाँले सन् १८४९ मा पेरिस पनि छोड्नुपर्‍यो । त्यसबेलादेखि नै लण्डन उहाँको बस्ने र काम गर्ने केन्द्र हुँदै आएको छ ।

आफ्ना क्रान्तिकारी विचारहरूको कारणले उहाँले क्रियाशील जीवनको शुरूवातदेखि नै बाधा व्यवधानहरूको सामना गर्नुपर्‍यो । उहाँ बसिरहनु भएको घर हेरेर सजिलै अनुमान गर्न सकिन्छ- आफ्नो विचारधाराका लागि उहाँले धेरै ठूलो मूल्य चुकाउनुपरेको छ । र, जीवनका साधारण सुख-सुविधाहरूबाट समेत बञ्चित हुनुपरेको छ । यस्ता सबै व्यवधान र झंझटहरूका बावजूद पनि हालैका वर्षहरूमा उहाँले अत्यन्त लगन र दृढताका साथ आफ्ना विचारहरूको प्रचार लगातार गरिरहनुभएको छ । के कुरा स्पष्ट छ भने यस्तो लगन भनेको विचारहरूप्रति गहिरो संकल्पबाट मात्रै उब्जिन्छ । भलै हामीले त्यस विचारधाराको प्रचारको आलोचना गरौं, तर त्यस व्यक्तिको आत्मत्यागप्रति सम्मानको भावना त जाग्छ नै ।

मैले दुई-तीनपटक यस विलक्षण व्यक्तिलाई भेटिसकेको छु । र, हरेकपटक डा. मार्क्स आफ्नो पुस्तकालयमा एउटा हातमा किताब र अर्को हातमा चुरोट लिएर काम गरिरहेको बेला भेटें । उहाँको उमेर ७० वर्षभन्दा बेसी होला । (यो साक्षात्कारको बेला १८ डिसेम्बर, १८७९ मा मार्क्सको उमेर ६०-६१ वर्षको बीचमा मात्र थियो । किनकि मार्क्सको जन्म ५ मे, १८१८ मा भएको थियो । - अनु.) उहाँ सुगठित, शानदार र सीधा जीउ-डाल भएको प्रभावशाली व्यक्ति हुनुहुन्छ । उहाँको शिर एउटा दार्शनिकको जस्तो छ र उहाँको अनुहार एउटा सुसंस्कृत यहूदीको जस्तो छ । उहाँको शिर र दाह्रीका रौं लामो र खैरो रंगको छ । घना आँखीभौंले ढाकिएका उहाँका आँखाहरू काला, तेजिला र चम्किला छन् ।

कुनै अपरिचित व्यक्तिसँग भेट्नुपर्‍यो भने उहाँ धेरै नै सावधानीका उपायहरू प्रयोग गर्नुहुन्छ । कुनै पनि अपरिचित व्यक्तिले उहाँसँग पक्कै पनि भेट्न सक्दछ, तर भेट्न आउनेहरूको रेखदेखका लागि तैनाथ बूढी जर्मन महिलालाई के चेतावनी दिइएको छ भने जर्मनीबाट आएका कुनै पनि व्यक्तिलाई तबसम्म भित्र ल्याइनु हुँदैन,










## आफ्नो देशबाट पटक पटक निर्वासित जीवन भोग्नुभएका मार्क्सको पारिवारिक जीवनको झाँकी

जबसम्म उसले परिच-पत्र देखाउँदैन ।

*(उक्त महिला निश्चित रूपमा हेलेन डेमुथ हुनुपर्छ, जसले मार्क्सको परिवारको रेखदेख गर्थिन् । -अनु.)*

आफ्नो पुस्तकालयमा उहाँ चश्माको सिसा भित्रबाट आफ्ना तेज आँखाहरूले त्यहाँ आउनेहरूलाई यसरी हेर्नुहुन्छ, मानौं उहाँ त्यहाँ आउनेहरूको ज्ञानको ब्यापकता र गहिराइ नापिरहनुभएको छ । उहाँ आत्मसंयमसमेत छाडेर पाहुनाहरूको रूचि अनुकूल संसारभरका वस्तुहरू र व्यक्तिहरूका बारेमा आफ्नो अगाध ज्ञानको प्रवाहले त्यस व्यक्तिलाई चकित पार्नुहुन्छ । उहाँको कुराकानी कुनै एउटा दिशामा मात्र अगाडि बढ्दैन, बरू उहाँको पुस्तकालयमा सजिएका विविध खाले किताबहरूझैं उहाँको चर्चा-परिचर्चामा पनि ब्यापक विविधता हुन्छ । कुनै व्यक्तिद्वारा पढिएका किताबहरू हेरेरै त्यस व्यक्तिको बारेमा राय बनाउन सकिन्छ । तपाई त्यस व्यक्तिको बारेमा आफ्नो राय आफैं बनाउन सक्नुहुन्छ, जसको पुस्तकालयमा एकनजर सर्सर्ती हेर्दा शेक्सपीयर, डिकेन्स, थैकरे, मोलियर, रेसिन, मानितेन, बेकन, गेटे, भोल्तेयर, पेन आदि अंग्रेज, अमेरिकी र फ्रान्सिसी लेखकहरूका किताबहरू देख्न सक्नुहुन्छ । साथै रूसी, जर्मन, स्पेनीश, इटालियन आदि भाषाहरूमा दर्शन र राजनीतिका पुस्तकहरू पनि त्यहाँ सजिएका छन् ।

उहाँसँगको कुराकानीका क्रममा अमेरिकी समाजका गत बीस वर्षका सर्वाधिक ज्वलन्त प्रश्नहरू र समस्याहरूका बारेमा उहाँको गहिरो जानकारी देखेर म चकित भएँ । अमेरिकी समस्याहरूसम्बन्धी उहाँको जानकारी र राष्ट्रिय तथा राज्यहरूका कानूनहरूको बारेमा उहाँको प्रामाणिक आलोचना सुनेर मैले अनुमान गरें- अमेरिकाको बारेमा उहाँको जानकारी अमेरिकी आन्तरिक स्रोतहरूबाटै प्राप्त भएको हुनुपर्दछ । उहाँको ज्ञानको प्रामाणिकता, गहिराइ र ब्यापकता केवल अमेरिकासम्म मात्रै सीमित छैन, पूरै यूरोपको बारेमा उहाँको ज्ञान समान रूपले प्रामाणिक, गहिरो र ब्यापक छ ।

**"भलै हामीले त्यस विचारधाराको प्रचारको आलोचना गरौं, तर त्यस व्यक्तिको आत्मत्यागप्रति सम्मानको भावना त जाग्छ नै"**


आफ्नो जीवनको विशेष सोखको रूपमा रहेको समाजवादको विषयमा चर्चा गर्दा पनि उहाँ त्यस अति नाटकीयताको शिकार हुनुभएन, जुन अति नाटकीयताको आरोप उहाँमाथि धेरैजसो लगाइन्छ । बरू उहाँ 'मानव जातिको मुक्ति' सम्बन्धी आफ्ना काल्पनिक योजनाहरूका बारेमा यति दृढतापूर्वक चर्चा गर्नुहुन्छ कि उहाँको सिद्धान्त यस शताब्दीमा नभए अर्को शताब्दीमा त जरूर सही सावित हुनेछ । *(बीसौं शताब्दीको शुरूमै सन् १९१७ मा रूसको समाजवादी क्रान्तिले मार्क्सको सिद्धान्तको सत्यतालाई सिद्ध गरेको तथ्य स्मरणीय देखिन्छ । -अनु.)*

अमेरिकामा डा. मार्क्स पूँजीको लेखक र अन्तर्राष्ट्रिय समाजका संस्थापक वा त्यसका प्रमुख नेताको रूपमा परिचित हुनुहुन्छ ।

*(अन्तर्राष्ट्रिय समाज वास्तवमा सन् १८६४ मा स्थापित अन्तर्राष्ट्रिय मजदूर संगठन नै थियो । - अनु.)* उहाँले यस साक्षात्कारमा यस संगठनको वर्तमान स्वरूपमाथि प्रकाश पार्नुभएको छ । फेरि पनि इन्टरनेशनलको साधारण परिषदको अनुमतिमा सन् १८७१ मा प्रकाशित इन्टरनेशनलका सामान्य नियमहरूका केही अंशहरू तपाईहरूको लागि पठाइरहेको छु, ताकि ती नियमहरू हेरेर स्वयं तपाईहरू यस संगठनका उद्देश्यहरू र नियतहरूको बारेमा आफ्नो राय बनाउन सक्नुहुनेछ । यसको प्रस्तावनाअनुसार 'मजदूर वर्गको मुक्तिको लागि संघर्षको अर्थ वर्ग-विशेषाधिकारहरू र वर्ग-एकाधिकारहरूको प्राप्तिको लागि संघर्ष होइन, बरू समान अधिकार र कर्त्तव्यहरूको स्थापना तथा सबै खालका वर्ग-शासनहरूलाई पूर्णतः समाप्त गर्नका लागि संघर्ष गर्नु हो । जीवनको मूल स्रोत श्रमको साधनमाथि एकाधिकार कायम राखिराख्ने पूँजीपति वर्गको हातबाट निचोरिएको मजदूरवर्गको सार्वभौम दासता नै हरेक किसिमका दासता, सामाजिक दुर्दशा, मानसिक पतन र राजनीतिक पराधीनताको मूल कारण हो । र संसारभरका मजदूरवर्गको मुक्तिका लागि भएका अहिलेसम्मका प्रयासहरू विभिन्न देशका मजदूरहरूको आपसी फूट अनि एकताको अभावको कारणले नै असफल भएका छन् ।' यस प्रस्तावनामा 'अहिलेसम्म परस्पर अलग-थलग भइरहेका आन्दोलनहरूबीच तुरुन्त एकता कायम गर्नका लागि' आह्वान गरिएको छ । प्रस्तावनाअनुसार यस संगठनमा 'कर्तव्यबिना अधिकार र अधिकारबिना कर्तव्य' को लागि कुनै ठाउँ छैन । यसको मतलब हो- संगठनको हरेक सदस्य मजदूर नै हुनुपर्दछ ।

*(त्यसपछि संवाददाताले इन्टरनेशनलका साधारण नियमहरू, काम गर्ने तौरतरिकाहरू, त्यसका विभिन्न समितिहरू र परिषदहरूको बारेमा लेखेका छन् र साधारण परिषदका सदस्यहरूको नामावली दिएका छन् । यसका साथै सी. ब्रैकोफ्ट डेविसको १८७७ को सरकारी रिपोर्टको आधारमा १२ वटा मागहरू पनि उल्लेख गरिएका छन् । कार्ल मार्क्सका अनुसार, ती मागहरू मे १८७५ को गोथामा भएको समाजवादी सम्मेलनको रिपोर्टबाट लिइएका हुन् । यो भाग बेसी नै लम्बिने र वर्तमान स्थितिमा अति जरूरी नभएको ठानेर यहाँ प्रस्तुत गरिएको छैन ।*

*डेविसको रिपोर्ट अनुसार १२ वटा मागहरूमध्ये अन्तिम माग चाहिँ हो- 'प्रजातान्त्रिक तरिकाबाट औद्योगिक संस्थाहरूलाई सरकारी सहायता र ऋण दिनुपर्दछ ।' मार्क्सले चर्चाको क्रममा यो अन्तिम मागलाई छोड्नुभएको थियो, किनकि यो एउटा पूँजीवादी माग हो । संवाददाताले डेविसको रिपोर्टका बाह्रौं मागको चर्चा गर्दै मार्क्ससँग के सोधे भने उहाँले यो मागलाई किन छोड्नु भयो ? - अनुवादक)*



**मार्क्ससँगको कुराकानीका क्रममा अमेरिकी समाजका गत बीस वर्षका सर्वाधिक ज्वलन्त प्रश्नहरू र समस्याहरूका बारेमा उहाँको गहिरो जानकारी देखेर म चकित भएँ**

डा. मार्क्स : सन् १८७५ मा जब गोथामा समाजवादी सम्मेलन भएको थियो, त्यसबेला सोशल डेमोक्रेट्सका समर्थकहरू इन्टरनेशनलका कार्यक्रमहरूलाई सामान्यतः स्वीकार गर्दथे, उनीहरूलाई आइजेनेक पार्टी पनि भनिन्थ्यो । बाह्रौं मागलाई सम्मेलनको सभाले स्वीकार गरेको थिएन, बरू त्यसलाई केही मानिसहरूको सन्तोषका लागि राखिएको थियो । त्यसपछि यो मागको बारेमा कहिले पनि चर्चा भएन । तर डेविस यसलाई मनको सन्तोषको लागि कार्यक्रममा राखिएको हो भन्ने कुरा स्वीकार्दैनन्, बरू उनी यसलाई कार्यक्रमको मूलभूत सिद्वान्तमध्ये एउटा पक्षको रूपमा प्रस्तुत गर्दछन् ।

● **संवाददाता- तर समाजवादीहरूको आन्दोलनको अन्तिम उद्देश्य श्रमका साधनहरूलाई समाजको सार्वजनिक सम्पत्तिको रूपमा फेर्नु नै त हो नि ?**

❖ डा. मार्क्स : हो, पक्कै हो, हामी के भन्छौं भने आन्दोलनको परिणाम यस्तै हुनेछ । तर त्यसको लागि समय, शिक्षा र उच्चस्तर भएका सामाजिक संस्थाहरूको जरूरत हुनेछ ।

● **सं.दा. : तपाईहरूको यो घोषणापत्र र मोर्चा केवल जर्मनी वा केही त्यस्तै एक-दुईटा देशहरूका लागि मात्र उपयोगी हुनेछन् ।**


❖ डा. मार्क्स : वाह ! यदि तपाईं यही घोषणापत्र मात्रै पढेर हाम्रो बारेमा नतिजा निकाल्ने प्रयास गर्नुहुन्छ भने म भन्छु- तपाईं हाम्रो संगठनका गतिविधिहरूको बारेमा केही पनि जान्न सक्नुहुन्न । स्पष्ट छ- यस घोषणापत्रका कैयौं कुराहरूको जर्मनीभन्दा बाहिर कुनै महत्व छैन । स्पेन, रूस, बेलायत र अमेरिकामा ती देशका आ-आफ्ना विशेष कठिनाइहरू अनुरूप मोर्चा र संगठनहरू बनेका छन् । ती सबै संगठनहरूबीच समानता भनेको केवल उद्देश्य मात्रै हो, जुन हामी प्राप्त गर्न चाहन्छौं ।

● **सं.दा. : त्यो उद्देश्य भनेको के मजदूरवर्गको प्रभुत्व कायम गर्नु हो ?**

❖ डा. मार्क्स : होइन हजूर । त्यो उद्देश्य हो - मजदूरवर्गको मुक्ति ।

● **सं.दा. : के यूरोपका समाजवादीहरू अमेरिकी मजदूर आन्दोलनलाई महत्वपूर्ण मान्दछन् ?**

❖ डा. मार्क्स : हो हजूर । अमेरिकी मजदूर आन्दोलन त्यो देशको विकासको स्वाभाविक परिणाम हो । के पनि आरोप लगाइन्छ भने त्यहाँ विदेशीहरूद्वारा बाहिरबाट आन्दोलन ल्याइएको हो । आजभन्दा ५० वर्ष अगाडि जब बेलायतमा मजदूर आन्दोलनको रूप जुझारू हुनथालेको थियो, तब यहाँ पनि त्यस्तै भनिएको थियो र यो कुरा समाजवादको चर्चा हुन थाल्नुभन्दा अगावैको कुरा हो । अमेरिकामा सन् १८५७ पछिदेखि नै मजदूर आन्दोलन प्रभावशाली हुन लागेको हो । त्यसपछि मजदूर यूनियनहरू फल्न-फूल्न थाले । त्यसपछि त्यस्ता मजदूरसभाहरूको निर्माण हुनथाल्यो, जसबाट विभिन्न उद्योगहरूमा काम गर्ने मजदूरहरूबीच



पूँजीवादको चिरफार गर्नमा व्यस्त मर्क्स र एंगेल्स

एकता कायम भयो । र अन्त्यमा राष्ट्रिय मजदूर संघको स्थापना भयो । यदि तपाईंले यो क्रमिक विकासमाथि ध्यान दिनुभयो भने तपाईंलाई थाहा हुनेछ– विदेशीहरूको मद्दतविना नै अमेरिकामा समाजवाद पैदा भयो र त्यो पूँजीको केन्द्रीकरण तथा मजदूर एवं मालिकको बदलिंदो सम्बन्धका कारण संभव भयो ।

**● सं. दा. : अब मलाई के बताउनुस् भने तपाईंको समाजवादले अहिलेसम्म के के गऱ्यो ?**

❖ डा. मार्क्स : दुईवटै कुरा भएका छन् । समाजवादीहरूले पूँजी र श्रमको व्यापक संघर्षको बाटो देखाएका छन् । अर्थात् त्यसलाई विश्वव्यापी बनाएका छन् । यसैको फलस्वरूप संसारभरका मजदूरहरूबीच एकताको विचार जन्मिएको छ । र विचार अहिले अरू बेसी आवश्यक भएको छ, किनकि पूँजीपतिहरूले मजदूरको बहालीका लागि संसारभरका मजदूरहरूमाथि आँखा लाउनथालेका छन् । अमेरिकामा मात्रै होइन, बेलायत, फ्रान्स, र जर्मनीका पूँजीपतिहरूले समेत स्वदेशी मजदूरहरूका विरूद्ध विदेशी मजदूरहरूलाई उपयोग गर्नथालेका छन् । यसबाट के सावित भयो भने समाजवाद कुनै स्थानीय समस्या होइन रहेछ । र यसको समाधान त संसारभरका मजदूरहरू एक भएर गर्नुपर्ने रहेछ । मजदूरवर्ग आफ्नो आन्दोलनका उद्देश्यहरूको बारेमा ज्ञान नहुँदा नहुँदै पनि आफसेआफ लगातार अगाडि बढिरहेको छ । समाजवादीहरूले त आन्दोलनको चरित्र र उद्देश्य बताउने काम गरेका हुन् ।

**● सं. दा. : मेरो विचारमा यसको मतलब हो– वर्तमान समाज व्यवस्थालाई उखेलेर फ्याँक्नु ।**

❖ डा. मार्क्स : हाम्रो विचार के छ भने वर्तमान व्यवस्थामा एकातिर पूँजीपतिहरूको हातमा पूँजी र भूमि छ अनि अर्कोतिर मजदूरहरूसँग एउटा बजारको बस्तुको रूपमा बेच्नका लागि श्रमशक्ति मात्रै छ । यो व्यवस्था पनि एउटा त्यस्तो ऐतिहासिक अवस्था हो, जुन समाप्त हुनैपर्छ र त्यसको ठाउँमा योभन्दा बेसी उन्नत सामाजिक व्यवस्था कायम हुनैपर्छ । हामीलाई थाहा छ– सबै ठाउँमा समाज वर्गहरूमा विभाजित छ । आधुनिक औद्योगिक देशहरूमा औद्योगिक साधनहरूको विकास सँगसँगै पूँजीपति र मजदूरवर्ग बीचको आपसी वैमनस्य पनि बढिरहेको छ । समाजवादीहरूको दृष्टिकोणमा वर्तमान ऐतिहासिक अवस्थामा क्रान्तिको तत्व विद्यमान छ । कैयौं देशहरूमा मजदूर यूनियनहरूको आधारमा राजनीतिक संगठनहरू पनि निर्माण भएका छन् । अमेरिकामा पनि मजदूरवर्गको आफ्नै एउटा पार्टी बनाउनु जरूरी छ । मजदूरहरूले अब पेशेवर राजनीतिज्ञहरूमाथि अरू बेसी भरोसा गर्न सक्दैनन् । सांसदहरू गूटबाजीको शिकार भएका छन् र संसद त्यस्तैको अखडा भएको छ । राजनीति व्यवसाय भएको छ । यो दशा अमेरिकामा मात्र सीमित छैन, यूरोपमा पनि यस्तै हाल छ । फरक के मात्रै हो भने यूरोपबासीहरूको तुलनामा अमेरिकी जनता केही बेसी सावधान र दृढ निश्चय भएका मानिसहरू हुन् । अमेरिकामा सबैको रहस्य तुरून्तै खुल्छ । महासागरको वारि जति शब्द–आडम्वर र मारकाट छ, त्यति उता पारितिर छैन ।

**● सं.दा. : जर्मनीमा समाजवादी पार्टीको तीव्रतापूर्वक भएको विकासको कारण के हो ?**

❖ डा. मार्क्स : जर्मनीको वर्तमान समाजवादी पार्टी धेरै नै नयाँ पार्टी हो । बेलायत र फ्रान्समा भैं जर्मनीमा काल्पनिक समाजवादीहरूको विचारधाराको प्रभाव पहिलेदेखि थिएन । जर्मनीवालाहरू सिद्धान्त रचना गर्ने कार्यमा अरूभन्दा अलि बेसी नै कुशल छन् । विगतका अनुभवहरूबाट सिकेर जर्मनीवालाहरूले केही निर्णय गरे । तपाईंलाई थाहा छ होला– यूरोपका अरू देशहरूको तुलनामा यो पूँजीवादी व्यवस्था जर्मनीको लागि धेरै नै नयाँ व्यवस्था हो । जब जर्मनीका मजदूरहरूले समाजवादी विचारलाई अंगीकार गरे, तब बेलायत र फ्रान्समा पुराना भइसकेका प्रश्नहरू जर्मनीमा नयाँ नयाँ रूप–रंगमा उठ्न थाले । अनि ती देशहरूमा उत्पन्न भएका राजनीतिक प्रभावहरूको असर जर्मनीका मजदूरहरूको जीवनमाथि पनि पऱ्यो । त्यसैले आधुनिक औद्योगिक विकासको शुरूवातसँगसँगै त्यहाँका मजदूरहरूले आफ्नै स्वतन्त्र राजनीतिक पार्टी बनाए । जर्मनीको संसदमा उनीहरूका आफ्नै प्रतिनिधि थिए । सरकारका नीतिहरूको विरोध गर्ने अर्को कुनै दल थिएन, त्यसैले त्यो जिम्मेवारी पनि मजदूरहरूकै प्रतिनिधिहरूको काँधमाथि आइपरेको थियो । यस पार्टीको रूपरेखाबारे बताउन धेरै समय लाग्नेछ, तर म यति चाहिं भन्नसक्छु– यदि जर्मनीको मध्यमवर्गमा घनघोर कायरता नभएको भए, उनीहरू बेलायत र अमेरिकाको मध्यमवर्गको समान भएको भए सरकारविरूद्ध गर्नुपर्ने सबै राजनैतिक काम उनीहरूले नै गर्नुपर्दथ्यो ।


**● सं.दा. : इन्टरनेशनलवादी–हरूबीच लासालवादीहरूको संख्या कति होला ?**

❖ डा. मार्क्स : लासालको कुनै पार्टी छैन । हाम्रो संगठनमा लासालको सिद्धान्तमाथि विश्वास गर्ने केही मानिसहरू छन्, तर उनीहरूको संख्या धेरै नै कम छ । लासाललाई हाम्रा सामान्य सिद्धान्तहरूको अनुमान थियो । त्यसैले जब उनले सन् १८४८ का घटनाहरू पछि जगैदेखि आफ्ना गतिविधिहरू शुरू गर्दा कल्पना गरेका थिए– औद्योगिक प्रतिष्ठानहरूमा मजदूरहरूको सहयोगको वकालत गरेर आफ्नो आन्दोलनलाई फेरि एकपटक धेरै सफलतापूर्वक चलाउन सकिनेछ । यो चाहिं मजदूरहरूलाई फेरि सक्रिय पार्ने उनको कोशिश थियो । यसलाई उनी आन्दोलनको वास्तविक उद्देश्य पूरा गर्ने साधन नै संभन्थे । उनको यस्तो आशयको चिट्ठी मसँग छ ।

**● सं.दा. : के तपाईं यसलाई उनको रामबाण भन्न चाहनुहुन्छ ?**



**पेरिसका सडकहरूमा पूँजीपतिहरूको क्रूर शासनविरूद्ध लडिरहेका पेरिस कम्युनका बीर योद्धाहरूको समर्थनमा मार्क्सले बुलन्द आवाज उठाउनुभएको थियो**



*मजदूरहरूले अब पेशेवर राजनीतिज्ञहरूमाथि अरू बेसी भरोसा गर्न सक्दैनन् । सांसदहरू गूटबाजीको शिकार भएका छन् र संसद त्यस्तैको अखडा भएको छ । राजनीति व्यवसाय भएको छ ।*

❖ डा. मार्क्स : निश्चित रूपले । उनले बिस्मार्कसँग भेटे, आफ्नो योजनाको बारेमा उनीसँग चर्चा गरे । अनि बिस्मार्कले त्यसबेला लासालका गतिविधिहरूलाई हरतरहले बढावा दिए ।

● **स. दा. : यस्तो गर्नुको पछाडि बिस्मार्कको उद्देश्य के थियो ?**

❖ डा. मार्क्स : उनी सन् १८४८ को विद्रोह भड्काउने मध्यमवर्ग विरूद्ध मजदूरवर्गलाई प्रयोग गर्न चाहन्थे ।

● **सं. दा. : के भनिन्छ भने तपाईं समाजवादका अध्यक्ष र नेता हुनुहुन्छ अनि तपाईं यहाँबाट, आफ्नो घरबाट, आजमोलिका सबै प्रकारका संगठनहरू र क्रान्तिहरूको संचालन गर्नुहुन्छ । यस सम्बन्धमा तपाईं केही भन्न चाहनुहुन्छ कि ?**

❖ डा. मार्क्स : (हलुका मुस्कानसहित)- मलाई यस सम्बन्धमा जानकारी छ । मलाई लाग्छ- यो एकदम अर्थहीन कुरा हो, तर यसमा एउटा मनोरंजक पक्ष पनि छ । होदेतको प्रयासभन्दा दुई महिना अगाडि बिस्मार्कले आफ्नो पत्रिका 'नर्थ जर्मन गजेट' मा मेरो विरूद्ध गुनासो गरेका थिए- मैले जेसुइट आन्दोलनका नेता फादर ब्यारेकसँग मिलिभगत गरिरहेको छु, अनि हामी दुवैले मिलेर समाजवादी आन्दोलनलाई यस्तो रूप दिइरहेका हौं, ताकि बिस्मार्कले यो आन्दोलनसँग कुनै सम्बन्ध राख्न नसकून् ।

● **सं.दा. : तर लण्डनबाट तपाईंको अन्तर्राष्ट्रिय समाजले आन्दोलन त संचालन गरिरहेकै छ नि ?**

❖ डा. मार्क्स : अन्तर्राष्ट्रिय समाजको उपयोगिता अब समाप्त भइसकेको छ र अब त्यसको कुनै अस्तित्व छैन । पहिले त्यसको अस्तित्व थियो र त्यसको माध्यमबाट आन्दोलनको संचालन पनि हुन्थ्यो । तर हालका केही वर्षहरूमा समाजवादको विकास यति धेरै भइसकेको छ कि अब इन्टरनेशनलको कुनै जरूरत नै रहेन । अहिले विभिन्न देशहरूमा अखबारहरू प्रकाशित भइरहेका छन् । तिनीहरूबीच आपसमा आदान-प्रदान पनि भइरहेका छन् । विभिन्न देशहरूमा काम गरिरहेका पार्टीहरूबीच आपसी सम्बन्धको यही नै एकमात्र माध्यम हो । अन्तर्राष्ट्रिय समाजको स्थापना केको लागि गरिएको थियो भने मजदूरहरूलाई संगठित गर्न सकियोस् र विभिन्न राष्ट्रका मजदूरका संगठनहरूमा आपसी एकता कायम गर्न सकियोस् । हरेक देशका मजदूर संगठनहरूका आ-आफ्नै खाले हितहरू छन्, जुन अरूसँग भिन्नै छन् । त्यसैले लण्डनमा बसिरहेका इन्टरनेशनलका नेताहरूको कालो छायाँ हरेक ठाउँमा घुम्नथालेको कुरा मनगढन्त हो । के कुरा सत्य हो भने- जब इन्टरनेशनलको स्थापना भएको थियो, तब हामी विदेशी संगठनहरूलाई सल्लाह दिन्थ्यौं । हामी न्यूयोर्कका केही समूहहरूलाई इन्टरनेशनलबाट अलग्याउनका लागि पनि विवश भएका थियौं । तीमध्ये म्याडम वुडहलको प्रभाव भएको एउटा गुट पनि थियो । यो सन् १८७१ को कुरा हो । त्यस्ता अमेरिकी राजनीतिज्ञहरू धेरै छन्, जो त्यस आन्दोलनबाट लाभ उठाउन चाहन्छन् । म उनीहरूको नाम लिन चाहन्न । तर अमेरिकी समाजवादीहरू उनीहरूलाई राम्ररी नै चिन्दछन् ।

● **सं.दा. : डा. मार्क्स ! के पनि भनिन्छ भने तपाईंका अनुयायीहरूका साथै तपाईंले धर्मको विरूद्ध आगो ओकल्ने खालको भाषण दिनुभएको छ । निश्चय नै तपाईं चाहनुहुन्छ- हुनेछ । तर जर्मनी, इटली, रूस र अष्ट्रियामा अवश्य रक्तपात हुनेछ ।" कुनै पनि समाजले के कुरा घोषणा गर्नु जरूरी छैन भने रूस, जर्मनी, अष्ट्रिया विशेषगरी इटलीमा यदि वर्तमान सरकारी नीतिहरू चलिरहे भने रक्तरंजित क्रान्ति अनिवार्य हुनेछ, फ्रान्सिसी क्रान्तिका घटनाहरू ती देशहरूमा दोहोरिनेछन् । यो त राजनीतिका कुनै पनि विद्यार्थीले बुझ्न सक्छ । तर क्रान्तिहरू बहुमतद्वारा हुनेछन् । क्रान्ति एउटा पार्टीले मात्र गर्न सक्दैन, बरू सिंगो राष्ट्रले क्रान्ति गर्दछ ।**

● **सं.दा. : त्यस आदरणीय व्यक्तिले सन् १८७१ मा पेरिसका कम्युनिष्टलाई लेखिएको एउटा पत्रको एक अंश उल्लेख गरेका छन्, जसमा तपाईंले लेख्नुभएको छ- "अहिले हामी केवल ३० लाख छौं, आउँदो २० वर्षमा ५ करोड वा १० करोड हुनेछौं, तब संसार हाम्रो हुनेछ, किनकि तब पेरिस, लियोंस, मारसेलिजमा मात्रै घृणित पूँजीको विरूद्ध विद्रोह हुने होइन, बरू बर्लिन, म्यूनिख, ड्रेसडेन, लण्डन, लिभरपूल, म्यान्चेस्टर, ब्रसेल्स, सेन्ट पीटर्सवर्ग, न्यूयोर्क**



*जून, १८४८ मा पेरिसका श्रमिकहरूद्वारा गरिएको सशस्त्र आम विद्रोहको एक दृश्य*

**हामीलाई थाहा छ- धर्मको विरूद्ध हिंसात्मक कारवाही गर्नु निरर्थक छ । समाजवादको विकास सँगसँगै धर्म गायब हुँदै जानेछ । र, धर्मको लोप सामाजिक विकासको कारणले हुनुपर्दछ । र यसमा शिक्षाको महत्वपूर्ण भूमिका हुनुपर्दछ ।**

**वर्तमान व्यवस्था सम्पूर्ण रूपमा समूल बर्बाद होस् !**

❖ डा. मार्क्स : (एकै क्षण रोकिएर) हामीलाई थाहा छ- धर्मको विरूद्ध हिंसात्मक कारवाही गर्नु निरर्थक छ । समाजवादको विकास सँगसँगै धर्म गायब हुँदै जानेछ । र, धर्मको लोप सामाजिक विकासको कारणले हुनुपर्दछ । र यसमा शिक्षाको महत्वपूर्ण भूमिका हुनुपर्दछ ।

● **सं.दा. : तपाईं बोस्टनका पादरी कुकलाई चिन्नुहुन्छ ?**

❖ डा. मार्क्स : मैले उनको बारेमा केही सुनेको छु । समाजवादको सम्बन्धमा उनको जानकारी धेरै नै गलत किसिमको छ । हालैको आफ्नो भाषणमा उनले भनेका थिए- "डा मार्क्स भन्छन्, अमेरिका, ग्रेट ब्रिटेन र शायद फ्रान्समा विनारक्तरंजित क्रान्ति नै मजदूरहरूको दशामा सुधार

**अर्थात् सम्पूर्ण संसारमा त्यस्ता विद्रोहहरू हुनेछन् । अहिलेसम्मको इतिहासको यस अभूतपूर्व विद्रोहको सामुन्ने अतीत भयानक नराम्रो सपना जस्तै गायब हुनेछ, किनकि अनेक ठाउँमा एक्कैचोटि लगाइएको यो आगोले अतीतको आगोलाई भस्म गर्नेछ ।" डा. मार्क्स ! के यहाँले यस्तो पत्र लेख्नुभएको साँचो हो ?**

❖ डा. मार्क्स : यसको एउटा शब्द पनि मैले लेखेको होइन । म यस्तो अति नाटकीयताले भरिएका अनर्गल प्रलापहरू कहिले पनि लेख्दिन । म जे जति लेख्दछु, अति नै धेरै सोचविचार गरेर लेख्दछु । त्यसबेला यो पत्र 'ला फिगरो' (फ्रान्सको एउटा अखवार)मा मेरो जाली हस्ताक्षरका साथ छापिएको थियो । त्यसबेला यस्ता सयौं पत्रहरू हावामा उडाइएका थिए । मैले त्यसबेला 'लण्डन टाइम्स'मा लेखेको थिएँ- "यी पत्रहरू जाली हुन् ।" तर मेरो बारेमा जति धेरै भूठो प्रचार



*हाइगेट चिहानस्थित मार्क्सको समाधिस्थल : मार्क्सको मृत्युपछि पनि मार्क्सवादको विकास र विस्तार रोकिएको छैन*

गरियो र असत्य लेखियो, यदि मैले ती सबै भूठहरूको खण्डन गरिरहें भने त्यसका लागि मलाई बीस जना सहायकहरूको जरूरत हुनेछ ।

● **सं.दा. : तर तपाईंले पेरिसका कम्युनिष्टहरूको समर्थनमा लेख्नु त भएको थियो नै, होइन र ?**

❖ **डा. मार्क्स** : हो हजुर, हो । मैले पत्र लेखेको थिएँ । *(विस्तृत जानकारीको लागि मार्क्सको प्रसिद्ध किताब 'फ्रान्समा गृहयुद्ध' पढ्नुहोला -अनु.)* खासगरी उनीहरूको बारेमा प्रमुख अखबारहरूका मुख्य लेखहरूमा जुन भूठ लेखिएको थियो, त्यसको तुलनामा मैले उनीहरूप्रति सहानुभूतिसहित केही लेखेको थिएँ । ती अखबारहरूका सम्पादकीय लेखहरूमा पेरिस कम्युनको बारेमा जून भूठ प्रचार गरिएको थियो, त्यसको खण्डनका लागि अंग्रेजी अखबारहरूमा छापिएका पेरिसबासीहरूका पत्रहरू नै काफी सक्षम छन् । कम्युनको कारणले करिब ६० जनाको मृत्यु भएको थियो, जबकि मार्शल म्याकमोहन र त्यसको हत्यारा सेनाले ६० हजारभन्दा बेसी मानिसहरूको हत्या गरे । कम्युनमाथि जति हिलो छ्यापियो, त्यति त आजसम्म कुनै पनि अरू आन्दोलनमाथि छ्यापिएको छैन ।

● **सं.दा. : जेहोस्, के समाजवाद ल्याउनका लागि समाजवादीहरू हत्या र रक्तपातको वकालत गर्छन् ?**

❖ **डा. मार्क्स** : आजसम्म कुनै पनि महान आन्दोलन विनारक्तपात शुरू भएको छैन । अमेरिकाको स्वतन्त्रताका लागि रगत बग्यो । नेपोलियनले रक्तपातकै माध्यमबाट फ्रान्समाथि कब्जा गरे र त्यसरी नै उनको अन्त्य भयो । इटली, बेलायत, जर्मनी र यहाँसम्म कि हरेक देशमा यस कुराको सबूत-प्रमाण फेला पर्नेछन् । यदि हत्याकै बारेमा विचार गर्ने हो भने पनि यो कुनै नयाँ चीज होइन । ओर्सिनीले नेपोलियनको हत्या गर्ने प्रयास गरे, इसाईहरूले हत्या गरे, क्रामबेलको जमानामा प्यूरिटनहरूले हत्या गरे । र वास्तविकता के हो भने राजाहरूले जति हत्या गरे, त्यति त अरू कसैले पनि गरेका छैनन् । यी सबै हत्याहरू वा हत्याका प्रयासहरू समाजवाद आउनुभन्दा अगावै भएका हुन् । आज यदि कसैले पनि राजकीय वा सरकारी व्यक्तिको हत्याको प्रयास गरेमा त्यसको जिम्मेवारी समाजवादको टाउकोमा थोपरीदिने चलन बढेको छ । वर्तमान स्थितिमा जर्मन सम्राटको मृत्युबाट समाजवादीहरू धेरै नै दुःखित हुनेछन् । आफ्नो ठाउँमा उनी निकै उपयोगी व्यक्ति हुन् र अन्य राजनीतिज्ञहरूको तुलनामा बिस्मार्क आफ्ना अतिवादी कारवाहीहरूका कारणले हाम्रा उद्देश्यहरूका लागि धेरै नै उपयोगी साबित भएका छन् ।

● **सं.दा. : बिस्मार्कको बारेमा तपाईंको आफ्नो मूल्यांकन के छ ?**

❖ **डा. मार्क्स** : जबसम्म नेपोलियनको पतन भएको थिएन, तबसम्म उनी एउटा प्रतिक्रियावादी व्यक्ति मानिन्थे । तर जब नेपोलियनको पतन भयो, मानिसहरू उनलाई मूर्ख भन्न थाले । बिस्मार्कको पनि त्यही दशा हुनेछ । उनले एकीकरणको निहुँमा तानाशाहीको स्थापना गरे, तर अहिले उनका काला करतूतहरूको रहस्य मानिसहरूलाई थाहा भइसकेको छ । उनको पछिल्लो चाल राज्य-विप्लव गर्ने एउटा प्रयास थियो । तर त्यो पनि असफल हुनेछ । फ्रान्सका समाजवादीहरूले जस्तै जर्मनीका समाजवादीहरूले पनि सन् १८७० को युद्धलाई दुई राजवंशहरूको कोरा युद्ध संभेर त्यसको विरोध गरे । उनीहरूले जर्मनीलाई सावधान गर्दै आफ्नो घोषणापत्रमा भने- यदि जनताले यस तथाकथित सुरक्षात्मक लडाइँलाई विजय-अभियानको रूप लिन दिएमा उनीहरू सैनिक तानाशाहीको दमनको शिकार हुनेछन् । र किसान-मजदूरहरूमाथि निर्मम अत्याचार हुनेछ । फ्रान्ससँग सम्मानजनक शान्तिको समर्थनमा सभाहरू गर्ने र घोषणापत्र निकाल्ने काम गरेबापत जर्मनीको सोशल डेमोक्रेटिक पार्टीमाथि जर्मन सरकारले दमन गर्‍यो र पार्टीका अनेक नेताहरूलाई कैद गर्‍यो । फेरि पनि त्यही पार्टीका प्रतिनिधिहरूले नै जर्मन संसदमा फ्रान्सका प्रान्तहरू जबर्जस्ती हड्पेर जर्मनीमा मिलाएकोमा जोड्दार विरोध गरिरहेका छन् ।

बिस्मार्कले शक्ति प्रयोग गरेर आफ्ना नीतिहरू लागू गरे । अनि मानिसहरूले उनको बुद्धिको तारीफ गरे । लडाइँ भयो, अनि जब बिस्मार्कको विजयका संभावनाहरू समाप्त भए, तब मात्र मानिसहरूले उनीबाट नयाँ विचारहरूको आशा गरे । तर यस काममा उनी नराम्ररी असफल भए । उनीमाथि मानिसहरूको विश्वास कम हुनथाल्यो । उनको लोकप्रियता घट्नथाल्यो । उनलाई धन चाहिएको छ र राज्यलाई पनि धनको जरूरत छ । त्यसैले एउटा बनावटी संविधानको निहुँमा उनले एकीकरण र सेनासम्बन्धी आफ्नो योजनाहरूका लागि जनतामाथि कम्मरै भाँचने खालको कर लगाए । अनि अहिले उनी संविधानलाई नै रद्दीको टोकरीमा फ्याँकेर जनतामाथि अरू बेसी कर लगाउन चाहन्छन् । जनतामाथि मनपरी ढंगले कर लगाउनका लागि अब उनले समाजवादको हौवा खडा गरिरहेका छन् र दंगा-फसादको स्थिति सिर्जना गर्न सकभर प्रयास गरिरहेका छन् ।

**मनपरी ढंगले कर लगाउनका लागि अब बिस्मार्कले समाजवादको हौवा खडा गरिरहेका छन् र दंगा-फसादको स्थिति सिर्जना गर्न सकभर प्रयास गरिरहेका छन्**

● **सं.दा. : के तपाईंलाई बर्लिनबाट लगातार सूचना प्राप्त भइरहेको छ ?**

❖ **डा. मार्क्स** : हो हजुर, मेरा साथीहरूले मलाई बराबर सूचना पठाइरहेका छन् । जर्मनी आजभोलि पूरै शान्त छ र यसले गर्दा बिस्मार्क पूरै दुःखित भएका छन् । उनले हेसेलमन, राकोब र वामन आदि ४८ जना युवा नेताहरूलाई जर्मनीबाट निष्काशित गरेका छन् । *(बाबेलको आत्मकथाअनुसार ६१ जना नेताहरूलाई देश-निकालाको सजायँ दिइएको थियो । उनीहरूमध्ये अधिकांशले ४८ घण्टाभित्र जर्मनी छोड्नु पर्‍यो । यस्तो लाग्छ- संवाददाताले ४८ घण्टाको समयलाई निष्काशितहरूको संख्या ठान्न पुगे ।- अनु.)* ती नेताहरूले त्यसबेला जर्मनीका मजदूरहरूलाई शान्त पारिराखेका थिए । बिस्मार्कलाई यो कुरा थाहा थियो । उनलाई के पनि थाहा थियो भने त्यसबेला शहरमा करिब ७५ हजार मजदूरहरू भोकमरीको शिकार भइरहेका थिए । उनको अनुमान थियो- ती नेताहरू जर्मनीबाट बाहिर जानासाथ जनता बेचैन भएर विद्रोह गर्न थाल्नेछन् र आफूलाई रगतको होली खेल्ने सुवर्ण अवसर प्राप्त हुनेछ । सिंगो जर्मन साम्राज्यमा दमन-चक्र तीव्रतापूर्वक चल्नेछ र उनलाई आफ्नो 'रक्तपात तथा दमन-चक्र'को प्रिय सिद्वान्तलाई सम्पूर्ण रूपमा व्यवहारमा लागू गर्ने मौका प्राप्त हुनेछ । त्यसपछि त जनतामाथि मनपरी ढंगले कर लगाउन पनि सजिलो हुनेछ । तर अहिलेसम्म त्यहाँ कुनै दंगा-फसाद भएको छैन । बिस्मार्क यस्तो स्थिति देखेर हैरान भइरहेका छन् । र सबै राजनीतिज्ञहरू उनलाई हास्यपात्र बनाएर उडाइरहेका छन् । ❑

*(१८ डिसेम्बर, १८७८ मा लिइएको यो अन्तर्वार्ता ९ जून, १८७९ को 'शिकागो ट्रिब्यून'मा प्रकाशित भएको थियो)*

*- अनु. राजेन्द्र महर्जन*

# त्यतिबेला पनि म पार्टी फुटाउने पक्षमा थिइन

- निर्मल लामा -

महामन्त्रीबाट हट्नुभएपछि क. मोहनबिक्रम सिंह दक्षिण भारतको मद्रासतिर गएर बस्नुभयो । उहाँले त्यहीं बसेर जिल्ला-जिल्लाबाट साथीहरूलाई त्यहाँ बोलाई 'यो कांग्रेसी हो, यो संशोधनवादी हो, यो पंचको मान्छे हो, यो राजदरवारको मान्छे हो' भनेर मेरोविरूद्ध अभियान नै थाल्नुभयो ।

- मद्रासमा क. मोहनबिक्रम सिंह (एम.बी)बाट बोलाइएका थुप्रै साथीहरूमध्ये काजीलाल वाइवा, चित्रबहादुर आले आदि पनि थिए । उनीहरू सबै मेरोविरोधी र क. मोहनबिक्रमका भक्त भए ।

त्यसपछि एम.बि.को कार्वाहीको अवधि सिद्धिनु दुई महिनाअगाडि केन्द्रीय कमिटीको बैठकमा मैले दुईवटा प्रस्तावहरू राखें । ती प्रस्तावहरू थिए- एउटा महामन्त्री पदबाट राजीनामा, अर्को क. मोहनबिक्रम सिंहलाई पार्टीमा भित्र्याउने । मेरो प्रस्ताव थियो- उहाँलाई कारवाहीको अवधिमा दुई महिना मिनाहा गरौं ।

त्यस बैठकमा क. मोहनबिक्रम सिंहको कार्वाहीको अवधिलाई दुई महिना छोट्याउने प्रस्ताव पास भयो । तर म महामन्त्री पदबाट हट्ने सवालमा सहमति हुन सकेन । क. किरण र क. आजादले 'हामी तपाईंका विरूद्ध विभिन्न आरोपहरू लगाउँदैछौं । तपाईंले राजीनामा दिने होइन, बरू तपाईंलाई हामी कार्वाही गर्छौं ।' भन्नुभयो । त्यसपछि मैले मेरो राजीनामाको प्रस्ताव फिर्ता लिएँ । अनि तिनीहरूले मेरोविरूद्ध आरोपहरू ल्याउन थाले ।

यो बैठक भारतको गोरखपुरमा भएको थियो । क. आजाद र क. किरणहरूले मविरूद्ध ८/१० वटा आरोपहरू पेश गरे । मैले ती आरोपहरू हेरिसकेपछि तिनीहरू सबै आधारहीन भएको बताएँ ।

> वास्तवमा त्यतिबेला क. मोहनबिक्रम सिंहले 'टेक कमिटी' मलाई नसुम्पने षड्यन्त्र नै रच्नुभएको थियो



आरोपहरूमा एउटा 'गुटबन्दी गर्‍यो' भन्ने थियो । मैले भनें- 'मैले कहाँ गुटबन्दी गरें ? प्रमाण देखाउनुहोस् ।'

'तपाईंले पार्टीमा आफूखुशी गर्नुभएको छ ।' - उनीहरूले भने ।

मैले त्यसको पनि प्रमाण खोजें । मैले भनें- 'कुनचाहिं काममा कहिले मैले आफूखशी गरें ?' उनीहरूले कुनै प्रमाण जुटाउन सकेनन् ।

उनीहरूको ममाथि अर्को आरोप थियो- मैले पार्टीको 'टेक कमिटी' संचालन गर्न सकिन । मैले भनें- 'खोइ त मलाई त्यो कमिटी सुम्पेको ? क. मोहनबिक्रमले आफू महामन्त्रीबाट हटाइनु हुँदा र त्यसको ठाउँमा म रहन आउँदा खोइ त त्यो टेक कमिटी मलाई हस्तान्तरण भएको ? उहाँसँग सोध्दा उहाँले मलाई त्यस कमिटीमा पश्चिममा चित्रबहादुर के.सी. र पूर्वमा आजाद रहनुभएको बताउनुभएको थियो । तर त्यसबारेमा के.सी.लाई सोध्दा 'केही छैन' भने । आजादलाई सोध्दा पनि 'केही छैन' भने । अनि त्यस्तो अवस्थामा टेक कमिटी कसरी चल्छ ? के तपाईंहरूले मैले छुट्टै टेक कमिटी बनाएन भन्नुभएको हो ? मैले बनाएको भए तपाईंहरूलाई थाहा पनि त दिन्थें नि !'


वास्तवमा त्यतिबेला क. मोहनबिक्रम सिंहले 'टेक कमिटी' मलाई नसुम्पने षड्यन्त्र नै रच्नुभएको थियो ।

मलाई अर्को आरोप के लगाइयो भने मैले कांग्रेसीसँग चन्दा लिएँ रे । वास्तवमा घटना के थियो भने मेरो १०/१२ वर्ष पुराना २००७ सालतिर या त्यस अगाडिदेखि परिचित साथीहरू गोरखपुरमा भेट्दा उनीहरूसँग लजमा सँगै बसेर सँगै खाएको थिएँ । त्यतिखेर उनीहरूले मलाई चन्दा दिएर मद्दत गरेका थिए । त्यो कुरो तुरून्तै मैले पार्टीमा रिपोर्ट पनि गरेको थिएँ । मैले रिपोर्ट नगरी लुकाएको भए त्यो कुरो उनीहरूले थाहा नै पाउँदैनथे ।

यस्ता यस्ता वाहियात आरोपहरू उनीहरूले मलाई लगाए । मैले ती कुनै पनि आरोपहरू मान्दिन भनें । मैले त्यसो भनेपछि मेरो कुरालाई लिई कसैले पनि जवाफ फर्काएनन् । र, त्यो मुद्दा त्यत्तिकै ढिसमिस भयो ।

त्यसपछि मैले उनीहरूलाई भनें- "तिमीहरूको नैतिकता भए तिमीहरूले राजीनामा दिनुपर्छ, तिमीहरूका सबै षडयन्त्र धूलोमा मिलेको छ । तर म तिमीहरूजस्तो नैतिकता नभएको मान्छे होइन । अब म महामन्त्रीबाट मात्र होइन, पोलिट्ब्युरो र केन्द्रीय समितिबाट पनि राजीनामा दिन्छु ।" उनीहरूले "कहाँ, त्यस्तो पनि हुन्छ र ?" भने । "तिमीहरूले मान या नमान, म त राजीनामा दिन्छु ।" मैले स्पष्टताका साथ भनें । बैठकमा क. जयगोविन्द साहलगायत बहुमत साथीहरूले मैले राजीनामा दिनु हुँदैन भनेर जोड दिए । तर मैले राजीनामा दिने कुरामा नै अड्डी लिएँ । सबैको अनुहार साह्रै अँध्यारो भयो । उनीहरू सबैले 'अब पार्टी बिग्रिन्छ' भने । मैले भनें- "म यो थापनाको महामन्त्री भएर बस्दिन । हतियार, टेक, खास केन्द्रीय काम आदि सारा मबाट लुकाउनुका साथै देशका जिल्ला जिल्लाबाट साथीहरू इण्डियामा बोलाई मेरोविरूद्ध अनर्गल प्रचार गरिंदा पनि पार्टी चूप छ । यस्तो पार्टीमा म कसरी बसिरहूँ ?" तर क. जयगोविन्द साहलगायत अन्य साथीहरू धेरै नै कराएपछि केन्द्रीय कमिटीसम्ममा बस्न म राजी भएँ । म जि.एस.बाट हटेपछि त्यस पदमा क. शेरसिंह अर्थात् क. भक्तबहादुर श्रेष्ठ रहनुभयो ।

बैठक सकिएपछि अरू बेलाजस्तै म आलेजीसँग बाहिर भट्टिमा रक्सी खान गएँ । गोरखपुरमा पसलमा रक्सी किन्न पाइँदैनथ्यो । रक्सी पाउन भट्टिमै जानु पर्थ्यो । हामी त्यसरी जाने कुरो अरू केहीलाई थाहा थियो; सबैलाई थाहा थिएन । थाहा हुनेहरूले पनि त्यस कुरामा वास्ता गर्दैनथे ।



भट्टिमा पुगेपछि आलेजीले भन्नुभयो- "अब त तपाईं पार्टीमा काम गर्नुहुन्न क्यारे !"

"कसले भन्यो ?" -मैले प्रश्न गरें ।

"होइन, तपाईं अब सक्रिय हुनुहुने छैन भनेको हुँ ।" - उहाँले कुरा थप्नुभयो ।

"यो, तपाईं कसरी भन्नुहुन्छ ?" मैले अर्को प्रश्न गरें ।

"जि. एस.बाट हटेपछि पनि काम गर्नुहुन्छ त ?" - उहाँले तर्क गर्नुभयो ।

जवाफमा मैले भनें- "तपाईं, केन्द्रीय कमिटीको अर्को बैठक हेर्नुहोला । त्यहाँ मैले आफूले गरेका कामहरूको रिपोर्ट पेश गर्नेछु । अनि तपाईंले मैले काम गर्छु कि गर्दिन भन्ने कुरा थाहा पाउनु हुनेछ ।"

मेरो कुराबाट आलेजी अलि अचम्ममा पर्नुभयो । गोरखपुरको त्यो बैठकपछि म काठमाण्डौ आएँ - उपत्यकाको इन्चार्ज भएर । तुरून्त मैले उपत्यका कमिटी तथा जिल्ला कमिटीका बैठकहरू डाकें । साथीहरूलाई क्रियाशील बनाएँ । त्यसबेला पार्टीको मूल समस्या अर्थ जुटाउनु थियो, चन्दा उठाउनु थियो । किनकि त्यसैबाट हेडक्वाटर थाम्नुपर्थ्यो । ६ महिनामा कमसेकम ५/७ हजार रूपियाँ हेडक्वाटरमा पठाउनु पर्थ्यो । मैले आफूलाई केही नभएजस्तो गरी सक्रियपूर्वक भूमिगत भई काम गरें । उपत्यकामा साथीहरूले 'जि.एस. किन छोडेको ? नछोडेको भए हुँदैनथ्यो र ?' भनेर प्रश्नहरू गरे । मैले 'अरू कुरा पछि गरौंला, अहिले काम नै गरौं' भनें । त्यतिबेला निनु (निरञ्जन चापागाईं) र काईलाबा (देवेन्द्रलाल श्रेष्ठ) पनि मसँगै उपत्यका कमिटीमा हुनुहुन्थ्यो ।

६ महिनापछि मैले पार्टी कामको रिपोर्ट लेखें । र, त्यसलाई मैले क्षेत्रीय ब्यूरोमा पेश गरें । त्यसपछि त्यो क्षेत्रीय ब्यूरोको रिपोर्ट बन्यो । त्यस रिपोर्टमा कार्यकर्ता प्रशिक्षणका कार्यक्रमहरू, सानातिना संघर्षका कामहरू र पार्टी क्रमशः विस्तार हुँदै गएको कुरा उल्लेख थिए । त्यस्तैगरी ५/७ हजार चन्दा पनि मैले त्यस रिपोर्टको साथमा संलग्न गराएँ । अनि रिपोर्ट र चन्दा दुवै केन्द्रीय कार्यालय अर्थात् हेडक्वाटरमा गई मैले नयाँ महामन्त्री क. भक्तबहादुर श्रेष्ठलाई बुझाएँ । त्यतिखेर क. मोहनबिक्रम सिंह कार्वाहीबाट फर्केर केन्द्रीय कमिटीमा आइसक्नुभएको थियो ।

म हेडक्वाटरमा पुगिसकेपछि केन्द्रीय कमिटीको बैठक शुरू गरियो । बैठकमा सबैले आ-आफ्ना कामको रिपोर्ट पेश गर्ने कार्यक्रम थियो । प्रत्येकले क्रमशः पेश गर्दै जाने क्रममा मेरो पालो आयो । मैले त्यतिखेर आलेजीको अनुहार हेरें । उहाँ मुसुक्क हाँस्नु भयो र जिल्ल पर्नुभयो ।

रिपोर्ट पेश गर्ने क्रममा मैले भनें- "मेरो रिपोर्ट छैन । मसँग क्षेत्रीय ब्यूरोको रिपोर्ट छ । त्यसैले क्षेत्रीय ब्यूरोको रिपोर्ट महामन्त्रीबाट पढी पाऊँ ।" क्षेत्रीय ब्यूरोको रिपोर्ट फूलस्केपमा पाँच पेज थियो । त्यसमा क्षेत्रीय ब्यूरोअन्तर्गत भएका विभिन्न कामहरू, जस्तो कि, विभिन्न कमिटीहरूको बैठक, ती बैठकहरूले पास गरेका कार्यक्रमहरू आदिको विस्तृत विवरण थियो । महामन्त्रीले ती सबै पढी सुनाउनुभयो ।

सबैको रिपोर्ट पेश गर्ने काम सकिइसकेपछि आलेजीलाई अलग्गै बोलाई मैले भनें- "लौ हेर्नुस् ! हेड क्वाटरको जि.एस.को, एम.वि.को र अरूहरूको रिपोर्टमा मैले जति काम गरेको कुरा कसैमा छ त ? "कसैको छैन ।" - आलेजीले भन्नुभयो ।

"मैले त्यो रिपोर्ट त्यत्तिकै बनाई ल्याएको होइन । त्यो रिपोर्ट त क्षेत्रीय ब्यूरोले पास गरेको रिपोर्ट हो । क्षेत्रीय ब्यूरोमा लाटा-गाँडाहरू त छैनन् नि !" मैले निर्धक्क भएर भनें । आलेजीले मेरो कुरा पत्याउनुभयो ।

**उपत्यकामा साथीहरुले 'जि. एस. किन छोडेको ? नछोडेको भए हुँदैनथ्यो र ?' भनेर प्रश्नहरु गरे । मैले 'अरु कुरा पछि गरौंला, अहिले काम नै गरौं' भने ।**

त्यसपछि पार्टीभित्र म र एम.वि.जी.बीचको अन्तरविरोध भन् भन् बढेर गयो । र, अन्त्यमा २०३९ सालमा पार्टी फुट्यो ।

पार्टी फुट्न लाग्दा मैले धेरै नै कोशिस गरें- नफुटौं भनेर । त्यसबेला पार्टीको सम्मेलन बोलाइएको थियो । सम्मेलन बोलाइएको त्यो ठाउँ सायद गोरखपुर थियो ।

सम्मेलनमा मेरो साथमा सर्वोत्तम डंगोल पनि गएका थिए । हामी त्यहाँ पुग्दा सम्मेलन शुरू गर्न लागिँदै थियो । मैले "केही दिन पर्खिदिनु होला । साथीहरू चितवनमा भेला भइरहेछन् । उनीहरूलाई आउन दिऔं । उनीहरूलाई म त्यहाँ गएर लिएर आउँछु पनि । नफुटौं ! बहुमत अल्पमत भएर काम गरौं ।" भनेर उनीहरूसँग हात जोडेर अनुरोध गरें । उनीहरूले मान्दै मानेनन् ।

यसरी म र सर्वोत्तम साथै उपस्थित भएको त्यस सम्मेलनले पार्टी फुट्ने निर्णय गऱ्यो । त्यस सम्मेलनले म र क.जयगोविन्द साहलगायत पाँच जना केन्द्रीय सदस्यहरूलाई कार्वाही गरेर निष्कासन गरिदियो । कार्वाहीको घोषणा गरिसक्दा पनि म सम्मेलन हलभित्र नै रहिरहें । सर्वोत्तम पनि त्यत्तिकै बसिरहे । कार्वाही भइसकेकोले हामीलाई 'बाहिर जा' भन्लान् भनेर हामी चूप लागेर बसिरह्यौं । तर हामीलाई कसैले पनि 'बाहिर जा' भनेन ।

त्यस सम्मेलनबाट हामीलाई पार्टी सदस्यता समेतबाट निष्कासन गरिएको थियो । तर त्यति भइसक्दा पनि सम्मेलन हलबाट हामीलाई 'बाहिर जा' भनेर प्रत्यक्ष रूपमा कसैले भन्न सकेन ।


म उनीहरूको स्थानमा भएको भए "तपाईंलाई पार्टीले निष्कासन गरिसकेको छ । कृपया बाहिर जानुस्" भन्थें । तर उनीहरूले भन्न सकेनन् । घोषणा भएको १०/१५ मिनेट भइसक्यो, हलभित्र गुनगुन हल्ला चल्यो, तर हामीलाई कसैले पनि 'बाहिर जा' भनेन । अनि म स्वाट्ट उठें र भनें- "तपाईंहरूसँग नैतिकता छैन । नैतिक बलै छैन । आँटै छैन । किनभने तपाईंहरूले गलत काम गर्नुभएको छ । निष्काशित भइसकेको मान्छेलाई तपाईंहरू सम्मेलन हलबाट बाहिर जा भन्न सक्नु हुन्न । भित्र-भित्र तपाईंहरूमा डर पैदाभइरहेछ । किनकि तपाईंहरू आफ्नो स्वार्थको निम्ति पार्टी फुटाइरहनुभएको छ । भैगो, म आफैं जान्छु ।" मैले त्यसो भनेपछि हलभरिमा सर्वोत्तम एक्लैले ताली लगायो । मोहनबिक्रमहरू सबै ट्वाल्ल परिरहे ।


त्यसपछि त्यस सम्मेलनबाट फर्केर आई हामी चितवनमा भेला भयौं । त्यतिबेला पनि म अलग्ग पार्टी गठन गर्ने पक्षमा थिइँन । तर यतापट्टिका अन्य मुख्य साथीहरू छुट्टै पार्टी गठन गर्ने मनस्थितिमा पुग्नुभयो । अन्य मुख्य साथीहरू श्याम श्रेष्ठ, जयगोविन्द साह, दिलबहादुर श्रेष्ठ, नरबहादुर कर्माचार्य, चित्रबहादुर आले आदि हुनुहुन्थ्यो ।


मैले पछिसम्म पनि "हामी त्यहीं बसौं, तल्ला कमिटीहरूमा बसी


क. आजाद


क. चित्रबहादुर के.सी.


क. भक्तबहादुर श्रेष्ठ


क. जयगोविन्द साह


क. दिलबहादुर श्रेष्ठ

अनुशासनमा रहेर काम गरौं, पार्टी फुटाएर काम छैन" भनें । तर साथीहरू मान्नु भएन । मैले 'फुटाउनु हुन्न' भन्नुमा मेरो पार्टीप्रतिको एउटा धारणाले काम गरेको थियो । म के धारणा राख्थें भने सानातिना मतभेदमा यसरी पार्टी फुटाउनु हुँदैहुँदैन । मेरो दिमागमा यो एउटा धमिलो चेतनाको रूपमा रहिरह्यो । पार्टी फुटाउन हुन्न भन्ने मेरो भनाइको पछाडि अर्को एउटा पनि कुरा थियो । त्यो के भने पार्टीको महामन्त्रीत्व चलाउने मेरो स्वभाव होइन भन्ने मेरो बलियो धारणा रहेको थियो । मेरो त पार्टीको नीतिलाई व्यवहारमा उतार्ने क्षमता छ । पार्टी नेतृत्वमा बसेर नीति निर्माण गर्नुपर्छ । आफ्नो समर्थक आफ्नो विरोधी सबैसँग मिलेर काम गर्न सक्ने क्षमता हुनुपर्छ । सबैसँग, उत्तिकै मिलनसार हुनुपर्छ । एकोहोरिनु हुँदैन । यी सबै गुणहरू त मसा छैन । त्यसकारण म पहिला पनि भन्ने गर्थे- "नीति बनाउने काम मोहनबिक्रमको; ब्यवहारमा उतार्ने काम मेरो ।" र चौथो महाधिवेशन नफुट्दासम्म करिब-करिब त्यहींअनुसार हामीहरूले काम गर्‍यौं । त्यसमा मलाई निक्कै सन्तोष पनि थियो । एम.वि. महामन्त्रीमा सन्तुष्ट थिए । म जति थिएँ, त्यतिमै सन्तुष्ट पनि भएँ । अरू साथीहरू पनि त्यो संरचनामा सन्तुष्ट नै थिए ।

तर साथीहरूले त्यही पार्टीमा बसिरहन नमानेपछि हामीहरूले नयाँ पार्टी गठन गर्‍यौं ।

हामीले नयाँ पार्टी गठन गरेपछि मोहनबिक्रमले पार्टीको नाम नेकपा (मशाल) राखे भने हामीहरूले पुरानै नाम नेकपा (चौ.म.) राख्यौं ।

धेरै साथीहरूलाई पार्टीको नाम पुरानै नाम राखिनुको कारण थाहा नहुन सक्छ । त्यसरी पुरानै नाम अर्थात् चौथो महाधिवेशन नै राखिनुको खास कारण के थियो भने पार्टीको चौथो महाधिवेशनमा पारित भएको मोहनबिक्रमको मूल दस्तावेजमा उल्लेखित मूल नीतिलाई नै हामीले समातेर अघिबढ्न खोजेका थियौं । अर्थात् एकातिर देशभक्त र जनतान्त्रिकहरूको तत्कालिक सरकार र अर्कोतिर नयाँ जनवाद । त्यस्तैगरी तत्काल आन्दोलनको स्वरूप के भन्ने सवालमा जनसंघर्ष र व्यापक संयुक्त मोर्चाको विकास भन्ने कुरो थियो । त्यस्तैगरी जनसेनाको गठन गर्नु जरूरी छ भन्ने कुरो पनि थियो । चौथो महाधिवेशनको दस्तावेजमा उल्लेखित यी मूल नीतिलाई आधार बनाई अगाडि बढ्ने तय भएकोले नै हामीले पार्टीको नाम नेकपा (चौ.म.) नै राख्यौं । ❑

*क्रमश :*

*प्रस्तुति : तुल्सीदास महर्जन*

◀ आँखीझ्याल




# के अमेरिकामा धनी नै धनीमात्रै छन् ?

दीपक वैद्य

विश्वमा सबैभन्दा धनी देश- अमेरिका । विश्वमा सबैभन्दा धनीहरू ज्यादा भएको देश- अमेरिका । संसारभरि प्रत्येक मुलुकमा मानवअधिकार भए नभएको निगरानी गर्ने र नभएकोमा हल्ला मच्चाउने मुलुक- अमेरिका । अहिले यस्तो भान पारिएको छ कि अमेरिकामा साराका सारा मान्छे सम्पन्न छन्, त्यहाँ कोही पनि गरीव छैनन् ।

परन्तु आँकडाले अर्कै सत्य उजागर गरेको छ । पछिल्लो तथ्याङ्कअनुसार अमेरिकामा अहिले हरेक ९ जनामा १ जना मान्छे गरीवीको रेखामुनि छ । अहिले साढे २७ करोड जनसंख्या भएको अमेरिकामा ३ करोड २७ लाख मान्छे हरिकंगाल स्थितिमा रहेका छन् ।




**'मेरो नाम श्यारोँ हो । कृपया मलाई सहयोग गर्नुहोस् । म भोको छु !'**
अमेरिकी सडकमा मागिरहेकी एक गरीव महिला

यो आँकडा कुनै विदेशी कम्युनिष्ट मुलुकले निकालेको आँकडा होइन; यो अमेरिकाको सेन्सस् ब्यूरो आफैंले प्रकाशित गरेको आधिकारिक सरकारी आँकडा हो । यो सन् १९९९ को आँकडा हो ।

अमेरिकाको बाणिज्य विभागको मातहत रहेको सेन्सस् ब्यूरोका अनुसार, अमेरिकामा यतिबेला सरदर ११.८ प्रतिशत नागरिकहरू गरीवीको रेखामुनि छन् । परन्तु गरीवी गोराहरूमा भन्दा ज्यादा कालाहरूबीच विद्यमान छ । गोराहरू केवल ९.८ प्रतिशत मात्रै गरीवीको रेखामुनि छन्, जबकि काला जातिहरूमा २३.८ प्रतिशत नागरिकहरू यो स्थितिमा छन् । अर्को भाषामा, गोराहरूमा १० मा १ जना नागरिकमात्र गरीव छ, कालाहरूमा हरेक ४ मा १ जना गरीवीको रेखामुनि छ । हिस्पानिकहरूमा पनि लगभग त्यही अनुपातमा गरीवी विद्यमान छ । २२.८ प्रतिशत हिस्पनिकहरू गरीव छन् ।

अमेरिका विश्वमा आफू सबैभन्दा ज्यादा प्रजातन्त्रवादी भनेर फुर्ती लाउने मुलुक हो । परन्तु त्यही मुलुकमा- गरीवीको वितरणमा महिला र पुरूषहरूबीच, काला र गोराहरूबीच ठूला र केटाकेटीहरूबीच ठूलो असमानता विद्यमान देखिन्छ । उदाहरणका लागि, त्यहाँ त्यस्ता परिवारहरू सबैभन्दा ज्यादा गरीब छन्, जसको मूली महिला छ र घरमा श्रीमान् उपस्थित छैन । ३०.४ प्रतिशत महिला घरको मूली रहेको परिवार गरीवीको रेखामुनि छ । अर्थात्, हरेक तीनमा एकजना महिला घरमूली रहेको परिवार कंगाल स्थितिमा छ, जबकि गरीवीको राष्ट्रिय औसत ९ मा १ जनामात्र छ ।

अझ काला जातिका महिला घरमूली रहेको परिवारमा गरीवी सबैभन्दा उच्च देखिन्छ । ३९.३ प्रतिशत कालो जातिका महिला- घरमूली रहेको परिवार कंगाल स्थितिमा देखिन्छ, जबकि गोरा समकक्षीहरूमा २२.५ प्रतिशतमात्र गरीब छन् । यसको मतलब महिला

**१ अमेरिकामा गरीवीको रेखामुनि रहेको जनसंख्याको प्रतिशत**

| वर्ष | सबै वर्णको कुल | गोराहरूको | कालाहरूको | हिस्पानिकहरूको |
|---|---|---|---|---|
| १९९९ | ११.८ | ९.८ | २३.६ | २२.८ |
| १९९० | १३.५ | १०.७ | ३१.९ | २८.१ |
| १९८० | १३.० | १०.२ | ३२.५ | २५.७ |
| १९७० | १२.६ | ९.९ | ३३.५ | अनुपलब्ध |

*स्रोत : Bureau of the census, US Dept. of Commerce*

घरमुली हुनेहरू र घरमा लोग्ने नहुनेहरूबीचको गरीबीमा पनि काला र गोरा परिवारबीच झण्डै दोब्बरको अन्तर विद्यमान छ ।

ठीक त्यस्तै स्थिति बाल-बालिकाहरूबीच पनि देखिन्छ । अमेरिकामा औसत १६.९ प्रतिशत बाल-बालिकाहरू गरीबीको रेखामुनि रहेका छन् । परन्तु गोरा बाल-बालिकाहरूमा गरीबी केवल १२.९ प्रतिशतमात्र विद्यमान छ, जबकि काला बाल-बालिकामा ३२.७ प्रतिशतलाई गरीबीले आक्रान्त पारेको स्थिति छ । यसको तात्पर्य, ७ जनामा १ जना गोरा बाल-बालिका गरीब छ, जबकि काला जातिहरूमा ३ जनामा १ जना बाल-बालिकालाई गरीबीले बर्बाद पारेको छ ।

यी आँकडाहरूले के बताउँछन् भने अमेरिकामा पुरूष र महिलाबीच र गोरा र कालाबीच अझै निक्कै ठूलो खाडल विद्यमान छ । अमेरिकाको तीनसय वर्षभन्दा पनि पुरानो पूँजीवादले यो अन्तर मेटेको छैन बरू, चर्को मात्रामा अझै कायम राखेको छ । त्यहाँको पूँजीवादले अझै बालकहरूको गरीबी र बर्बादीलाई अन्त्य गर्न सकेको छैन । त्यहाँ बालकहरूबीचको गरीबी अमानवीय मात्रामा अझै कायम छ ।

गरीबीको विगत तथ्यांक हेर्ने हो भने अमेरिकामा सन् १९७० मा २ करोड ५४ लाख मानिसहरू गरीबीको रेखामुनि रहेका देखिन्छन् । तर सन् १९८० मा आइपुग्दा त्यो संख्या चुलिएर २ करोड ९३ लाख पुग्यो । सन् १९९९ मा त्यो बढेर ३ करोड २३ लाख पुगेको छ ।

अमेरिकामा विगत ३० वर्षमा गरीबहरूको संख्यामात्र बढेको होइन, धनी र गरीबबीचको खाडल पनि चौपट्टै बढेको छ, यो गत २३ वर्षको रेकर्डमा सबभन्दा ज्यादा बढेको छ । अमेरिकाको Center on Budget and Policy Priorities (CBPP) नाम गरेको प्रतिष्ठित उदारवादी अनुसन्धान संस्थाले सन् १९९९ मा प्रकाशित गरेको एक रिपोर्टअनुसार सन् १९९९ मा धनी र गरीबबीचको आयको अन्तर सन् १९७७ यता सबभन्दा ज्यादा भएको छ । अमेरिकाको सबभन्दा धनाढ्य २७ लाख नागरिकहरूले (जुन त्यहाँको जनसंख्याको केवल १ प्रतिशत हो, त्यति ज्यादा आय (आयकर कटाएपछिको) आर्जन गरेको छ, जति अमेरिकाको १० करोड अर्थात् ४० प्रतिशत जनसंख्याले आर्जन गर्छ । रिपोर्ट लेख्छ, अमेरिकाको सन् १९९० को 'फस्टाउँदो अर्थतन्त्रले गरीबहरूभन्दा ज्यादा धनीहरूलाई फाइदा पुऱ्याउनु नै धनी र गरीबबीचको खाडल यति विशाल हुनुको मुख्य कारण हो ।'

रिपोर्टका अनुसार सन् १९७७ देखि १९९९ को अन्त्यसम्ममा अति धनाढ्य १ प्रतिशत अमेरिकीहरूको औसत आम्दानी ११५ प्रतिशतले बढ्यो । यसको ठीक विपरीत, अमेरिकीहरूमध्ये तल्लो २० प्रतिशत जनसंख्याको आम्दानी भने यसैबीचमा ९ प्रतिशतले तल ओर्लियो । अमेरिकामा ६० प्रतिशत मानिसहरू मध्यमवर्गका रूपमा छन् । सन् १९९९ मा पुग्दा यो मध्यम वर्गले सन् १९७७ यता राष्ट्रिय आयको सबैभन्दा कम हिस्सामात्र आफ्नो हातमा पार्न सक्यो । उता १ प्रतिशत अमेरिकी उच्च धनाढ्यहरूले भने सन् १९७७ यता सन् १९९९ मा सबभन्दा ज्यादा राष्ट्रिय आयको हिस्सा हात पारे । अमेरिकामा गरीबी यति धेरै बढ्नुको एउटा मुख्य कारण यो हो ।

अमेरिकामा अहिले ५.४ प्रतिशत मानिस पूर्णरूपमा बेरोजगार छन् । झण्डै ७ करोड काम गर्न सक्षम नागरिकहरूलाई त्यहाँ कुनै रोजगार प्राप्त छैन । पोहोर यही साविक महिनामा अर्थात् अक्टोबर २००० मा ३.९ प्रतिशत मानिसमात्र पूर्ण रोजगार थिए । बेरोजगारी यसरी चुलिनुले पनि अमेरिकामा गरीबी र गरीब हुनेहरूको संख्यामा बृद्धि ल्याइरहेछ । ❑



**काला जातिका अमेरिकीहरुबीच बढ्दो गरीबीले गर्दा अपराध पनि बढ्दो छ । गरीबहरुलाई तह लगाउन बनाइएका जेलहरुमा सबैभन्दा बेसी गरीब कालाहरु छन् । तस्वीरमा नेलले बाँधिएका काला जाति बच्चाहरु देखिन्छन् ।**

**सन् १९७७ देखि १९९९ को अन्त्यसम्ममा अति धनाढ्य १ प्रतिशत अमेरिकीहरूको औसत आम्दानी ११५ प्रतिशतले बढ्यो । यसको ठीक विपरीत...**

## ② अमेरिकामा गरीबीको रेखामुनि रहेका नागरिकहरुको संख्या (करोड)मा

| वर्ष | सबै वर्णको कुल | गोराको | कालाहरूको | हिस्पानिकहरूको |
|---|---|---|---|---|
| १९९९ | ३.२३ | २.१९ | ०.८४ | ०.७४ |
| १९९० | ३.३६ | २.२३ | ०.९८ | ०.६० |
| १९८० | २.९३ | १.९७ | ०.८६ | ०.३५ |
| १९७० | २.५४ | १.७५ | ०.७५ | अनुपलब्ध |

*स्रोत : उही*

*तथ्यांङ्क स्रोतहरू :*

1. *The World Almanac 2001 मा प्रकाशित Bureau of the census, US Dept. of commerce का तथ्यांकहरू*
2. *अमेरिकाबाट प्रकाशित FACTS ON FILE, 1999 मा दिइएका CBPP को रिपोर्टको साराश*
3. *Statistical Sbstract of the united states, The National Data Book, 2000 मा दिइएका तथ्यांकहरू*
4. *The Economist, Nov. 24, 2001, London बाट प्रकाशित*

# यसरी मारिए प्र.म. माथवर

❑ मुक्ता श्रेष्ठ ❑

वि.सं. १९०२ जेठ ६ गतेको त्यो कालो रात, निष्पट्ट अँध्यारो, सुनसान, मात्र कुकुर भुकेको आवाज आइरहेको थियो । हनुमान ढोकाको राजभवनमा राजा राजेन्द्र विक्रम शाह र रानी राज्यलक्ष्मी देवी शाहको सुत्ने कोठा पनि एकदम चकमन्न थियो । रानी राज्यलक्ष्मी देवी शाह शूल भएको बहानामा पलङ्गमा पल्टिरहेकी थिइन् । राजा राजेन्द्र विक्रम शाह उनकै छेउमा बसिरहेका थिए । दुवैको मुटु जोड जोडले चलिरहेको थियो । 'कोठाकै भ्यालनिर पर्दाले छोपेर जंगबहादुर कुँवर हातमा बन्दूक लिएर बसिरहेका थिए । उनलाई सहयोग गर्न उनको नजिकै गगनसिंह खवास पनि बसिरहेका थिए । उनीहरूको पनि मुटुको धड्कन बढिरहेको थियो ।

'महारानीलाई शूल भएको छ बाँच्लाजस्तो छैन, घाट लानु पर्‍यो छिट्टै आउनू' -भनेर प्रधानमन्त्री माथवरसिंह थापालाई खबर पठाउँदा पनि छिटो नआइपुगेकोले उनलाई पुनः लिन कुलमानसिंह बस्नेत आफै सुनधारा छेउको प्रधानमन्त्री निवास बागमहलमा पुगिसकेका थिए । प्र.म. माथवरका आमा र छोराले षड्यन्त्रको शंका गरेर उनलाई दरवारमा यति राती नजान सम्झाएका थिए । तर उनले यो बहुमूल्य राय मानेनन् । माथवरसिंह थापा हतार हतार कुलमानसिंहको पछि लागे । उनी अघि-अघि र कुलमानसिंह पछि-पछि हनुमान ढोका दरवारका सबै ढोकाहरू थुन्दै राजारानीको कोठामा पुगे । माथवरसिंह थापा राजाको दर्शन गरेर त्यहीं नजिकैको मेचमा बसेर महारानीको हालचाल सोध्नमात्र के आँटेका थिए, पर्दापछाडिबाट आएको एउटा गोली छातीमा र अर्को गोली टाउकोमा लागेर उनी ढुनमुनिदै भूइँमा पछारिए । उनको विरूद्धमा षडयन्त्र भएको हो भन्ने कुरा उनले तुरुन्तै थाहा पाइहाले । उनले दुई हात पसार्दै राजासँग बिन्ति गरे-"महाराज, मेरी वृद्ध आमा र मेरा बालबच्चाहरूको रक्षा होस् ।"

तर राजा राजेन्द्र उनीप्रति एकरति पनि दयालु भएनन् । उनले त्यहाँ नजिकै रहेको खुकुरी लिएर माथवरसिंहलाई अनेक किसिमले गाली गर्दै उनको जोडिएको दुवै हात काटिदिए । त्यहीं नै उनको जीवन-लिला समाप्त भयो । बिहान उज्यालो नहुँदै आठपहरियाहरूलाई लगाएर उनको लास जलाइयो । भनिन्छ, उनको लास पशुपति आर्यघाटमा लगेको बेलामा हनुमानढोकादेखि पशुपतिसम्मको बाटोभरि रगतका थोपाहरू चुहिएका थिए ।

त्यो घटनाको लगत्तैपछि जंगबहादुर कुँवरले आफू त्यस षडयन्त्रमा सामेल नभएको जस्तो गरेर आफ्ना बाबु घर फर्कने प्रतीक्षामा बसिरहेका माथवरसिंहका छोराहरूकहाँ यो दुर्घटनाको खवर पुऱ्याएर 'जतिसक्यो चाँडो आफूसँग भएभरका श्री सम्पत्ति लिएर भागी हाल्नू' भन्ने सन्देश पठाए । माथवरसिंहका छोराहरूले बाबुको हत्या भएको खवर पाएर पनि त्यसको प्रतिशोध लिने आँट गर्न सकेनन् । उनीहरू आफूसँग भएको सम्पत्ति बोकेर उज्यालो नहुँदै उपत्यकाबाहिर पुगे । जंगबहादुरको सन्देश लिएर गएका उनका भाइ रणोद्दीप सिंहले उनीहरूलाई भारतको सीमासम्म पुऱ्याए ।

परन्तु, माथवरसिंह थापालाई गोली हानेर मार्ने व्यक्ति अरू कोही नभएर उनकै भानिज थिए, जंगबहादुर । जंगबहादुर सानै उमेरदेखि नै मामा माथवरसिंह थापाको घरमै हुर्की बढेका थिए । उनको बालककालको नाम बीरनरसिंह कुँवरबाट जंगबहादुर कुँवर भन्ने नाम नै उनकै मामा माथवरसिंहले राखेका थिए ।

हुर्काई, बढाई पाल्ने मामाकै हत्या किन गरे त जंगबहादुरले ?

जंगबहादुर कुँवर ज्यादै चलाख, धूर्त र महत्वाकांक्षी व्यक्ति थिए । उनको महत्वाकांक्षी प्रवृतिले उनलाई आफ्ना बाजे भीमसेन थापा र मामा माथवरसिंह थापाजस्तै शक्तिशाली प्रधानमन्त्री बन्नको लागि घचघच्याइरहेको थियो । मामाको हातमा शासन आइसकेपछि माथवरसिंह थापाले उनलाई 'काजी'को पद दिएर अंग्रेज राजदूतसँग संपर्क राख्ने र शिकारमा लैजाने जिम्मा पनि उनैलाई सुम्पेका थिए । तर माथवरसिंह थापाको अगाडि जंगबहादुरको कुनै जोडबल र भनसुन चल्दैन थियो । त्यसैले माथवरसिंह थापा प्रधानमन्त्री रहेसम्म आफ्नो उन्नति हुने कुरा पनि उनले देखिरहेका थिएनन् । फेरि दरवारमा माथवरसिंह थापाको स्थिति ज्यादै नाजूक हुँदै गइरहेको थियो । भारतमा बसिरहेका माथवरसिंह थापालाई नेपालमा बोलाएर प्रधानमन्त्री बनाउने रानी राज्यलक्ष्मी नै उनको हत्या गरेर उनलाई प्रधानमन्त्रीबाट पन्छाउने षडयन्त्र गरिरहेकी थिइन् । माथवरसिंहको हत्या भएमा जंगबहादुर पनि उनका आफ्नै नातेदार भएकोले आफ्नो पतन हुनु पनि अवश्यम्भावी थियो । त्यही कारणले गर्दा जंगबहादुरले त्यतिबेला दरवारमा शक्तिशाली रहेकी रानी राज्यलक्ष्मी देवी शाहको विश्वास जित्न आफ्नै मामाको हत्या गरे । माथवरसिंह थापाको हत्यापछि साँच्चै नै उनी रानीको दोस्रो विश्वासपात्र बन्न सफल भए । रानीको त्यही विश्वासबाट फाइदा उठाएर रानीको पहिलो विश्वास पात्र मानिने गगनसिंह खवासको हत्यापछि कोत-पर्व मच्चाएर जंगबहादुर नेपालको शक्तिशाली प्रधामन्त्री बन्न सफल पनि भए ।

तर अचम्मको कुरा के हो भने माथवरसिंह थापा प्रधानमन्त्री बन्नको लागि राजाबाट अनेक बाचाबन्धनका साथ "तेरो कुनै हालतमा पनि हत्या हुने छैन" भन्ने ताम्रपत्र प्राप्त गरेका थिए । र राजाबाटै एउटा विशिष्ट तरवार (जसलाई माथवरसिंह थापाले 'अभय तरवार' भन्ने गर्थे) प्राप्त गरेका थिए । यसबाट उनमा अरू प्रधानमन्त्री जस्तो अकालमा मर्नुपर्ने छैन भन्ने कुरा पक्का विश्वास थियो । उनले अंग्रेज राजदूतसँग कुरा गर्दा पनि एकपटक यसो भनेका थिए- "श्री ५ पृथ्वी नारायणशाहको पालादेखि आजसम्म नेपालका प्रायः सबै प्रधानमन्त्रीहरू मारिएका छन् । तर म भने त्यसरी मारिने छैन ।"

यसरी आफू अकालमा मर्ने छैन

*माथवरसिंह थापा राजाको दर्शन गरेर त्यहीं नजिकैको मेचमा बसेर महारानीको हालचाल सोध्नमात्र के आँटेका थिए पर्दापछाडिबाट आएको एउटा गोली छातीमा र अर्को गोली टाउकोमा लागेर उनी ढुनमुनिदै भूइँमा पछारिए*



माथवरसिंह थापा



माथवरसिंहका हत्यारा जंगबहादुर राणा

भन्ने पक्का विश्वास लिएका प्रधानमन्त्री माथवरसिंह थापा प्रधानमन्त्री भएको २ वर्ष नै नपुग्दै आफूलाई प्रधानमन्त्री बनाउने रानीको आदेशबाट आफ्नै भान्जाद्वारा मारिनु पर्‍यो । उनी यस्तो अकालमा मर्नु परेको प्रमुख कारण त्यतिबेला सत्ताका लागि दरवारभित्र चलिरहेको षड्यन्त्र र त्यहाँभित्रको वातावरणलाई बुझ्न नसक्नु र उनको घमण्डी स्वभाव नै मुख्य मानिन्छ ।

त्यतिबेला दरवारभित्र सत्ता प्राप्तिको लागि राजा राजेन्द्र, रानी राज्यलक्ष्मी देवी र युवराज सुरेन्द्रको बीचमा आपसमा मतभेद उत्पन्न भइरहेको थियो । उनीहरू तीनैजनाको आ-आफ्नै गुट थियो । दरवारभित्रको यो वातावरण भीमसेन थापाको पतनपछि नै शुरू भएको थियो ।

राजा राजेन्द्र विक्रम शाहले आफू शक्तिशाली राजा बन्नको लागि नै भीमसेन थापालाई पन्छाएका थिए । तर आफ्नो कमजोर चरित्रको कारणले उनी आफूले चाहेजस्तो शक्तिशाली राजा बन्न सकेनन् । बरू उनी दुई रानीहरू साम्राज्यलक्ष्मी देवी शाह र राज्यलक्ष्मी देवी शाहको चेपमा परे । उनकी जेठी रानी साम्राज्यलक्ष्मी देवी शाह आफ्ना छोरा सुरेन्द्र विक्रम शाहलाई गद्दीमा राखेर आफ्नी बूढी सासु राजेन्द्र लक्ष्मी देवीजस्तै शक्तिशाली रानी बन्न चाहन्थिन् । त्यसैको लागि उनले रणजंग पाण्डेको साथ लिएर भीमसेन थापाको पतन गराउन षडयन्त्र रचेकी थिइन् । उनी त्यसमा सफल पनि भइन् । यता कान्छी रानी राज्यलक्ष्मी देवी शाह पनि सुरेन्द्रलाई पन्छाएर आफ्ना छोरा रणेन्द्र विक्रम शाहलाई गद्दीमा राख्न चाहन्थिन् ।

तर रणजंग पाण्डेहरू जेठी रानीको पक्षमा भएकाले कान्छी रानीको केही जोड चल्न सकेको थिएन । जेठी रानीकै बलले रणजंग पाण्डे मुख्तियार पनि भए । जेठी रानी उनकै सहयोगबाट आफ्ना छोरालाई राजगद्दी दिलाउने सोचमा थिइन् । तर रणजंग पाण्डेको अंग्रेजविरोधी नीतिले गर्दा अंग्रेज शासकहरूको दवाबबाट राजा राजेन्द्र विक्रम शाहले उनलाई मुख्तियार पदबाट बरखास्त गरे ।

यसरी रणजंग पाण्डे मुख्तियारी पदबाट बरखास्त भएपछि आफ्नो मान्छेलाई प्रधानमन्त्री बनाउन नपाएकोले राजालाई घुर्की देखाउन काशी जान हिंडेकी जेठी रानी साम्राज्यलक्ष्मी देवी शाहको तराईको औलो लागेर मृत्यु भयो ।

जेठी रानी साम्राज्यलक्ष्मी देवी शाहको मृत्युपछि अब दरवारमा कान्छी रानी राज्यलक्ष्मी देवी शाहको शक्ति बढ्न शुरू भयो । उनले आफ्नो गुट बलियो बनाउनको लागि थापाहरूको साथ उपयुक्त ठानिन् । त्यसैले उनले राजालाई फकाई फुल्याई भीमसेन थापाको विष मुद्दामा जेलपरेका शेरजंग थापालगायत थापाबन्धुहरू तथा एकदेव बैद्य र एकसूर्य बैद्यलाई कारागारबाट मुक्त गर्न लगाइन् । महारानीका साथ पाएका शेरजंग थापाले दरवारमा रहेका पाण्डेहरूलाई हटाउन अनेक किसिमका षडयन्त्रहरू गर्न थाले । ती षडयन्त्रमा उनी सफल पनि भए ।

यसबाट पाण्डेहरूको साथ पाइरहेका युवराज सुरेन्द्रको शक्ति क्षीण भयो । तर पनि उनले अनेक किसिमका उपद्रो गरेर दरवारभित्र र बाहिरका जनताहरूलाई त्रसित पार्न थाले । राजा राजेन्द्र पनि सुरेन्द्रको यो उद्दण्डपनदेखि आजित भइसकेका थिए ।

यही कुराको फाइदा उठाएर रानी राज्यलक्ष्मी देवी शाहले चौतरिया फत्तेजंग शाहलाई लगाएर भाइभारदार, सन्तमहन्त तथा साधारण जनताहरू समेतको समूहले राजासमक्ष युवराजको स्वेच्छाचारिताको उजुरीसहित रानीलाई शासनको अधिकार प्रदान गर्न बिन्ति-पत्र हाल्न लगाइन् । कमजोर चरित्रका राजा राजेन्द्रले तत्काल के गर्ने भन्ने निर्णय नै गर्न सकेनन् । आखिर एक महिनापछि राजा राजेन्द्रले राजपरिवारका सदस्यबाहेक अरूलाई सजायँ दिने, देश निकाला गर्ने, पदच्यूत गर्ने, ज्यान सजायँ दिने, जागिरदारको नियुक्ति गर्ने, निष्काशन गर्ने, पजनी गर्ने तथा चीन, तिब्बत र ब्रिटिशसँग सन्धि-सम्झौता गर्ने आदि अधिकार प्रदान गरेर रानी राज्यलक्ष्मीलाई शासन संचालन गर्ने सम्पूर्ण अधिकार सुम्पे ।


राजेन्द्र विक्रम शाह

यसरी सत्ता आफ्नो हातमा आएपछि अब उनी आफ्ना छोरालाई राजगद्दी दिलाउन सहयोग पुऱ्याउने प्रधानमन्त्रीको खोजीमा लागिन् । त्यस्तो व्यक्तिको रूपमा उनले भीमसेन थापाको पतनपछि भारतको शिमलामा निर्वासित जीवन बिताइरहेका भीमसेन थापाकै भतिजा माथवरसिंह थापालाई देखिन् । उनलाई बोलाउन रानीले तुरून्तै बोलावट-पत्रका साथ आफ्ना मान्छेहरू सिमलामा पठाइन् । त्यस बोलावट-पत्रमा युवराज र राजाको पञ्जापत्रका छापहरू पनि लगेका थिए । तर यतिकै आधारमा माथवरसिंह थापाले नेपाल भित्रिहाल्ने आँट गर्न सकेनन् । नेपालको वस्तुस्थिति बुझ्न उनी शिमलाबाट आएर गोरखपुरमा बस्न थाले ।

**राजा राजेन्द्र विक्रम शाहले आफू शक्तिशाली राजा बन्नको लागि नै भीमसेन थापालाई पन्छाएका थिए । तर आफ्नो कमजोर चरित्रको कारणले उनी आफूले चाहेजस्तो शक्तिशाली राजा बन्न सकेनन्**


सुरेन्द्र विक्रम शाह

यतिबेलासम्म जंगबहादुर कुँवर राजदरवारभित्र सत्ताको भऱ्याङ्गमा निक्कै माथि पुगिसकेका थिए । भीमसेन थापाको पतन भएको बेला उनको पनि सर्वस्व भएको थियो । एकपटक राजेन्द्र शिकार खेल्न जाँदा उनले पनि पिपा भएर संगै जाने मौका पाएका थिए । त्यही मौकामा उनले जंगली हात्ती समातेर राजा राजेन्द्रलाई खुसी पारेकाले राजाको आदेशमा उनी तोपखानाको कप्तान भएका थिए । रानीले यिनै जंगबहादुरलाई माथवरसिंह थापाको विरूद्ध केही हुने छैन भनी विश्वास दिलाई ल्याउन खटाइन् । जंगबहादुर पनि तुरून्तै गोरखपुर पुगेर माथवरसिंहलाई दरवारको हाल बताए । उनको कुराबाट नेपालमा आफ्नोविरूद्ध कुनै पनि षडयन्त्र नहुने विश्वास प्राप्त गरेपछि माथवरसिंह थापा नेपाल भित्रिए । वि. सं. १९०० वैशाख ६ गते ठूलो स्वागतका साथ उनी काठमाण्डौ आइपुगे र प्रशस्त सर-सौगातका साथ उनले राजा र रानीको दर्शन पनि गरे ।

काठमाण्डौ भित्रिसकेपछि पनि

युवा हास्य-व्यंग्यकार तथा कलाकार मनोज गजुरेलका रोचक र घोचक व्यंग्यहरूको संगालो

अन्तर्क्रिया प्रकाशन प्रा.लि.
सर्वत्र बजारमा उपलब्ध छ !

उनले तुरून्तै प्रधानमन्त्री पद सम्हाल्न चाहेनन् । थापा परिवारमा लागेको विष मुद्दाको कलंक नमेटाइकन कुनै पनि सरकारी पदमा नबस्ने र आफ्नो घरमा पनि नपस्ने उनले प्रण गरे । उनी काठमाण्डौकै एउटा पाटीमा बस्न थाले । उनको प्रणको अगाडि राजा रानीको केही जोड चल्न सकेन । आखिर बाध्य भएर करीव दुई महिनापछि राजा रानीको सल्लाहअनुसार भारदारी सभा बोलाइयो । त्यस सभाले भीमसेन थापा निर्दोष भएको र पछिल्लो मुद्दामा पेश गरिएका कागजात सबै नक्कली भएको र त्यसको कसुरदार पाण्डेहरूलाई ठहऱ्यायो । थापाहरूको जफत भएको सबै सम्पत्ति फिर्ता गरियो ।

यस मुद्दामा कसुरदार ठहरिएका पाण्डे खलकका ६२ वर्षका वृद्धदेखि २ वर्षका बच्चाहरूसमेत जम्मा ३९ जना पुरूषहरू काटिए । रणजंग पाण्डे बिरामी भएर ओछ्यान परेका थिए । उनलाई चारपाटा मुडेर शहर घुमाइयो र उनका आफन्तहरूको वीभत्स लास देखाइयो । आफन्तहरूको वीभत्स लास देखेर उनी मूर्छा परे । त्यसको केहीबेरपछि नै उनको मृत्यु भयो । पाण्डे खलकसँग मिलेको आर ऐपमा थापा खलककै भए पनि इन्द्रबीर थापा, रामबम थापा र बिष मुद्दा हेर्ने कनकसिंह महत पनि काटिए । त्यस्तै गरेर पाण्डे खलकसँग सम्बधित रहेका ३२ जनालाई सर्वस्वसहित देश निकाला गरियो । अरू पनि थुप्रैले विभिन्न सजायँ पाए ।

माथवरसिंह थापाको यस कारवाहीले राजा राजेन्द्र र अरू भारदारहरू पनि उनीदेखि तर्सिन थाले । त्यसैले राजा राजेन्द्रले उनलाई प्रधानमन्त्री बनाउन आनाकानी गर्न थाले । तर रानी भने जतिसक्यो त्यति छिटो माथवरसिंह थापालाई प्रधानमन्त्री बनाएर आफ्नो मनोकांक्षा पूरा गर्ने सूरमा थिइन् । उता युवराज सुरेन्द्र पनि आफूलाई राजगद्दी छाडिदिन बाबुलाई कचकच गर्न र आफ्ना पक्षका भारादारहरूद्वारा दवाब दिन लगाइरहन्थे । यही कुरामा राजा, रानी र युवराजको बीच ठोकाबाजी भइरहन्थ्यो । त्यस ठोकाबाजीमा राजाबाट रानीमाथि हातपात पनि हुन्थ्यो । युवराजले पनि नानाभाँतिका उपद्रो गर्ने गर्थे ।

यस्तो स्थितिमा माथवरसिंह थापाले पनि आफ्नो हातमा शासनभार लिन चाहेनन् । उनी राजा, रानी र युवराजमा सन्तुलन मिलाएरमात्र प्रधानमन्त्री हुन चाहन्थे । त्यसैले उनले रानी र आफ्ना हितैषीहरूको सहयोग लिएर राजा र युवराजलाई 'आयन्दा यस्तो कुनै उपद्रो नगर्ने, गरेमा रानी र भारादारहरूले रोक्न पाउने छन्' भन्ने आशयको धर्मपत्र गराइयो । आखिर रानी राज्यलक्ष्मीको जोडबलबाट वि. सं. १९०० पौष ५ गतेको दिन माथवरसिंह थापाले 'मिनिस्टर र कमाण्डर इन् चिफ'को पदवीसहित नेपालको शासनभार सम्हाले ।

**रानी राज्यलक्ष्मी जतिसक्यो उति छिटो माथवरसिंह थापालाई प्रधानमन्त्री बनाएर आफ्नो छोरा रणेन्द्रलाई राजगद्दी दिलाउने सुरमा थिइन**



माथवरसिंह थापाले शासनभार सम्हाल्नेबित्तिकै रानी राज्यलक्ष्मीले आफ्ना छोरालाई राजगद्दी दिलाउने काम छिटो सम्पन्न होस् भन्ने कुरामा उनलाई दवाब दिन थालिन् । तर माथवरसिंह थापा भने महारानीको इच्छा पूरा गर्ने पक्षमा थिएनन् । उनी भरसक तीनैजनालाई आफ्नो पक्षमा ल्याउन चाहन्थे । उनले एकातिर 'हुन्छ हुन्छ' भन्दै महारानीलाई आश्वासन दिइरहे भने अर्कोतिर राजा राजेन्द्रलाई युवराज सुरेन्द्रको लागि राजगद्दी छाडिदिनको लागि पनि अनुरोध गर्ने गर्थे । यता युवराजले पनि प्रधानमन्त्रीको सहयोग पाएर बाबुलाई राजगद्दी छाडेर आफूलाई सुम्पन कचकच गर्न थाले ।

यसबीच माथवरसिंह थापा भने आफ्नो मातहतमा थुप्रै पल्टन खडा गरेर भीमसेन थापा जतिकै शक्तिशाली प्रधानमन्त्री बनिसकेका थिए । अब कसैले आफूलाई केही गर्न सक्तैन भन्ने घमण्ड उसमा चढिसकेको थियो । उनी कसैलाई, यतिसम्म कि राजा राजेन्द्रलाई समेत नगन्ने भइसकेका थिए । उनको यो घमण्डी स्वभावबाट राजालगायत पहिला उनका समर्थक भारादारहरू र उनको आफ्नै भान्जा जंगबहादुर कुँवर पनि उनीदेखि टाढिन थाले । उनले आफ्नो मातहतमा रहने गरी थुप्रै पल्टनहरू खडा गर्न थालेको र उनको घमण्डीपन बढ्दै गएको देखेर राज्यलक्ष्मी र राजा राजेन्द्र पनि उनीदेखि तर्सिन थाले । अब रानी राज्यलक्ष्मी देवीले माथवरसिंह थापालाई जुन उद्देश्यले प्रधानमन्त्री बनाएकी थिइन्, त्यो उद्देश्य पूरा गर्ने पक्षमा माथवरसिंह थापा नभएको कुरा चाल पाइन् । अब रानी राज्यलक्ष्मी देवी शाहले माथवरसिंह थापालाई कसरी पन्छाउने भन्ने कुरा सोच्न थालिन् ।

दरवारभित्र राजा रानीकहाँ माथवरसिंह थापाका विरोधीहरूको जमघट हुनथाल्यो । ती विरोधीहरूमध्ये गगनसिंह र कुलमानसिंह बस्नेत रानीका सबभन्दा नजिकका र विश्वासिला व्यक्तिहरू थिए । त्यसैले गगनसिंह र कुलमानसिंह बस्नेतको सल्लाहअनुसार रानीले माथवरसिंह थापालाई मार्ने एउटा गोप्य षडयन्त्र रचिन् । त्यस षडयन्त्रमा जंगबहादुर कुँवरलाई पनि सम्मिलित गरियो । त्यही षडयन्त्रबमोजिम जंगबहादुरलाई माथवरसिंहमाथि गोली चलाउने जिम्मा दिइयो । र वि.सं. १९०२ जेठ ६ गते माथवरसिंह थापाको हत्या गर्ने निर्णय भयो । त्यही निर्णयअनुसार माथि उल्लेख भएबमोजिम माथवरसिंह थापाको हत्या भयो ।

यसरी थापाविरोधी पाण्डेहरूलाई सखाप पारेर प्रधानमन्त्री बनेका र कालगतिले मात्र आफ्नो मृत्यु हुने कुरामा ढुक्क भएका एकजना प्रधानमन्त्रीले आफ्नै भानिजको हातबाट मृत्युवरण गर्नुपऱ्यो । नेपालको इतिहासमा यसलाई पनि कालो पोतिएको एउटा घटना मान्न सकिन्छ । ❑


## मकालु यातायात बस सेवा


फोन नं. २८१७०४

| जाने स्थान | छुट्ने समय |
| --- | --- |
| काठमाण्डौ - काकडभिट्टा | बिहान ५:०० बजे |
| काठमाण्डौ - भद्रपुर | बिहान ५:१० बजे |
| काठमाण्डौ - उर्लाबारी-मधुमल्ला | बिहान ५:२० बजे |
| काठमाण्डौ - विराटनगर | बिहान ५:४५ बजे |
| काठमाण्डा - राजविराज | बिहान ६:०० बजे |
| काठमाण्डा - सिरहा-माडर | बिहान ६:१५ बजे |
| काठमाण्डौ - मलंगवा | बिहान ६:३० बजे |
| काठमाण्डा - बिराटनगर बोस्रो | बिहान ६:४५ बजे |
| काठमाण्डा - धरान | बिहान ७:०० बजे |
| काठमाण्डा - जनकपुर | बिहान ७:२० बजे |
| काठमाण्डौ - गौंर | बिहान ७:४० बजे |
| काठमाण्डौ - बिरगंज | बिहान ७:०५, ८:००, १०:००, १०:१५, ११:०० र १२:१५ बजे |
| काठमाण्डौ - कलैया | बिहान ८:०० र १०:१५ बजे |
| काठमाण्डा - बरहथवा | बिहान ८:३० बजे |
| काठमाण्डा - भरतपुर | बिहान ८:३०, ९:१५ र ११:४५ बजे |
| काठमाण्डौ - गितानगर | दिउँसो १:३० बजे |
| काठमाण्डौ - पर्साढाप-मेघौली | दिउँसो १:४५ बजे |
| काठमाण्डौ - नारायणगढ-विशालचोक | दिउँसो २:२० बजे |
| काठमाण्डौ - बिरगंज रात्री | बेलुका ८:१५ बजे |

आरामदायी तथा भरपर्दो सेवाको लागि मकालु यातायातलाई सम्झनुहोस् !

# गूदी र आकृति

- प्रज्ञानरत्न -



मान्छेको ज्ञान कुनै पनि वस्तुको बाहिरी रूपको जानकारीबाट शुरू हुन्छ । जब वस्तुको बाहिरी रूपबाट खोजी थाल्दै गहिरोमा जाने प्रयत्न हुन्छ, तब गूदी पत्तो लाग्छ । जब वस्तुको उत्पत्तिको कारण थाहा पाउने काम हुन्छ र वस्तुको अस्तित्व र विकासको नियम थाहा पाउने काम हुन्छ, तब गूदी पत्तो लाग्छ । बाहिर जो प्रकट हुन्छ, त्यो आकृति हो । भित्र जो लुकेर बसेको हुन्छ, त्यो गूदी हो ।

गूदी र आकृति विपरीत कुरा पनि हुन्, अभिन्न रूपले जोडिएका कुरा पनि हुन् । त्यस्तो कुनै गूदी हुँदैन, जो कुनै न कुनै रूपमा बाहिर प्रकट हुँदैन । त्यस्तो कुनै आकृति हुँदैन, जसमा गूदीको बारे कुनै सूचना र लक्षण हुँदैन । सत्य पत्ता लाउने हो भने मान्छेको ज्ञान प्रकट रूपमा बाहिर देखापरेका लक्षण वा सूचनाको सूत्र समात्दै गहिरोमा लुकिरहेको गूदी पत्ता लाउनतिर अघि बढ्नुपर्छ । जब कुनै वस्तु वा घटनाको उत्पत्तिको जरो कारण थाहा पाइयो, -गूदी थाहा पाइयो । जब कुनै पनि वस्तु वा घटना कुन नियमद्धारा अस्तित्वमा आइरहेछ र अस्तित्वबाट गइरहेछ, वस्तुको विकासको त्यो नियम थाहा पाइयो, -गूदी थाहा पाइयो । गूदी थाहा पाउनु भनेको गहिरोमा छिपिरहेको सत्यको उद्घाटन गर्नु हो । आकृति र गूदी वस्तुकै बाहिरी र भित्री पर्तहरू हुन् । गूदी अन्तर्वस्तु हो, आकृति अन्तर्वस्तुको प्रकटीकरण हो ।

हामी नदीलाई नियालौं । नदीमा बाहिर जुन छाल देखिन्छ, फिंज देखिन्छ, भुमरी देखिन्छ, ती आकृतिहरू हुन् । त्यो छाल किन देखियो ? फिंज किन देखापर्‍यो ? र भुमरी किन पर्‍यो ? भनेर गहीरोमा जरो कारण खोतल्दै जाने हो भने नदीको भित्र गहिरोमा प्रवाह भेटिन्छ । त्यो प्रवाह नै गूदी हो, छाल, फिंज र भुमरी त्यही प्रवाहका प्रकटीकरणका विभिन्न रूपहरू हुन् ।

बल्ब बलिरहेछ । सिलिंगमा पंखा चलिरहेछ । हिटर चूल्हो तातिरहेछ । धान कुट्ने मेशिनको मोटर चलिरहेछ । यी सब के कारणले हुनसकेका हुन् त ? यसको जरो कारण खोज्दै जाने हो भने हामी त्यसभित्र लुकिरहेको विद्युत उर्जालाई गूदीको रूपमा भेट्टाउँछौं । विद्युत उर्जा नै गूदी वा अन्तर्वस्तु हो, बल्ब बल्नु, हिटर तात्नु, पंखा चल्नु, मोटर चल्नु, सारमा विद्युत उर्जाकै बाहिरी अभिव्यक्तिका विभिन्न रूपहरू हुन् । यसप्रकार गूदी भनेको वस्तुगत यथार्थको भित्री गहिरो पक्ष हो, आकृति भनेको वस्तुगत यर्थाथको बाहिरी आवरण पक्ष हो ।

एउटा डाक्टरले बिरामीको रोग उपचार गर्दा प्रकट रूपमा बाहिर देखापरेका लक्षणहरूको जानकारीबाट भित्र लुकिरहेको गूदी कुरो पत्तो लाउने जमर्को गर्छ । जब लक्षणहरूको पात र हाँगो समातेर, फेद पत्तो लाउँदै रोगको वास्तविक भित्री जरो पत्तो लाउन सफलता मिल्छ, गूदी पत्तो लाग्छ । जब गूदी पत्तो लाग्छ, रोगको सही उपचार संभव हुन्छ । दुनियाँमा कुनै पनि समस्या समाधान गर्ने र सत्य पत्तो लाउने विधि यही हो : आकृतिबाट भन्भन् भित्री गूदीतिर अघि बढ्ने, प्याजको जस्तो पहिलो पर्तको गूदीबाट दोश्रो पर्तको गूदीतिर, दोश्रोबाट तेस्रोतिर, एवं रीतले अन्तहीन ढंगले भन्भन् भित्री गूदीतिर । परन्तु, प्याजमा भैं मानव ज्ञानमा अन्तिम गूदी पत्तो लाग्यो भन्ने कहिल्यै हुँदैन । जति भित्री गूदी पत्तो लाग्यो, समस्याको सही समाधान उति ज्यादा संभव हुन्छ ।

परन्तु समस्या के हुन्छ भने आकृति र गूदी एकाम्मे र एउटै स्वरूपका हुँदैनन् । गूदी त सतहभित्र लुकेर बसेको हुन्छ र पत्तो लाउनु धेरै गाह्रो र लम्बेतान काम हुन्छ । अल्छी र अधैर्यवानहरू आकृतिमै अड्किन्छन् । तसर्थ, उनीहरू गूदी पत्तो लाएर, समस्या समाधान गरेर खाँदैनन् ।

गूदी पत्तो लाउन जाँगर र धैर्यको ज्यादै खाँचो पर्छ । कार्ल मार्क्सको प्रसिद्ध भनाइ छ- "वस्तुको बाहिरी आकृति र गूदी प्रत्यक्ष रूपमा एकाम्मे हुने भएको भए सारा विज्ञान अनावश्यक कुरो हुन जान्थ्यो ।" *(हेर्नुहोस् पूँजी, अंग्रेजी, ग्रन्थ- ३, प्रगति प्रकाशन, मस्को, १९७४, पृष्ठ- ८१७)* यो निकै अर्थपूर्ण भनाइ हो । वास्तवमा जरो कारण वा सत्य खोज्ने सिलसिलामा कुनै पनि वस्तुको वा घटनाको बाहिरी आकृतिबाट भित्र पस्दै त्यसको गूदी पत्तो लाउने क्रममा नै विज्ञानको विकास भएको हो । कुनै पनि वस्तुको बाहिरी आकृति र गूदी एकाम्मे अथवा एउटै स्वरूपको हुने भएको भए, अध्ययन-अनुसन्धान भन्ने कुरा जरूरत नै हुने थिएन । अध्ययन-अनुसन्धान अनावश्यक भएको भए विज्ञानको जरूरत नै पर्ने थिएन । विज्ञान भनेकै आकृतिको बाहिरी खोल छिचोलेर भन्भन् भित्री गहिरोमा पस्दै गर्भमा लुकिरहेको अन्तर्वस्तुको खोजी हो ।

मेरो एकजना आफन्त बिरामी भयो । समस्या देखापर्‍यो- पेट र सम्पूर्ण जीउ असाध्यै दुख्ने, फलस्वरूप काम गर्नै मन नलाग्ने, कसैसित बोल्नसमेत मन नलाग्ने । अस्पतालमा लगेर देखाइयो । सम्बन्धित विषयका थुप्रै विशेषज्ञले प्रयोगशाला-परीक्षण गरेर हेरे । पेट र जीउमा कुनै दोष देखा परेन । परन्तु पेट र जीउ भने दुखेकोदुख्यै छ । बिरामी काम गर्नै सक्दैन । अनेकौं डाक्टर जिल खाए । अन्ततः एकजना अनुभवी विशेषज्ञले के पत्तो लगाए भने- यी शारीरिक लक्षणहरूको गूदी मानसिक अवसाद हो । समस्या मनमा छ । तर लक्षणचाहिं शरीरमा देखापरेको छ । आखिर गूदी खोज्ने क्रममा उनको निदान सही निक्लयो र उनको ओखतीले छोयो पनि । भनाइको तात्पर्य के हो भने- आकृति जुन रूपमा बाहिर देखापर्छ, प्रत्यक्ष रूपमा ठीक त्यस्तै स्वरूपको गूदी हुने गर्दैन । आकृति र गूदीको स्वरूपमा भिन्नता हुन्छ, अन्तर्विरोध हुन्छ । सम्बन्ध खोज्दै-खोज्दै भित्र भन् भित्र पस्दै गएपछि नितान्त बेग्लै स्वरूपको गूदी भेटिन्छ । पत्याउनै गाह्रो पर्छ कि, त्यो आकृतिको गूदीचाहिं यस्तो हुनसक्छ भनेर ।

हामी हाम्रो समाजमा श्रम नगर्ने पूँजीपति भन्-भन् धनाढ्य बन्दै गएको, परन्तु श्रम गर्ने मजदूर भन्भन् कंगाल बन्दै गइरहेको देख्छौं । मजदूरहरूको बुद्धि र भाग्य नै कमजोर हुनाले यस्तो भएको भनेर ब्याख्या गरिन्छ । बाहिरी आकृतिमा यस्तो साँच्चै हो कि भनेर धेरैलाई भ्रम छ । परन्तु कार्ल मार्क्सले वैज्ञानिक अध्ययन-अनुसन्धान गरेर यसको गूदी पत्तो लगाउनुभयो । उहाँले देखाउनुभयो कि, यो वास्तवमा मजदूरहरूको कमजोर बुद्धि र खोटो भाग्यले गर्दा भएको होइन,

**मार्क्सको प्रसिद्ध भनाइ छ- "वस्तुको बाहिरी आकृति र गूदी प्रत्यक्ष रूपमा एकाम्मे हुने भएको भए सारा विज्ञान अनावश्यक कुरो हुन जान्थ्यो ।"**

**बल्ब बलिरहेछ । सिलिंगमा पंखा चलिरहेछ । हिटर चूल्हो तातिरहेछ । धान कुट्ने मेशिनको मोटर चलिरहेछ । यी सब के कारणले हुनसकेका हुन् त ?**



**लेनिनको प्रशिद्ध उक्ति छ :**

**"हाम्रो चिन्तन अन्तहीन ढंगले आकृतिबाट गूदीको गहिराइतिर मात्र झन्झन् अग्रसर हुने मात्र होइन, यो पहिलो तहको गूदीबाट दोश्रो तहको गूदीतिर र एवं रीतले त्योभन्दा माथितिर अन्तहीन ढंगले अग्रसर हुन्छ ।"**

यो आफूलाई दिइएको ज्यालाभन्दा ज्यादा अतिरिक्त श्रम घण्टामा काम गरेर मजदूरहरूले पैदा गरेको अतिरिक्त मूल्यको पूँजीपतिहरूद्वारा भएको लूटले गर्दा भएको हो । पूँजीपतिवर्गको नाफाको गूदी नै मजदूरहरूले पैदा गरेको अतिरिक्त मूल्यको लूट हो ।

यस प्रकार हामी के देख्छौं भने बाहिर आकृतिमा वस्तु जस्तो स्वरूपमा देखिन्छ, भित्र गूदी ठीक त्यस्तै स्वरूपको हुँदैन । यी दुईको स्वरूपमा अन्तर हुन्छ । आकृतिलाई पक्रेर कारण-कार्यसम्बन्ध खोज्दै हाँगो, फेद, जरो खोज्दै गूदीसम्म पुग्न त सकिन्छ, तर आकृति र गूदी नितान्त भिन्नै कुराहरू हुन् । गूदी त्यो होइन, जो बाहिर प्रकट रूपमा देखिन्छ । आकृति बाहिरी लक्षण हो, जसलाई इन्द्रीयहरूले सिधासिधा अनुभूत गर्न सक्छन् । गूदी इन्द्रीयहरूद्वारा अनुभूति गर्न सकिने विषय होइन, यो तर्कद्वारा मात्र पत्तो लाग्छ । अमूर्त चिन्तनद्वारा मात्रै थाहा लाग्छ ।

गूदी कुनै पनि वस्तुको वा वस्तुगत यथार्थको मूल आधार हो, जरा हो र तुलनात्मक रूपमा ज्यादा दिगो भित्री पातो हो । आकृतिचाहिँ तुलनात्मक रूपमा छिटो छिटो बदलिरहने वस्तु वा वस्तुगत यथार्थको सतही पाटो हो । आकृति कस्तो देखापर्छ, गूदीले निर्धारित गर्छ । गूदी के र कस्तो छ, आकृतिले छनक दिन्छ । परन्तु यी दुवै परिवर्तनशील छन् । आकृति र गूदी दुवै गतिशील छन् ।

लेनिनको भनाइ छ : "गूदी देखापर्छ, आकृति आवश्यक छ......आकृतिमात्र अस्थायी, गतिशील र तरल होइन, परन्तु वस्तुको गूदी पनि त्यस्तै छ ।" *(हेर्नुहोस्- "Conspectus of Hegel's Book Lectures on the History of Philosophy" ग्रन्थ ३८, पृष्ठ-२५३)*

लेनिनले भन्न खोज्नुभएको सवाल के हो भने गूदी यद्यपि भित्र लुकेर बस्ने कुरा हो, परन्तु त्यो कुनै न कुनै रूपमा बाहिर देखा पर्छ, पर्छ । गूदी बाहिर प्रकट हुन आकृतिको आवश्यकता पर्छ, अनि आकृतिमात्र परिवर्तनशील र अस्थायी होइन, गूदी पनि परिवर्तनशील र अस्थायी हुन्छ ।

गूदीका पनि तह हुन्छन्-प्याजको तह भएजस्तै । मान्छेको चिन्तन पहिलो तहको गूदीमै सीमित भएर बस्दैन । सीमित भयो भने विकास नै हुँदैन । त्यो दोस्रो, तेस्रो, चौथो हुँदै झन्झन् भित्री तहतिर अघि बढ्छ । मानव ज्ञानको प्रगति भनेको नै कुनै पनि वस्तुको गूदीको झन्झन् भित्री तहतिर अन्तहीन ढंगले अघि बढ्नु हो । पदार्थको गूदी पत्तो लाउने सिलसिलामा कार्ल मार्क्स र फ्रेडरिक एंगेल्सको जीवनकालसम्म गतिशील परमाणुमात्र पत्तो लागेको थियो । ऐंगेल्सको मृत्युको दुई वर्षपछि सन् १८९७ मा पदार्थको गूदीको अर्को आधारभूत तह गतिशील इलेक्ट्रोन पत्तो लाग्यो । लेनिनको जीवनकालमा इलेक्ट्रोन र प्रोटोनजस्ता कणहरूसम्म थाहा लाग्यो । अहिले पदार्थको गूदी-क्वार्क नामक आधारभूत कणको तहसम्म थाहा लागेको छ । भन्न सकिन्न, यही नै अन्तिम तह हुनेछ । मान्छेको सोच आकृतिबाट गूदीतिर मात्र गतिशील हुने होइन, कम गहन गूदीबाट बढी गहन गूदीतिर समेत गतिशील हुन्छ । लेनिनको प्रशिद्ध उक्ति छ : "हाम्रो चिन्तन अन्तहीन ढंगले आकृतिबाट गूदीको गहिराइतिर मात्र झन्झन् अग्रसर हुने मात्र होइन, यो पहिलो तहको गूदीबाट दोश्रो तहको गूदीतिर र एवं रीतले त्योभन्दा माथितिर अन्तहीन ढंगले अग्रसर हुन्छ ।" *(हेर्नुहोस्, उही पृष्ठ- २५३)*

❑


# प्रतिभा

## बाल पत्रिका




**पाठकवृन्द,**

**मूल्यांकन र नवयुवाको** प्रकाशनपछि एउटा सहयोगी बाल पत्रिकाको रूपमा **प्रतिभा** छिटै प्रकाशन गर्ने योजना बनाइरहेका छौं । **प्रतिभालाई** हामी सबै बालबालिकाको असल साथी बनाउन चाहन्छौं । यसका लागि यहाँहरूको हार्दिक सहयोग र सुझावको आशा गरिरहेका छौं ।

❖ **तपाईं 'प्रतिभा'का लागि रचना लेखेर पठाउन चाहनुहुन्छ भने-**

- बाल-बालिकाहरूलाई कामलाग्ने कथा, कविता, गीत, नाटक, चुट्किला, गाउँखाने कथा, लेख, संस्मरण आदि जे लेखेर पठाउनु भएपनि हामी स्वागत गर्दछौं ।



- आफ्नो अध्ययन र भ्रमणको बारेमा, आफू वरिपरि भइरहेका घटनाहरूको बारेमा, स्कूलको बारेमा, पढाइ र परीक्षाको बारेमा, आफ्ना साथीभाइ र शिक्षक-शिक्षिकाहरूको बारेमा, आफ्नो गाउँ-शहरको समाज अनि देश-विदेशका घटनाहरूको बारेमा लेखेर पठाउनु भए हामी उचित ठाउं दिनेछौं ।



आफ्ना दुःख-सुखहरू आफ्ना समस्या र संघर्षहरू सबै नेपालीहरूबीच साटासाट गर्न चाहनुहुन्छ भने प्रतिभा सबै बाल-बालिकाको असल साथी बन्न तयार छ

**- अन्तर्क्रिया प्रकाशन प्रा.लि. -**




# विश्व व्यापार संगठन, दोहा सम्मेलन र जनस्वास्थ्य

- अनिल भट्टराई -

विश्वका एकसय बयालीस देशहरू सदस्य भएको व्यापारसम्बन्धी अन्तर्राष्ट्रिय कानूनी संयन्त्र- विश्व व्यापार संगठनको गत नोभेम्बर ९ देखि १४ सम्म खाडी मुलुक कतारको राजधानी दोहामा भएको पाँच दिने चौथो मन्त्रीस्तरीय सम्मेलनका केही उपलब्धिहरूको बारेमा अहिले व्यापक चर्चा भएको छ । खासै नयाँ कार्यसूचीहरू नथपिएको तथा विकसित देशहरूले आफ्ना किसानहरू तथा बहुराष्ट्रिय कम्पनीहरूले संचालन गर्ने ठूला ठूला कृषि फार्महरूमा दिँदै आएको उत्पादन तथा निर्यात सहुलियतहरूसम्बन्धी विवाद नसुल्झिएको भएतापनि बौद्धिक सम्पदा संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय सम्झौता TRIPS (जसलाई प्याटेन्ट व्यवस्था पनि भनिन्छ) र जनस्वास्थ्यको सरोकारका बारेमा भएको घोषणालाई नागरिक समाज, गैर-सरकारी संगठनहरू, स्वास्थ्य क्षेत्रमा कार्यरत सकृयकर्मी संस्थाहरू तथा व्यक्तिहरूले एउटा महत्वपूर्ण उपलब्धिको रूपमा लिएका छन् ।

दोहामा भएको यस घोषणाको कानूनी हैसियत नभएपनि यसमा भइरहेको TRIPS सम्झौताको हरेक देशले जनस्वास्थ्यको आवश्यकताको हिसाबले व्याख्या गर्न पाउने कुराको व्यवस्था गरिएको छ । सम्मेलन पछि जारी गरिएको TRIPS संझौता तथा जनस्वास्थ्यसम्बन्धी घोषणामा भनिएको छ : "TRIPS संझौताले जनस्वास्थ्यको रक्षा गर्नका लागि चाहिने उपायहरू अवलंवन गर्नमा सदस्य राष्टहरूलाई रोक्दैन तथा रोक्न हुँदैन भन्ने कुरामा हामी सहमति जनाउँदछौं । ...साथै हामी यो पनि मान्दछौं कि, यो संझौताले सबैलाई औषधिमा पहुँच पुऱ्याउने विश्व व्यापार संगठन सदस्यहरूको अधिकारलाई बल पुग्ने हिसावले लागु गर्ने तथा व्याख्या गर्ने कुरालाई समर्थन गर्दछ ।'

यो घोषणा वास्तवमै एउटा ठूलो उपलब्धिको रूपमा मान्नु पर्दछ । विगत केही बर्षदेखि यो संझौता विशेष विवादमा आएको थियो । औषधिको उत्पादनमा ठूला ठूला बहुराष्ट्रिय कम्पनीहरूले एकाधिकार स्थापना गर्नका लागि यो संझौता सहायक भएको थियो । एड्स, क्षयरोग, औलो आदि रोगहरूका औषधि उत्पादन, मूल्य निर्धारण तथा बजार वितरणमा हुँदै गरेको उनीहरूको एकाधिकारले यी औषधिहरूको मूल्यलाई सामान्य जनताको पहुँचभन्दा ज्यादै बाहिर पुऱ्याइदिएको थियो । विश्व व्यापार संगठन स्थापना गरिएको पहिलो उरूग्वे सम्मेलनमा बहुराष्ट्रिय कम्पनीहरूको दवावमा सम्पन्न यो सम्झौताले तेश्रो विश्वमा उत्पादन हुने औषधिहरूमाथि बहुराष्ट्रिय कम्पनीहरूको एकाधिकार स्थापना हुने संभावनालाई दरिलो बनाएको थियो ।

प्याटेन्ट व्यवस्थाअन्तर्गत कुनै औषधिको विकास वा आविष्कार भएपछि प्याटेन्ट दर्ता गर्ने कम्पनीले बीस बर्षको लागि उत्पादन तथा बजार व्यवस्थापनमा एकाधिकार कायम गर्न पाउने व्यवस्था गरिएको थियो । साथै त्यसलाई बजारमा लैजानका लागि पनि प्याटेन्ट राख्ने कम्पनीहरूले एकाधिकार पाउने व्यवस्था कायम गरिएको थियो । यो अधिकारको दुरूपयोग हुने ठूलो सम्भावनाबारे शुरूदेखि नै यस संझौताको नियमित रूपमा आलोचना गर्दैरहेका नागरिक समाजका संस्थाहरू तथा केही तेश्रो विश्वका देशहरूले औंल्याउँदै आएका थिए । बिस्तारै बहुराष्ट्रिय कम्पनीहरूले लिएका नीतिहरूले ती आरोपहरूलाई सही सावित गरे।

मूल्य निर्धारण तथा बजार व्यवस्थामा एकाधिकार स्थापना गरेपछि बहुराष्ट्रिय औषधि कम्पनीहरूले एड्स, टी. बी. जस्ता रोगहरूको औषधिको मूल्य यति धेरै राखे कि, यो विकासशील देश तथा विकसित देशहरूकै पनि गरीवहरूको पहुँचको बाहिर हुन गयो । केही विकासशील देशमा यी औषधिहरू साह्रै थोरै लागतमा उत्पादन हुन थालेका थिए, तर अरू देशमा बेच्नका लागि TRIPS संझौताको बहुराष्ट्रिय कम्पनीहरूले गरेको व्याख्याले अवरोध उत्पन्न गरेको थियो । ती कम्पनीहरू तथा ती कम्पनीहरू भएका देशहरूलाई औषधिका बहुराष्ट्रिय कम्पनीहरू तथा धनी देशहरू र त्यसमा प्रमुख रूपमा अमेरिकाले सिधा दवाव दिन थाले । यसले विवादको सृजना गऱ्यो। यो विवाद व्यापक बहसको विषय त्यति खेर हुन पुग्यो, जब दक्षिण अफ्रिकाले एड्सको औषधि सस्तोमा भारतको सिप्ला भन्ने कम्पनीबाट आयात गर्ने निर्णय गऱ्यो तथा ब्राजिलले पनि यो औषधि आफ्नै देशमा सस्तोमा उत्पादन गर्ने निर्णय गऱ्यो ।

यसबाट ठूला ठूला बहुराष्ट्रिय कम्पनीहरू तर्सिए । एड्सको उक्त औषधि उत्पादन तथा बिक्री गर्ने ३९ वटा कम्पनी मिलेर दक्षिण अफ्रिकी सरकारलाई अदालतमा मुद्दा हाले । त्यसैगरी अमेरिकी सरकारले ब्राजिलको सरकारलाई त्यो औषधि उत्पादन नगर्नका लागि दवाव दिन थाल्यो । तर नागरिक समाज तथा एड्स रोगीहरूको पक्षमा काम गर्दै गरेका सयौं संस्थाहरू तथा सक्रिय कर्मीहरूको ब्यापक दवाबको कारणले पछि बाध्य भएर ती कम्पनीहरूले आफ्नो मुद्दा फिर्ता लिए ।

दोहामा भएको TRIPS संझौता तथा जनस्वास्थ्यसम्बन्धी नयाँ घोषणा त्यसैको एउटा उपज थियो । विकासशील देशहरू यस विषयमा संगठित पनि भएका थिए । दोहा सम्मेलन भन्दा केही महिनाअघि केही विकासशील देशहरूको संयुक्त रणनीति तय गर्ने उद्देश्यले छलफल चलेको थियो । खास गरी एड्स रोगको मारमा परेका अफ्रिकी देशहरूले यस रोगको औषधिको मूल्यमा धनी देशहरूका कम्पनीहरूको एकाधिकार रहेको

कुराको खुलेर आवज उठाए । अमेरिकाले यसमा खुलेर बहुराष्ट्रिय कम्पनीहरूको पक्षमा वकालत गऱ्यो, तर केही युरोपेली देशहरू तथा यस सवालमा युरोपियन युनियनको फरक विचार रह्यो । युरोपियन युनियनमा पनि खास गरी स्केन्डीनेभियाली देशहरूले विकासशील देशहरूको आफूलाई चाहिने औषधि उत्पादन तथा त्यसको मूल्य निर्धारण गर्ने अधिकारको खुलेर समर्थन गरे । त्यसमा नर्वे सबभन्दा अग्र पंक्तिमा थियो।

दोहा सम्मेलनमा विकासशील देशहरूले आफ्नो एकता प्रदर्शन गरेयो सवालमा । बहुराष्ट्रिय कम्पनीहरू उनीहरूको कुरा स्वीकार्न बाध्य भए । दोहाको TRIPS संझौता तथा जन स्वास्थ्यसम्बन्धी घोषणाले विकासशील देशहरूलाई आफ्नो देशको आवश्यकता परिपूर्ति गर्नका लागि चाहिने औषधिको उत्पादन गर्ने वा गर्ने वातावरण बनाउने अधिकार दिएको छ ।

यति हुँदाहुँदै पनि जनस्वास्थ्यको हिसाबले विश्व व्यापार संगठनलाई हेर्दा यो उपलब्धिलाई मात्रै हेरेर पुग्दैन । सम्झनु पर्ने कुरा के छ भने यो उपलब्धि *औषधि उत्पादन सम्बन्धि अधिकारको बारेमा मात्रै भएको उपलब्धि हो । तर मानव स्वास्थ्य औषधिले मात्रै निर्धारण गर्दैन।* वास्तवमा भन्ने हो भने हाम्रो जस्तो विकासशील देशहरूमा रहेका बहुसंख्यक जनताको स्वास्थ्यमा सुधार हुनका लागि अहिलेको औषधि तथा स्वास्थ्य सेवा केन्द्रित सोचमा व्यापक फेरबदल हुनु आवश्यक छ। यस सन्दर्भमा विश्व स्वास्थ्य संगठनलाई हेर्दा मानिसहरूको स्वास्थ्यलाई यसले कसरी प्रभाव पार्दछ भन्ने कुराको व्यापक विश्लेषण गर्नु पर्दछ । त्यसका लागि औषधि तथा स्वास्थ्यसेवा भन्दा बाहिर निक्लेर मानव स्वास्थ्यलाई प्रभाव पार्ने तत्वहरूको सन्दर्भमा विश्लेषण गर्नु पर्दछ ।

खानाको पर्याप्तता, वातावरणीय सन्तुलन, सामाजिक समानता, सफा पानीको वितरण आदि स्वास्थ्यका लागि महत्वपूर्ण कुराहरू हुन् । जहाँ मानिसहरूले पर्याप्त खान पाएका छन्, त्यहाँका मानिसहरूको औसत आयु, शिशु मृत्युदर तथा रोगहरूमा कमी आएको कुरा लामो समयसम्म धेरै देशहरू तथा ठाउँहरूमा गरिएका सयौं अध्ययनहरूले देखाएका छन् । खानामा भएको बृद्धिसँगै युरोप तथा अमेरिकामा मानिसहरूको औसत आयु जतिखेर बढ्यो त्यतिखेर वास्तवमा औषधि विज्ञानसँग मानवीय स्वास्थ्यमा प्रभावकारी हस्तक्षेप गर्ने क्षमता विकास भएकै थिएन । उपचार पद्दति नितान्त पछौटे, औषधिहरू अप्रभावी नै भएको उन्नाइसौं शताब्दीको उत्तरार्धको समयमा नै युरोप तथा अमेरिकामा मानिसहरूको स्वास्थ्यमा व्यापक सुधार भएको थियो । नेपालको पश्चिमान्चल तथा मध्य पश्चिमान्चलका क्षेत्रहरूका भोकमरीसँगै रोग संक्रमण बढ्ने कुरा समाचार-पत्रहरूमा कैयौं बर्षदेखि निरन्तर आउँदै गरेका छन् ।

अहिले बढीभन्दा बढी मानिसहरू खानाको पहुँचबाट बाहिरिँदै छन् । खाना उत्पादन गर्ने जमीनको प्रयोग निर्यातका लागि चाहिने कृषिजन्य वस्तुहरूको उत्पादनमा प्रयोग हुँदै जाने क्रम तिव्र भएको छ । कतिपय देशहरूमा खेतियोग्य जमीन बहुराष्ट्रिय कम्पनीहरूले आफ्नो अधीनमा लिँदै जान थालेका छन् । खानाको वितरण प्रणाली जति जति बजारको हातमा जाँदै छ, उति उति बढीभन्दा बढी मानिसहरू खानाको पहुँचबाट बाहिरिँदै छन् । भारतका खाद्य गोदामहरूमा लाखौं टन खाद्यान्न जम्मा भएको अवस्थामा पनि उडिसा, उत्तरप्रदेश तथा राजस्थान जस्ता राज्यहरूमा भोखमरीले मानिसहरू मरेको समाचार हामीले केही समयअघि विभिन्न संचार माध्यमहरूबाट सुन्यौं। यो एउटा उदाहरण हो ।

त्यसैगरी वातावरणीय विनाश पनि तीव्र गतिमा हुँदै गएको छ । यसबाट एकातिर धेरै मानिसको जीविका खस्कँदै गएको छ भने वातावरणीय प्रदूषण जन्य स्वास्थ्य समस्यामा व्यापक बृद्धि भएको छ । वातावरणीय हिसाबले खराब उत्पादन प्रकृया भएका उद्योग-धन्दाहरू अब गरीब देशहरूमा आउन थालेका छन् । सस्तो श्रम तथा कमजोर वातावरणीय कानूनी व्यवस्थाले यी उद्योगहरूको उत्पादन प्रकृयाबाट वातावरणीय विनाश बढ्न थालेको छ । चाखलाग्दो कुरा के छ भने यसरी उत्पादन व्यवस्थाले सृजना गरेको स्वास्थ्य समस्याले व्यापारको लागि नयाँ नयाँ अवसरहरू सृजना गरेको छ । यी रोगका औषधि उत्पादन गर्ने व्यवसायहरूको नाफा बढ्न थालेको छ । बायु प्रदूषण तथा श्वास प्रश्वाससम्बन्धी रोग निदानका लागि भएका औषधिहरूको उत्पादन बढेको छ । तथ्यांकहरू हेर्नु पर्दैन काठमाण्डौका सबैजसो मानिसहरूको अनुभवले यो भन्छ ।





विरोध प्रदर्शनको एक दृश्य

मानिस मानिसबीचको असमानता पनि बढ्दै गएको छ । विश्वमा उत्पादनका साधनहरू, उपभोग तथा सम्पत्तिको केन्द्रिकरण हुने प्रकृया तीव्र भएको छ । संयुक्त राष्ट संघीय विकास नियोगले प्रकाशित गर्ने मानव विकास प्रतिवेदनका हरेक अंकले यो कुरा भन्दै आएका छन् । गरीव झन् गरीव र धनी झन् धनी हुने क्रम बढ्दो छ । यसको एउटा प्रमुख कारण केन्द्रिकृत उत्पादन तथा उपभोग प्रणालीमा आधारित अर्थव्यवस्था रहेको छ । विश्व व्यापार संगठन यस्तो अर्थव्यवस्थाको निरन्तरताको लागि चाहिने एउटा विश्वव्यापी कानूनी संयन्त्रको रूपमा रहेको छ । यस संयन्त्रको नियम कानून राष्टिय कानूनहरूले मिच्न पाउँदैनन् । स्वास्थ्यलाई यसरी व्यापक रूपमा हेर्दा विश्व व्यापार संगठनको हालसम्मको अनुभव नकारात्मक रहेको कुरा देखिँदै आएको छ ।

दोहा सम्मेलनको TRIPS संझौता र जनस्वास्थ्यसम्बन्धी घोषणालाई वास्तवमा स्वास्थ्य सम्बन्धि घोषणा नभएर *औषधिसम्बन्धी घोषणा* हो भन्नु अत्युक्ति नहोला । यसको मतलब यो होइन कि, त्यो घोषणाको महत्व छैन । वास्तवमा पहिलोपटक गरीव राष्ट्रहरूले एक भएर बहुराष्ट्रिय कम्पनीहरूको एकाधिकारलाई चुनौती दिएर ठूलो उपलब्धि हासिल गरेका छन् । अहिले एड्सको भीषण महामारीमा परेका थुप्रै देशका सरकारहरूलाई यस रोगसँग लड्नका लागि चाहिने एउटा राम्रो आधार यस घोषणाले पक्कै पनि दिएको छ । तर पनि मानव स्वास्थ्यका अरू धेरै पक्षमा एकदमै नकारात्मक असर पार्दै जानथालेको हालको आर्थिक व्यवस्थाको बारेमा राम्ररी विश्लेषण नगरीकन यो एउटा घोषणाको भरमा नै अब स्वास्थ्यमा उपलब्धि हुने भयो भन्न भने सकिँदैन । ❑



**दोहा सम्मेलनको TRIPS संझौता र जनस्वास्थ्य-सम्बन्धी घोषणालाई वास्तवमा स्वास्थ्य सम्बन्धि घोषणा नभएर औषधिसम्बन्धी घोषणा हो भन्नु अत्युक्ति नहोला**




# कृषि क्रान्तिका लागि आवश्यक पुस्तक

> *नेपालको राजनीति भूमिसँग जोडिएको छ र भूमिको राजनीति कृषि क्रान्तिसँग ।*

**ने**पालमा भूमिसम्बन्धी समस्या अन्यन्त जटिल छ र अति नै ज्वलन्त पनि छ । तर भूमिसँग नङ र मासुझैं जोडिएका किसानहरूको संघर्ष भने अचेल मरणासन्न अवस्थामा छ । विभिन्न रंगका किसान संगठनहरूले न यस सवालमा क्रिया (एक्शन) गर्न सक्छन्, न प्रतिक्रिया (रियाक्शन) नै । जटिल र ज्वलन्त समस्याबारे क्रिया-प्रतिक्रिया नगरी बसिरहेका किसान संगठनहरूको हविगत हेर्दा कृषि क्रान्ति निकै टाढै जस्तो देखिन्छ ।

सबैलाई थाहा छ, २०४६ सालको राजनैतिक परिवर्तनपछि पनि समग्र आर्थिक-सामाजिक संरचनामा कुनै परिवर्तन आएन, भूमि समस्या ज्यूका त्यूँ रहँदै आएको छ । विभिन्न नामधारी किसान संगठनहरू भूमि समस्यासम्बन्धी गहन अध्ययन-अनुसन्धान र कृषि क्रान्तिको वस्तुगत रूपरेखाको अभावमा राजनैतिक पार्टीका चुनावी हतियारमा मात्र सीमित भइरहेका छन् । यस्तो स्थितिमा नेपालको भूमि, भूमिहीनता, भूमिसम्बन्ध र बसाइँ सराइबारे गहन अध्ययन-अनुसन्धानद्वारा कृषि क्रान्तिको रूपरेखा कोर्नु अत्यन्त आवश्यक देखिन्छ ।

यो कार्यमा केही टेवा दिने उद्देश्यले अमेरिकाको फ्लोरिडा राज्यस्थित 'स्कूल अफ बिजीनेस एण्ड इण्डस्ट्री'मा प्राध्यापन गरिरहेका नेपाली विद्वान नन्द आर. श्रेष्ठले **'द पोलिटिकल इकोनोमी अफ लायण्ड, लायण्डलेसनेस एण्ड माइग्रेसन इन नेपाल'** नामक अनुसन्धानमूलक किताब लेखेका छन् । 'इन द नेम अफ डेभलपमेन्ट' नामक चर्चित आलोचनात्मक पुस्तकका लेखक श्रेष्ठले नयाँ किताबमा बसाइँ सराइलाई केन्द्रमा राखेर नेपालमा भूमिसम्बन्धी जटिल र ज्वलन्त समस्यालाई प्राज्ञिक र अनुसन्धानमूलक ढंगले विश्लेषण गरेका छन् । बसाइँ सराइ र भूमिहीनताको अर्थ-राजनीतिबारे कार्ल मार्क्सदेखि वालेरस्टाइन र समीर अमीनजस्ता नव-मार्क्सवादीहरूसम्मका व्याख्या विश्लेषणहरूको आलोकमा अनुसन्धान गरेका छन् । उनले भूमिसम्बन्धी सवालमा विश्वमा भएका कृषि क्रान्तिहरूको गहन अध्ययन गरेका प्रख्यात प्राज्ञहरू हम्जा अलावीदेखि इ. आर. वोल्फका सैद्धान्तिक र व्यवहारिक संरचनाहरूलाई आधार मानेर ठोस र महत्वपूर्ण अध्ययन गरेका छन् ।

अध्ययन-अनुसन्धानको क्रममा चर्चित लेखक तथा प्रख्यात अर्थशास्त्री श्रेष्ठले किताबको शुरूवातमा नेपालको कृषि अर्थतन्त्रको समग्र परिचय दिएका छन् र भूमिहीनताको समस्याको ऐतिहासिक रूपरेखा खिचेका छन् । त्यसपछि राणा शासनकालभन्दा अगाडिदेखि पंचायतकालसम्मको भूमिहीनताको स्थितिलाई तथ्यपूर्ण ढंगले रेखांकन गर्दै उनले त्यसबेलाका सरकारी नीति र त्यसका परिणामहरूको तथ्य प्रस्तुत गरेका छन् । भूमिहीनताकै फलस्वरूप यहाँका भूमिहीन किसानहरू सिक्किम, दार्जीलिङ्ग, बिहार, बंगाल, उत्तर प्रदेश र पंजाबतिर बसाइँ सर्न थालेकै सन्दर्भमा ब्रिटिश लाहुरेको प्रचलन शुरू भएको प्रसंग कोट्याएका छन् ।

तराईको जंगल मास्ने र भूमिको लागि जग्गा कब्जा गर्ने प्रवृत्तिको ऐतिहासिक विवेचना गर्ने क्रममा उनले तराईमा पहाडका भूमिहीनको ठूलो मात्रामा भएको बसाइँ सराइ र त्यहाँका सुकुम्बासीहरूको संघर्षमाथि अत्यधिक ध्यान केन्द्रित गरेका थिए ।

२०३६-३७ सालमा भएको महत्वपूर्ण सुकुम्बासी संघर्षको मुल्यांकन गर्दै उनले लेखेका छन्- नेपालको राजनीति भूमिसँग जोडिएको छ र भूमिको राजनीति कृषि क्रान्तिसँग ।

किताबमा अर्थशास्त्री श्रेष्ठ नेपालमा पनि भूमिहीन र सुकुम्बासी समुदायमा आधारित कृषि क्रान्तिको संभावनातिर संकेत गर्न चुकेका छैनन् । पछिल्लो भूमिका लेखनको क्रममा उनले २०४६ सालमा राजनैतिक क्षेत्रमा परिवर्तनपछि स्थापित बहुदलीय प्रजातन्त्रले भूमिहीन किसानहरूलाई सामाजिक र आर्थिक अधिकार नदिएको र भूमिमाथि सीमित व्यक्तिको एकाधिकार रहेको कारणले कृषि क्रान्तिको आवश्यकताबारे गहन विचार प्रस्तुत गरेका छन् । उनको अध्ययन-अनुसन्धान र विश्लेषण किसान संगठनहरूलाई मात्रै होइन, समग्र परिवर्तनकारी शक्तिहरूलाई अति नै उपयोगी देखिन्छ । लेखक तथा प्रकाशकले यस किताबको नेपाली अनुवादको व्यवस्था गर्न सके यसको परिवर्तनकामी नेपाली पाठकबीच ब्यापक पठन-पाठन, अन्तर्क्रिया र बहसको संभावना देखिन्छ ।

विश्वविख्यात मार्क्सवादी विद्वान पाउल एम. स्वीजीले यस पुस्तकको प्रशंसा गर्ने क्रममा लेख्नुभएको छ- अत्यन्त ठूलो कौशल र गहन अन्तर्दृष्टिका साथ लेखकले अविकास र बसाइँ सराइसम्बन्धी सिद्धान्तको ऐतिहासिक र आलोचनात्मक विश्लेषण गरेका छन् ।

❑ **राजेन्द्र महर्जन**

**The political Economy of Land, Landlessness and Migration in Nepal**

| | |
|---|---|
| विधा | : राजनीतिक अर्थशास्त्र |
| लेखक | : Nanda R. Shrestha |
| प्रकाशक | : निराला पब्लिकेसन्स, नयाँ दिल्ली |
| वितरण | : ह्वाइट लोटस बुक शप, कोपुण्डोल, ललितपुर |
| पृष्ठ | : ३११+२८ |
| मूल्य | : रु. ४५० I.C. |

## ◄ उल्लेख्य




**नव कविता**

| | |
|---|---|
| विधा | : पत्रिका *(कविताहरुको संकलन)* |
| लेखक | : विभिन्न कविहरु |
| प्रकाशक | : श्रीमती लक्ष्मी शर्मा |
| पृष्ठ | : ९६ |
| मूल्य | : रु. २०/- |





**चार दशक** (दोस्रो खण्ड)

| | |
|---|---|
| विधा | : राजनैतिक आलोचना |
| लेखक | : मोहनबिक्रम सिंह |
| प्रकाशक | : जन साहित्य प्रकाशन, गोरखपुर |
| पृष्ठ | : ५२८ |
| मूल्य | : ..... |

## सूचना

'किताब' र 'उल्लेख्य' स्तम्भका लागि आफ्ना दुई-दुईवटा नयाँ पुस्तक पठाई सहयोग गरिदिन हुन लेखक तथा प्रकाशकहरूसँग अनुरोध गरिन्छ ।

*- मूल्यांकन*



# कसिङ्गर बनेका कलाकार

गोविन्द वर्तमान

उनी अक्सर आँखाको कसिंगर भइरहे । करीव तीस वर्षको कलायात्रामा निरन्तर संलग्न उनलाई थुप्रै मानिसहरू एउटा मामुली व्यक्तिको रूपमा मात्र चिन्दछन् । वास्तवमा उनी त्यस्तै व्यक्ति हुन्, जसलाई सरसर्ति हेर्दा मामुली देख्ने गरिन्छ । यी मामुली मानिस आजभन्दा तीस वर्ष अगाडि २०२८ साल माघ २ गते नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानमा प्रशिक्षार्थी कलाकारका रूपमा जागिरे भएका थिए । उनको औपचारिक कलायात्रा त्यही दिनदेखि शुरू भएको थियो । त्यसअघि उनी एउटा उद्दण्ड किशोरका रूपमा नै छरछिमेकमा चिनिए । तर उनको त्यस अवधिको उद्दण्डताभित्र सामाजिक जागरण र राजनीतिक चेतनाका प्रभावहरूले चलखेल गरिरहेका थिए । वि. सं २०१० साल असार १५ गते जन्मिएका उनलाई श्रीहरि श्रेष्ठ भनेर चिनिन्छ । हाल उनी एकेडेमीमा उप-नृत्य निर्देशक छन् । सानैदेखि सामुहिक क्रियाकलापमा संलग्न हुने स्वभावअनुसार २०२५ सालमा पन्ध्र बर्षकै उमेरमा श्रीहरि श्रेष्ठ चावहिलको बाल खेलकूद परिषदका अध्यक्ष भएका थिए । त्यसबेलादेखि नै उनलाई साम्यवादी विचारले आकर्षित गर्‍यो । त्यसबेला साम्यवाद र चीन भण्डै-भण्डै पर्यायवाची शब्दजस्तो बुझिन्थ्यो । साम्यवादप्रति बढी नै लगाव देखाएकाले समकालीन मित्र तथा अग्रजहरूले श्रीहरिलाई त्यसबेला चिननाथ भनेर बोलाउने गर्थे । श्रीहरि अहिले त्यस कालखण्डलाई स्वाद लिएर संभना गर्छन् । तर २०२८ सालमा एकेडेमी प्रवेश गरेदेखि आजसम्मका उनका अनुभवहरू भने बेस्वादका छन् । अधिकांश हाकिमहरूको नजरमा आफू सधैं आँखाको कसिंगर भइरहेको अप्रिय अनुभव उनलाई भइरहन्छ ।

गीति नाटक मालती मंगले प्रदर्शन गर्ने कार्यक्रम लिएर प्राज्ञ नीर शाहको नेतृत्वमा राजकीय प्रज्ञा प्रतिष्ठानको कलाकार टोली यसवर्ष हड्कङ्ग गएको थियो । कुनैबेला मालती मगंले प्रदर्शन गर्न विशेष सहयोग गरेका श्रीहरिलाई यसपटक कुनै वास्ता गरिएन । त्यही तिक्तता सहित श्रीहरि श्रेष्ठ विगतको संभना गर्छन् : "त्यसबेला काठमाण्डौबाहिर पनि मालती मंगलेको ठूलो माग थियो । नारायणघाटमा प्रदर्शनको मिति निश्चित गरिएको थियो र सबै टिकटहरूसमेत विक्री भैसकेका थिए । खिन्तेको भूमिकामा अभिनय गर्ने कलाकार मदन बस्नेतले अनेकौं मागहरू राखेर ती मागहरू पुरा नगरे म नारायणघाट जान्न भनेर अत्तो थापे । उनका केही मागहरू पूरा गरिए । काठमाण्डौबाट कलाकार टोली नारायणघाट हिंड्ने बेलामा ती कलाकारले फेरि अर्को माग राखे । त्यो माग पुरा नगरे नारायणघाट नजाने निर्णय सुनाए । कलाकार टोलीलाई फेरि संकट परेपछि हाकिमहरूले मलाई खिन्तेको भूमिकामा अभिनय गरिदिन अनुरोध गरे । त्यस्तो संकटको बेलामा मैले खेलिदिने बचन दिएँ र म नारायणघाट गएँ । प्रदर्शन सम्पन्न भयो । एकदिन मात्र रिहर्सल गरेर खेलेको भूमिकामा मेरो अभिनय पनि ग्रहानीय भयो । पछि काठमाण्डौमा मालती मंगलेको पुन प्रदर्शन हुँदा पनि मैले त्यस भूमिकामा अभिनय गरें । पछि मालती मंगलेको टोलीलाई एकेडेमीले मालती मंगले भत्ता पनि दियो । ऐन मौकामा अप्ठ्यारो पारिदिने ती कलाकारलाई समेत त्यो भत्ता दिइयो, तर मलाई दिइएन । यसवर्ष पनि त्यही कलाकारलाई लिएर मालती मंगलेको टोली हड्कङ्ग गयो, तर मलाई कसैले वास्ता गरेन ।"

> *खासगरी सदश्यसचिव सत्यमोहन जोशीको व्यक्तिगत सदाशयताले गर्दा बल्लतल्ल नर्वेसम्मको एकतर्फी प्लेनभाडाको व्यवस्था एकेडेमीले गरिदिने भयो*

श्रीहरि श्रेष्ठसँग यस्ता तीता अनुभवहरू थुप्रै छन् । २०३४ सालमा नर्वे सरकारको छात्रवृत्तिमा लोकनृत्य तथा रंगमंच सज्जासम्बन्धी अध्ययन गर्ने एउटा सिट शिक्षा मन्त्रालयमार्फत् ऐकेडेमीलाई प्राप्त भयो । त्यतिबेलासम्म एकेडेमीको कलाकार समूहमा श्रीहरि श्रेष्ठ बाहेक एस. एल. सी. पास गरेका व्यक्ति एकजना पनि थिएन । श्रीहरि त्यसबेला बि.ए.मा अध्ययन गरिरहेका थिए । त्यसैले त्यो सिटको निम्ति उनी छानिए । तर तत्कालीन सदश्यसचिव सत्यमोहन जोशी बाहेक सबैले श्रीहरि श्रेष्ठ नर्वे जान नपाओस् भनेर खुट्टा तान्ने भरमग्दूर प्रयास गरे । नर्वे सरकारलाई श्रीहरि श्रेष्ठको नाम पठाइसकिएको थियो र त्यहाँबाट 'कन्फर्मेशन लेटर' आइसकेको थियो । तर एकेडेमीका प्रशासकहरूले त्यो चिठी लुकाइदिएछन् । अन्तिममा एउटा चिठी आइपुग्यो । त्यो पत्र लिएर एकेडेमीमा बुझाउन आउने हुलाकीसँग संयोगले एकेडेमीको मूलढोकामै श्रीहरिको भेट भयो । उनले त्यो चिठी लिएर हेरे । त्यसमा यसअघि पठाएको 'कन्फर्मेशन लेटर'को जवाफ नदिएकोमा चेतावनीसहित अन्तिम पत्र लेखिएको कुरा उल्लेख गरिएको थियो । त्यो चिठी लिएर श्रीहरि सदश्यसचिव समक्ष पुगे । अन्ततः श्रीहरि श्रेष्ठ नर्वे जाने पक्का भयो । भिसा, पासपोर्ट र अन्य कागजातहरू तयार पार्न उनी आफैंले दौड धूप गर्नुपर्ने भयो, गरे । तर एउटा समस्या थियो- नर्वेसम्म जाने आउने प्लेनभाडा नर्वे सरकारले बेहोर्ने थिएन, एकेडेमीले नै त्यसको व्यवस्था मिलाउनुपर्थ्यो । तर श्रीहरिलाई एकेडेमीले त्यो सुविधा दिन चाहेन । खासगरी सदश्यसचिव सत्यमोहन जोशीको व्यक्तिगत सदाशयताले गर्दा बल्लतल्ल नर्वेसम्मको एकतर्फी प्लेनभाडाको व्यवस्था एकेडेमीले गरिदिने भयो । अनि 'नर्वेबाट फर्केर आएपछि ४ वर्षसम्म एकेडेमी छाड्ने छैन' भन्ने ब्यहोराको कागज गराएर श्रीहरिलाई प्लेनको टिक थमाइयो । उनले भिसा पाइसकेका थिएनन्, तैपनि उनी नर्वेको लागि काठमाण्डौबाट दिल्ली उडे । दिल्लीस्थिति नर्वेजीयाली राजदूतावासबाट मुस्किलले भिसा प्राप्त भयो । श्रीहरि भन्छन् : "मसँग एकतर्फी टिकटमात्र छ भन्ने थाहा पाएको भए दिल्लीस्थिति नर्वेजीयाली दूतावासले मलाई भिसा दिने नै थिएन । 'टिकट छ ?' भनेर मलाई सोधिएको थियो । 'छ' भनेर मैले देखाइदिएको थिएँ । तर उनीहरूले टिकट राम्ररी हेर्दै नहेरी मलाई भिसा दिए ।"

यसरी नर्वे पुगेका श्रीहरिले राजधानी ओस्लोदेखि १८ किलोमिटर पर रहेको सानो शहर एस्हाइमको रोमेरिक फोल्क स्कूलमा अभिनय, नृत्य र रंगमंच सज्जासम्बन्धमा करीव एकवर्ष अध्ययन पूरा गरे । त्यसपछि उनलाई नेपाल फर्कन फेरि समस्या भयो । उनीसँग फर्कने टिकट थिएन ।

*साधना कलाकेन्द्रद्वारा सम्मानित श्रीहरि श्रेष्ठ र माला सिन्हा*



यसैबीच नर्वेमा युगाण्डाका गरीब विद्यार्थीहरूलाई पढाएर सघाइरहेका बैंक्थ फुलेस्ताद भन्ने व्यक्तिसँग श्रीहरिको चिनजान भयो । उनले विशेष सहयोग गरेर नर्वे सरकारबाटै श्रीहरिलाई काठमाण्डौंसम्मको टिकट खर्च जुटाइदिए । अनि उनी काठमाण्डौ आइपुगे । तर श्रीहरिको योग्यता, प्रतिभा र कार्यसम्पादन क्षमतालाई एकेडेमीले कहिल्यै वास्ता गरेन । नर्वे जाँदा मिलाइदिएको एकतर्फी टिकटबापतको खर्चसमेत एकेडेमीले उनीबाट असुल्यो । खिन्नतापूर्वक श्रीहरि भन्छन् : "नर्वे गएबापत मैले डेढवर्षसम्म एकेडेमीको एकपैसा नलिइकन बेतलबी काम गरें । तर पछि नाटकसम्बन्धी अध्ययन गर्न भारतको पंजाव गएका हरिहर शर्मा र नृत्य सम्बन्धमा तालीमका लागि इटाली गएका बसन्त श्रेष्ठलाई फर्केर आएपछि विशेष सम्मानसाथ व्यवहार गरियो र अध्ययन अनुभव सुनाउन उनीहरूको प्रवचन कार्यक्रम समेत राखियो ।"

नर्वे जानुभन्दा दुईवर्षअघि २०३२ सालमा पनि एउटा त्यस्तै घटना भएछ । दक्षिण कोरियामा 'एसियन एण्ड प्यासिफिक फोल्क आर्ट फेस्टिबल' हुँदै थियो । नेपालको तर्फबाट भाग लिन त्यहाँ जाने कलाकारहरूलको टोलीलाई एकेडेमीमा धुमधामसँग रिहर्सल गराइयो । त्यसमा श्रीहरि पनि थिए । त्यसबेलासम्म श्रीहरि प्रशिक्षार्थीबाट पुरा कलाकार बनिसकेका थिए । उनले पासपोर्ट पनि बनाइसकेका थिए । तर अन्तिम अवस्थामा कोरिया जाने टोलीमा श्रीहरिको नाम परेन । बरू अरू नै दुईजना प्रशिक्षार्थीहरूलाई कलाकार टोलीमा राखिएछ । श्रीहरिले विद्रोह गरे । आफूलाई अन्याय परेको कुरा हाकिमहरूसमक्ष जिकीर गरे । अनिमात्र बल्ल प्रशिक्षार्थीहरूलाई हटाएर कलाकारहरू श्रीहरि र लक्ष्मी श्रेष्ठलाई उक्त टोलीमा समावेश गरियो । त्यसबेलाको संझना गर्दै श्रीहरि भन्छन् : "त्यसबेला कतिसम्म अन्याय भयो भने कलाकारहरूको टोलीमा त्यसबेलाका नृत्य निर्देशक कान्छाबुद्ध बज्राचार्यलाई समेत पारिएन । उनको सट्टा त्यसबेलाका सहायक निर्देशक वसन्त श्रेष्ठलाई कोरिया लगियो । कान्छाबुद्धले असाध्यै चित्त दुखाए । र त्यतिबेलै एकेडेमीबाट राजीनामा दिए ।"

एकेडेमी अर्थात् नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानमा श्रीहरि श्रेष्ठ कलाकारको रूपमा प्रवेश गर्दा शकुन्तला गुरूङ्ग, सुरेस मिश्र, मिना मिश्र, लीलाराज सुवाल, तारा सुवाल, वसन्त श्रेष्ठ आदि कलाकारहरू वरिष्ठ कलाकारका रूपमा थिए । हालका चर्चित अभिनेता हरिहर शर्मा त्यसबेला एकेडेमी आइपुग्नुभएकै थिएन । पछि गएर मात्र हरिहर शर्मा र लक्ष्मी श्रेष्ठहरूले कलाकारको रूपमा एकेडेमी प्रवेश गरे । त्यसको धेरै समयपछि बद्री अधिकारी, रमेश बुढाथोकी, राजु शाह र सुनिल पोखरेलहरू प्रशिक्षार्थीको रूपमा एकेडेमी आइपुगेको कुरा श्रीहरि बताउँछन् ।

मैले अघि नै भनें एकेडेमी प्रवेश गर्नुअघि श्रीहरि छरछिमेकमा एकजना उद्दण्ड किशोरको रूपमा चिनिएका थिए । तर त्यो उद्दण्डताभित्र राजनीतिक चेतना र सामाजिक जागरणका प्रभावहरूले चलखेल गरिरहेका थिए । त्यसैले सोह्र वर्षको किशोर वयमा श्रीहरिले केही महिना भूमिगत हुनुपरेको थियो । वि.सं. २०२६ सालमा पंचायतविरूद्ध समेत लक्षित भएको विद्यार्थी आन्दोलनमा श्रीहरिले सक्रिय भाग लिएका थिए । त्यसवापत उनलाई गिरफ्तारीको वारेन्ट काटिएको थियो । त्यसैले उनी भूमिगत भएका थिए । पछि सात दिनभित्र हाजीर नभए उनले पाउने अंश सरकारले जफत गर्ने सूचना उनको घरमा टाँसियो । त्यसपछि उनलाई पिता भीमरत्न श्रेष्ठले तत्कालीन प्रमुख अंचालधीश विष्णुमणि आचार्यको घरमा हाजीर गराए । विष्णुमणि चावहिलकै निवासी र श्रीहरिका पिता भीमरत्नका मित्रसमेत भएकाले त्यसो गरिएको थियो । अन्ततः उनलाई राजकाज अपराधको अभियोग लगाएर थुनियो । यस क्रममा उनी एक हप्ता डिल्लीबजारको सदर खोरमा र त्यसपछि करीव ५ महिना भद्रगोल जेलमा थुनिए ।

श्रीहरिको जेल बसाई उनका निम्ति रोमान्चक नै रह्यो । ठूल्ठूला राजनेताहरूसँग साहचर्य र उनीहरूसँग एउटै मेसमा खान पाइएको कुरा उनी गौरवका साथ सुनाउँछन् । त्यसबेलाका वाम नेताहरू मोहनबिक्रम सिंह, निर्मल लामा, कमल कोइराला र आशाकाजी बासुकलासँग जेलभित्र श्रीहरिले सँगै बस्ने र केही सिक्ने अवसर पाए । श्रीहरिलाई लाग्छ- गिज्याएर बोलाइने चिननाथ त्यसपछि वाम विचारधारामा अलि परिपक्व भएर निस्कियो ।

श्रीहरि भन्छन् : "मोहनबिक्रम, निर्मल लामाजस्ता प्रबुद्ध वामपन्थी नेताहरूले जेलभित्र गर्नुभएका कुराहरू सुनेर म वास्तवमै अति प्रभावित भएको थिएँ । त्यस प्रभावले मलाई वामपन्थी विचारप्रति बढी परिपक्व बनाइदियो ।"

पंचायती निरंकुशताविरूद्ध लक्षित जुलुस, हड्ताल र कालो झण्डा प्रदर्शनजस्ता विरोध प्रदर्शनहरूमा किशोर श्रीहरिको निरन्तर सहभागिता रह्यो । २०२७ सालतिर अमेरिकी उपराष्ट्रपति एग्न्यू नेपाल आउँदा अमेरिकी साम्राज्यवादविरोधी क्रियाकलाप अन्तरगत कालोझण्डा देखाउने कार्यक्रम पनि बनेको थियो । न्यूरोड पीपलबोटमा गएर श्रीहरिले कालोझण्डा देखाइदिए, तर उनी जोगिए, पक्राउ परेनन् । त्यहीताका अंग्रेजजस्तो देखिने एउटा विदेशीले संसाँझै चावेलको चौबाटोमा छुरा देखाएर आतंक मच्चाएको थियो । श्रीहरि त्यहाँ आइपुगे । उनले त्यो विदेशीलाई नियन्त्रणमा लिएर उसको हातबाट छुरा खोसे, अनि छुरासहित त्यो गोरालाई प्रहरीको जिम्मा लगाइदिए । छरछिमेक र चावहिल वरिपरि श्रीहरिलाई उद्दण्ड किशोर भनेर बुझिनुको पछाडि यस्तै घटनाले काम गरेका छन् ।




*श्रीहरि चलचित्रमा नृत्य निर्देशन गर्दै*

श्रीहरिको बारेमा केही लेख्न खोज्दा हालका सुप्रसिद्ध गायक उदितनारायण झा र श्रीहरिको उसबेलाको मित्रता उल्लेखनीय हुन आउँछ । यी दुई कलाकारहरू उसबेला अत्यन्त मिल्ने दौंतरी थिए । आर्थिक दुरावस्थामा परेको बेला उदितनारायणले थुप्रै छाक श्रीहरिसँगै खाएका थिए । तर अहिले उदितनारायण झा बम्बइया भएका छन् र नाम र दाम थुप्रै कमाएका छन् । यो कुरामा श्रीहरिलाई खुसी नै लागेको छ । तर एउटा कुरामा उनी दुःखी छन् । त्यो के हो भने नेपाल आउँदा नेपाली र भारत रहँदा भारतीय हुने उदितको अवसरवादिता श्रीहरिलाई निकै अप्रिय लाग्छ । एकपटक बम्बइबाट उदितले श्रीहरिलाई चिठीमा लेखेछन् : 'पशुपतिनाथको दर्शन गर्न म नेपाल आउँदैछु' । यो लेखाईप्रति श्रीहरिलाई साह्रै झोक चलेको थियो । आफ्नो देश आउन विदेशीले जस्तो भाखामा लेखेको त्यस भनाईप्रति श्रीहरि अझै असहमत छन् ।

श्रीहरिका बारेमा अझै थुप्रै कुराहरू लेख्न सकिन्छ । उनी राम्रा अभिनेता हुन्, राम्रा नर्तक हुन्, राम्रा नृत्य निर्देशक हुन्, गायक पनि हुन् । उनी राम्रा नाटक निर्देशक पनि हुन् भन्ने कुरा उनले निर्देशन गरेका नाटकहरू गोविन्द गोठालेको नाटक भोको घर विजय मल्लको नाटक शान्तिको बस्ती र अग्निशिखाको नाटक सलाम मुक्तियोद्धा र २०४१ सालको नाटक महोत्सवमा डा. ध्रुवचन्द्र गौतमको नाटक समानान्तरमा उनले गरेको निर्देशन त्यस वर्षको सर्वश्रेष्ठ निर्देशन ठहरिएको घटनाले पुष्टि गर्दछ । रंगमंच सज्जामा विदेशमा अध्ययन नै गरेर आएका व्यक्ति त एकेडेमीमा संभवतः श्रीहरि श्रेष्ठ एक्लै हुन् । तर उनलाई विशिष्ट व्यक्तिका रूपमा चिनिँदैन । त्यस्तो किन पनि भएको हो भने उनी कुटनीतिक शिष्टाचार अस्वीकार गर्ने फ्याइलो स्वभावका मानिस हुन् । तसर्थ उनी मान चाहनेहरूका लागि आँखाको कसिंगर बनिरहेका छन् ।

❖



# पानीको व्यक्तित्व, सृष्टि र मानवता

❑ डा. मोस्तफा भाजिरी ❑

सृष्टिरूपी मंचमा पानीमात्रै यस्तो तत्व हो, जसले आफू मर्दा कुनै मृत अंश छोड्दैन । तर वास्तविकतामा पानी मऱ्यो भनेर कसैले पनि भन्न सक्दैन, चाहे यो त्यहाँ रहेको होस् या नहोस् । विशाल झरनामा शक्तिशाली तथा कमजोर दुवै खालका गह्रौंभन्दा गह्रौं चट्टानहरूलाई पानीले ध्वंश गर्छ र यसले ती चट्टानहरूलाई विशाल महासागरमा लगेर स्थिर गरिदिन्छ । पानीको न आकार हुन्छ न त रंग नै । यद्यपि यसले आफू रहेको स्थानको आधारमा आकार र रंग ग्रहण गर्दछ । उँचो ठाउँमा होस् या होचो ठाउँमा, यो सधैं तटस्थ रहन्छ । र, अझ यो आफैं जमेर, पग्लेर, बाफिएर अथवा हाइड्रोजन र अक्सिजनका पृथक-पृथक अणुहरूमा विभाजित भएर पनि आफैं व्यवस्थित बन्छ ।

पानी अत्यधिक फोहर ठाउँमा पनि बाँच्न सक्छ, जहाँ धेरै प्रकारका जीवात्माहरू रहन रूचाउँदैनन् । यद्यपि पानी नै सबै फोहर चीजहरूलाई सफा गर्ने वस्तु हो । पानी त्यस्तो चीज हो, जुन अरू कुनै वस्तु छिर्न नसक्ने ठाउँमा समेत छिर्न सक्छ । यो सबभन्दा शक्तिशाली वस्तु हो, जसले समय प्रसंगमा प्रकृतिको सबभन्दा कडा वस्तुलगायतका थुप्रै तत्वहरूको स्वरूप बदल्न सक्छ । पानीले ध्वनि निकाल्छ, तर यसको साँचो स्वभाव भने ध्वनिरहित छ । पानीले जीवन बचाउन सक्छ, तथापि यसले ज्यान पनि लिनसक्छ । पानीले हरेक चीज धुन्छ तर आफैंलाई चाहिँ होइन ।

सबै सजीवहरूलाई पानीको जरूरत पर्छ, तर आफैं बाँच्नलाई भने पानीलाई पानीको जरूरत पर्दैन ।

पानीले नदीको रूप लिई पृथ्वीमा यात्रा गर्नसक्छ । र, यो पानीको वाफको रूपमा गुरूत्वाकर्षणको विपरीत जमिनमाथि जान पनि सक्छ । जमीनमाथि गएर यो बादल बन्न सक्छ र पृथ्वीको वातावरणका तहहरू पार गरी यसले आफूलाई पृथ्वीको सतहमा पुनः वितरित गर्न पनि सक्छ ।

पानीको हस्तक्षेपबिना कृषि र खाद्यवस्तुको प्राप्ति एक वातावरणीय असंभाव्यतामात्र हुने हुन्छ ।

मन्द गतिमा बगिरहेको पानी यदि कुनै अवरोधसँग ठोक्किन पुग्यो भने यसले भद्रतापूर्वक त्यस अवरोधको छेउछाउबाट बगेर त्यसलाई कुनै क्षति नपुऱ्याइकनै आफ्नो गन्तव्यतर्फको यात्रा पूरा गर्दछ । यसअर्थमा पनि पानी अलचिलो र जड छैन । सम्पूर्ण पृथ्वीमा अस्तित्वमा रहेका अन्य सबै पदार्थहरूमध्ये पानीको नै सबभन्दा बढी परिमाण रहेको छ ।



*जीवनदायिनी वस्तुको रुपमा रहेको सफा पानी पिउनुको सट्टामा कोकाकोला वा पेप्सिकोलाजस्ता हल्का पेयपदार्थ प्रयोग गर्नेहरूले गम्भीर गल्ती गरिरहेका छन् किनभने पेय पदार्थहरूले हाम्रो शरीरभित्रका कलेजो छाला मस्तिष्क र मृगौलाका जीवकोषहरूलाई धुन सक्दैनन्*

जहाँ पानी बग्दैन, त्यहाँ दलदलको सिर्जना हुन्छ । पानीले मानवको बाह्य तथा आन्तरिक तहहरू धुने गर्दछ । मानव शरीरले बाह्य तथा आन्तरिक रूपमा पर्याप्त मात्रामा पानी प्राप्त गर्दैन भने दलदल जस्तो बन्न पुग्ने हाम्रो जीवनले हाम्रा जीवकोष तथा अंगहरूलाई आक्रमण गर्दछ । यो भनेकै रोग हो ।

यसो भन्न सकिन्छ- पानीको व्यक्तित्व एक पूर्ण मानवजीवनको व्यक्तित्वसँग मिल्दोजुल्दो छ । केही परम्पराहरूका अनुसार त थप पानीको व्यक्तित्व ईश्वरको व्यक्तित्वसँग नजिक छ । पानी एउटा जीवन दिने तथा लिने चीज हो । यो सजीव तथा निर्जीव हुन्छ । पानी छर्लंग देखिन्छ, तथापि यो अदृश्य पनि बन्नसक्छ । यो हरेक जीवात्मामा रहेकै हुन्छ तर यसको उपस्थिति अप्रत्यक्ष हुन्छ । यो नरम तथा कडा छ । यो दयालु तथा कठोर छ । यसको आकार छ र यो आकाररहित पनि छ । जटिल प्यालहरूमा पनि पानीले आफ्नो आकारलाई अनुकूल बनाउँछ, जबकि अन्य वस्तुहरू तथा जीवात्माहरू त्यसो गर्न सक्दैनन् । यो तरल हो र यो ठोस पनि हो । आफ्नो स्वरूपमा यसको कुनै निश्चितता छैन । पानीले प्रकृतिका नियमहरूलाई पछ्याउँछ तथापि यसका आफ्नै आन्तरिक नियमहरू पनि छन् । हामी धेरैले याद नगरे पनि पानी जीवनको आधार हो । पानीले भेदभावरहित रूपले सबै लिङ्ग तथा जीवात्माहरूलाई ख्वाउँछ । तर यसको आफ्नै भने कुनै लिंग हुँदैन ।

पानीले हरेक चीज तथा हरेक वस्तुलाई मद्दत गर्छ । तर यसले कसैबाट कुनै मद्दतको आशा गर्दैन । यो आफैंबाट सन्तुष्ट छ । पानीलाई कुनै शिकार, कुनै खाना, कुनै खुशीको समय आवश्यक पर्दैन । यो अवलोकनात्मक छ र यसले जीवनलाई निरन्तरता दिन्छ । यसले आफू स्वयंलाई विभिन्न ठाउँहरूमा संरक्षित गर्छ, चाहे त्यो उच्च आकाशमा होस्, हिमालको चुचुरोमा होस् या जमीनमुनि ६० मिटर तल नै किन नहोस् । यो धैर्यवान छ । यसलाई कहिल्यै पट्यार लाग्दैन, चाहे यसले हज्जारौं वर्षसम्म पर्खनु परेको किन नहोस् ।

'आनन्द' र 'सुविधा'को आदर्श समाजतर्फ प्रगति गर्दै गइरहेको दावी गरिने अहिलेको समाजमा स्वतन्त्र र महत्वपूर्ण स्वार्थरहित वस्तु पानीको घोर उपेक्षा एवं अपमान गर्ने क्रम बढ्दो छ ।


कुनै एक मान्छेले आफ्नो सानो बुद्धि प्रयोग गरी आफ्नो सानो रकम

तिरेर हालसालै मात्र एउटा मोटरकार किनेको छ भने उसले त्यस मोटरकारको एउटा सानो धातुको टुक्रालाई निरन्तर रूपमा धुनको लागि सयौं लिटर पानी खर्च गरेको हुन्छ । तर उसले पिउन र आफू स्वयंलाई धुन हिस्सेदार बनाउने पानी भने पानीको अभाव र सुख्खालाई अंगालेको यो संसारमा उसले खेर फाल्ने पानीभन्दा दशगुना कम हुन्छ ।

हामीकहाँ यस्ता मानिसहरू पनि छन्, जसले मानवजीवनको एक पुरानो साथी तथा जीवनदायिनी वस्तुको रूपमा रहेको सफा एक गिलास पानी पिउनुको सट्टामा कोकाकोला वा पेप्सिकोलाजस्ता हल्का पेयपदार्थ प्रयोग गर्ने गर्छन् । वास्तवमा तिनीहरूले गम्भीर गल्ती गरिरहेका छन् । किनभने, कोकाकोला र पेप्सीजस्ता आधुनिक पेय पदार्थहरूले हाम्रो शरीरभित्रका कलेजो, छाला, मस्तिष्क र मृगौलाका जीवकोषहरूलाई धुन सक्दैनन् । र, तिनीहरूले पानीले जस्तै ती जीवकोषहरूलाई प्राकृतिक तरिकाबाट धोइदिँदैनन् । यस्ता पेय पदार्थहरूले हुस्सू बानीहरूको मात्र आज्ञापालन गरिरहेका छन् ।

कुनै पनि चीजको सबभन्दा कडा रूपलाई आक्रमण गर्ने वस्तुको रूपमा पानीलाई चिनिन्छ । यसमा सबभन्दा कडा रोगहरूको निदानको कुरा पनि पर्छ । चाहे यो तपाईंको आफ्नै घरमा तातो पानीले नुहाउने कुरा होस् या दुखेको मांशपेशी, बाथ अथवा अझ भन् चर्मरोगहरूको निदानको लागि प्राकृतिक तातो भरनातिर जाने कुरा होस् । त्यस्तैगरी, चाहे सबै तन्तुहरूमा सिंचाइ बढाउनका निम्ति पचेर बाँकी रहेका (Metabolic) फोहरहरू प्राथमिक रूपले पिसाबको रूपमा हाम्रा मृगौलाहरूबाट बाहिर निकाली शरीरबाहिर फाल्न किन नहोस् हामीले सामान्यतः प्रतिदिन दुई लिटर पानी पिउनुपर्छ । यदि पानी कम भित्र्याएको कारणबाट शरीरभित्रको सिंचाइ र निष्काशन प्रक्रिया घट्न जान्छ भने त्यसपछि त्यसको परिणामको रूपमा हाम्रो शरीरभित्र दलदलजस्तो वातावरण बन्न पुग्दछ । र, यो अवस्थाले रोगहरूलाई जन्म दिन्छ ।

सृष्टिको सम्पूर्ण चित्रमा पानीको




गर्ने आंशिक र सीमित फाइदा भनेको पखाला लागेको बेलामा मात्र हो । अन्यथा यसले बेफाइदा नै गर्छ । वास्तवमा यस्ता हल्का पेय पदार्थहरू नाफाखोर पूँजीवादको एक औजार भइसकेको छ । यसले मानिसको अस्थायी र अल्पकालिक इच्छा तथा आनन्दलाई मात्र पोस्दछ, तर खासगरी उसको बुद्धिलाई पोस्दैन । आदिवर्ती हल्का पेयको रूपमा रहेको पानीनै मातृ-प्रकृतिको प्राथमिक छनौट थियो । धेरैपटक के प्रमाणित भइसकेको छ भने यी महामूर्खतापूर्ण हल्का पेयहरूले मानिसहरूमा मोटोपन, मधुमेह, एलर्जी र मानसिक दुर्व्यसनजस्ता रोगहरू ल्याइदिन्छन् । अर्कोतिर यिनीहरूले गर्ने सांस्कृतिक विध्वंशका पक्षहरू त छँदैछन् । तर अल्छी मानिसहरूले यो कुरालाई बेवास्ता गरिरहेका छन् । तिनीहरूले मानिसहरूको अस्थायी उत्तेजना तथा राजनीति र बुद्धिले जीवनलाई 'क'देखि 'ज्ञ'सम्म नै प्रभुत्वमा पारेका छन् । जसले नुहाउँदा आवश्यकताभन्दा बेसी पानी फालेर, मोटरकार सफा गर्दा तथा ठूलो पौडी पोखरी पानीले भर्दा नियमित रूपमा खानेपानी खेर फालेर, थोरै प्लेट तथा गिलासहरू सफा गर्न पनि अनावश्यक रूपमा लिटरका लिटर खानेपानी खर्च गरेर अथवा पानीको विकल्पमा अन्य चिनी बेसी भएका कृत्रिम पेयपदार्थहरू प्रयोग गरेर पानीलाई मूर्खतापूर्ण रूपले बेवास्ता तथा अपमान गर्छन्, तिनीहरूले आफ्नै व्यक्तिगत स्वास्थ तथा जीवनको साथसाथै विश्वव्यापी जीवनको पतनको लागि ठूलो मूल्य चुकाउन बाध्य हुनेछन् । ❑

*(लेखक इरानी मूलका अमेरिकी चिकित्सक तथा मानवशास्त्री हुनुहुन्छ)*

*अनु : तुल्सीदास महर्जन*

# गाउँको पाठशाला



- मीनबहादुर विष्ट -




१.

जब म घुम्दै एकदिन गाउँको पाठशालामा पुगें
त्यहाँ देखें मुश्किलसाथ उभिएका केही पर्खालहरू
र पर्खालहरूमा भुन्ड्याइएका
कीराले खाएर धेरै ठाउँ प्वाल परेका
देशका, संसारका र वीरहरूका नक्साहरू

२.

जब म घुम्दै एकदिन गाउँको पाठशालामा पुगें
त्यहाँ देखें घामले पोलेर
छहारी खोज्दै
पाठशालाभित्र पसेर
मौनवाचन गरिरहेका गाई-बाख्रा र गोठालाहरू
र पाठशालाका कोठाभित्र बस्न नसकेर
बाहिर रूखको सियालमुनि
चर्न लागेका मास्टर र विद्यार्थीहरू

३.

जब म घुम्दै एकदिन गाउँको पाठशालामा पुगें
त्यहाँ देखें
खुट्टा भाँच्चिएका कुर्सीमाथि चढेर
निदाइरहेका र निद्रामा बर्बराइरहेका मास्टरहरू
र मास्टरहरूको आदेशबमोजिम
लोरी गाइरहेका
साना, दुब्ला र ख्याउटे विद्यार्थीहरू ।

जब फर्किरहेको थिएँ
कसैले सोध्यो :
'कसरी चलिरहेछ गाउँको पाठशाला ?'
मैले भनें :
'जसरी चलिरहेछ यो देश !' ❑❑

# 'प्रगतिशील' मिडिया खोइ ?



- प्रत्यूष वन्त -

*नेपाली कम्युनिष्ट पार्टीहरूमा मुखपत्रहरू वा वामपन्थी-प्रगतिशील पत्रिकाहरूभित्र घोर नोकरशाही संस्कृति हाबी छ । ती पत्रिकाहरूमा लेखन वा कलाको हिसावले थोरै सृजनात्मक ठाउँ छ ।*

करिब पाँच वर्षअगाडि मूल्यांकनमा नारायण गोपालबारे एउटा बहस प्रकाशित भएको थियो । धेरै नेपाली मार्क्सवादी-हरूका गुरू, तर हालका वर्षहरूमा वैचारिक दृष्टिकोणले प्रायः चुपचाप बसेका गोविन्द भट्टले नारायण गोपाल नेपाली बुर्जुवा संगीत/गायन संसारका हिरो त भए, तर उनले 'जनताको गीत' गाउन सकेनन् भन्ने विचार व्यक्त गरेका थिए । 'जनताको गीत' गाउन अभिप्रेरित गर्ने काम नेपाली 'प्रगतिशील' संगीत/गायन क्षेत्रबाट हुनसकेको भए नारायण गोपालले पनि 'जनताको गीत' गाउने थिए भन्ने विचार भट्टको थियो ।

'जनताको गीत' भन्ने वस्तुको सार र व्याख्यापट्टि नगई सोही बहसमा अर्का नेपाली मार्क्सवादी गुरू खगेन्द्र संग्रौलाले प्रश्न सोधेका थिए- नारायण गोपालका जुन गीतहरूलाई नेपालीहरूले मन पराए, तिनमा के त्यस्तो तत्व थियो, जसले गर्दा गायक नारायण गोपाल नेपाली संगीत/गायन फाँटमा विशाल व्यक्तित्व बन्न सफल भए ? अर्थात् 'जनताको गीत' भनेर मन्त्र जप्ने नेपाली प्रगतिशील कलाकर्मीहरूले नारायण गोपालको ख्याति र नेपालीहरूले उनलाई मन पराउनुको कारणको जगमा के छ, बुझ्न आवश्यक छ भन्ने संग्रौलाको तर्क थियो ।

नयाँ अप्ठ्यारा प्रश्न सोधी एमालेका आनन्ददेव भट्ट र माओवादीका प्रचण्डसम्मलाई आफ्नो लेखन र विचारपट्टि ध्यान आकर्षित गर्न सफल भएका संग्रौलाको यो प्रश्न भने पाँच वर्षसम्म अनुत्तरित नै छ ।

वर्षौं वर्षसम्म यी प्रश्नहरू अनुत्तरित भएको देखेर शुरूमा त म अलि छक्क परेको थिएँ । विचार, प्रवाह र बहस भनेका प्रगतिशील लेखन/कला फाँटका मुख्य आधार हुन् भन्ने भ्रमबाट अलि बढी ग्रसित नेपाली मार्क्सवादी संसारका सिकारू अध्येता ४/५ वर्षअगाडि संग्रौलाको प्रश्नमाथि अरू कसैले केही नबोलेको देख्दा केही छक्क पर्नु त्यति अस्वभाविक त होइन । आज चाहिँ म छक्क पर्न छोडेको छु ।





आखिर बुझ्दै जाँदा नेपाली प्रगतिशील लेखन/कलाक्षेत्र पूँजीवादीहरूलाई सबैथरिका पगरी लगाईदिन अति च्याम्पीयन रहेको तर आफ्नै हिसावले सार्थक विकल्पहरू निकाल्न असक्षम रहेछ भन्ने निष्कर्ष निकाल्नुपर्ने अवस्थामा पुगियो ।

हाल म काम गरिरहेको मिडिया क्षेत्रबाट एक दुई उदाहरण पेश गर्दा पनि यो कुरा प्रष्ट हुन्छ । नेपाली 'प्रगतिशील'हरूले दुईथरिका मिडियाहरूको प्रशस्त आलोचना गरेका छन्- ठीक ठीक कारणहरूसहित । पहिलो, राष्ट्रको नोकरशाही मिडिया र दोस्रो, स्वतन्त्र बजार व्यवस्थामा आधारित पूँजीवादी मिडिया । गोरखापत्र, रेडियो नेपाल र नेपाल टेलिभिजनमा पंचायती र 'बहुदलीय' सरकारको पक्षमा, त्यसमा पनि विशेषतः सरकारमा बसेको पार्टीको भक्ति सम्झदा राष्ट्रको नोकरशाही मिडियामाथि 'प्रगतिशील'हरूको प्रहार ठीक लाग्छ । त्यस्तैगरी जोखिम उठाउन नचाहने र सधैं आफ्नो व्यापारिक उद्देश्यको सुरक्षाबाट अभिप्रेरित नेपाली पूँजीवादी प्रिन्ट मिडियामाथिको 'प्रगतिशील' प्रहार पनि ठीक ठाउँमा छ । तर 'प्रगतिशील'हरू भनाउँदाले चाहिं के विकल्प पढ्ने त भनेर हेर्दा मिडिया क्षेत्रमा त्यस्ता विकल्प देखा पर्दैनन् ।

'प्रगतिशील' लेखन/कलामा संलग्न व्यक्तिहरू सोझै वा परामर्शदाताको रूपमा संलग्न रहेका नेपाली कम्युनिष्ट पार्टीहरूमा मुखपत्रहरू वा वामपन्थी/प्रगतिशील पत्रिकाहरूभित्र घोर नोकरशाही संस्कृति हाबी छ । ती पत्रिकाहरूमा लेखन वा कलाको हिसावले थोरै सृजनात्मक ठाउँ छ । तिनमा असहमत विचार राख्ने लेखकहरूलाई कति असहज छ भन्ने कुरा बुझेका व्यक्तिहरूले यो निष्कर्ष निकाल्नैपर्छ कि यो दर्जाका प्रकाशनहरू र राष्ट्रिय नोकरशाही मिडियाहरूको संस्कृतिमा खासै केही अन्तर छैन ।

उसो भनेर गैरपार्टी र गैरसरकारी मिडियामा 'प्रगतिशील' रेकर्ड कस्तो छ त ? गैरपार्टी 'प्रगतिशील' हुन सकिन्छ भन्ने बारेमा नेपाली वामपन्थी आन्दोलनभित्रको अन्यौल विशाल छ र मिडियाको क्षेत्रमा यसको प्रयोग न्यून छ । गैरसरकारी भन्ने सुन्नेबित्तिकै नेपाली 'प्रगतिशील'हरू 'साम्राज्यवादी एजेन्ट' तक्मा भिराउन आतुर हुन्छन्, तर त्यो क्षेत्रको मिडियाले दिनसक्ने पहुँचको बारेमा सोच्दै नसोची/पूँजीवादी मिडियाबारे १२ पेज खण्डन गर्न सक्छन् । त्यस्ता नेपाली 'प्रगतिशील'-हरूका झुण्ड-झुण्डहरू रेडियो सगरमाथामा समय उपलब्ध हुँदा १२ मिनेटको प्रोगाम निर्माण र प्रसारण गर्ने कार्यमा समेत आउन अग्रसर नभएको कुराबाट पनि मेरो तर्क पुष्टि हुन्छ ।

पूँजीवादी मिडियाले बजारबारे जे भोग्दछ र त्यस व्यवस्थाअन्तर्गत सफल हुन व्यवस्थामा जे जे सीपहरू चाहिन्छन्- तिनको ख्याल राख्दै 'प्रगतिशील' विचार अगाडि बढाउन तम्सने अन्तर्क्रिया प्रकाशनले हालैका दिनहरूमा आफ्नो प्रकाशन संस्थालाई जुन दिशातर्फ लान खोजेको छ, त्यसबाट पनि 'प्रगतिशील' विकल्पहरूको सीमित घेरा नाप्न सकिन्छ । बजारलाई ख्याल राख्नुपर्छ- यी विकल्पहरूले पनि । त्यो अर्थमा पूँजीवादी मिडियाका व्यवस्थापन पक्षहरू नसिकी सुखै छैन जसरी नारायण गोपालका गीतहरू किन पपुलर भए भनए नसोची सुखै छैन । तर 'प्रगतिशील' विकल्पहरूको फाँट अझ विस्तार हुन आवश्यक छ ।

गैरपार्टी, गैरसरकारी वा स्थानीय सरकारी स्वामित्वमा 'प्रगतिशील' प्रिन्ट र रेडियो चलाउन के कस्तो साँगठनिक स्वरूपका संस्थाहरू आवश्यक पर्छन्, तिनले पूँजीवादी मिडिया व्यवस्थासँग के सिक्नुपर्छ, के सिक्नु हुन्न आदि विषयहरूमा 'प्रगतिशील'हरूबीच छलफल हुनुपर्ने देखिन्छ । यस्तो बहस हुन सकेमा मात्र सार्थक हिसावमा प्रगतिशील मिडियाहरू हामीसँग हुने थिए । नत्र 'जनताको गीत' गाउने नारायण गोपालको पर्खाई अलि लामो हुनेछ । ❑


*इतिहासमा पीएचडी गर्नुभएका लेखक अचेल मिडिया विश्लेषकका रुपमा परिचित हुनुहुन्छ ।*

**नारायण गोपालका जुन गीतहरूलाई नेपालीहरूले मन पराए, तिनमा के त्यस्तो तत्व थियो, जसले गर्दा गायक नारायण गोपाल नेपाली संगीत/गायन फाँटमा विशाल व्यक्तित्व बन्न सफल भए ?**

# वैष्णववाद मार्क्सवाद हो र ?

- खगेन्द्र संग्रौला -

के नेपाली वाम पार्टीहरूमा पुरोहितवादको चकचकी भएर त्यस्तो भएको होला ? स्वभाव र शैलीमा अरूहरूभन्दा सामाजिक, सहज र खुला हुनुपर्ने मार्क्सवादीहरू किन त्यतिबिधि असामाजिक, असहज र गोप्य भएका होलान् ?



केही हप्ताअघि धुलिखेलको एउटा होटलमा नेपाली विद्वानहरूको एउटा जमघट भएको थियो । मार्टिन चौतारीले व्यवस्थापन गर्ने गरी नेपाली समाजका ज्वलन्त विषयहरू छानेर दुई दर्जनजति निबन्धकारहरूलाई निबन्ध लेख्ने जिम्मा दिइएको थियो । आपसी छलफलबाट ती निबन्धहरूलाई बढी सान्दर्भिक, सार्थक र खँदिला बनाउन खोज्नु त्यस जमघटको उद्देश्य थियो । सो निबन्ध लेखन अभियानका संयोजक हुनुहुन्थ्यो डाक्टरद्वय मेरी डेसेन र प्रत्यूष वन्त ।

तीन दिने भेलाभरि नै भनेजसो कुनाकानी र एकान्त-दोकान्तमा एकाध कुराको बडो नमिठो चर्चा मैले सुन्नु पऱ्यो । होटलको खानपिन गर्ने कोठाको एक कुनामा एउटा टेबुल थियो । अरू सबै सहभागीहरूबीचको लामो टेबुलको वारिपारि बसेर आपसमा घुलमिल भई अनुभवको आदान-प्रदान, गफ र हँस्यौली गर्दै खानपिन गर्थे । तर दुई-चारजना मित्रहरूचाहिँ खाजा खाँदा होस् वा भात खाँदा त्यही कुनाको टेबुलमा अलग्गै गुजुक्क परेर बस्थे । छलफलका दुई सत्रबीचको अन्तरालमा माथि छतमा चियापान गर्दा पनि तिनको टेबुल प्रायः अलग्गै हुन्थ्यो । ती एकलकाँटे टेबुललाई कसैले "पोलिटब्यूरो"को टेबुल भन्ने नाउँ राखे, र कसैले चाहिं वैष्णवहरूको शुद्ध थलो भनेर गिज्याए ।

"पोलिटब्यूरो"को टेबुलमा एकान्तमा बस्ने ती "वैष्णवहरू" को हुन् त ?

उनीहरू समाज, त्यसका सुख-दुःख, त्यसका लौकिक आकांक्षा र सपनालाई त्यागेर एकलासको कुटीमा बास बस्ने जोगी वा बैरागी होइनन् । उनीहरू त अन्यायी समाजलाई न्यायपूर्ण समाजमा फेर्न कटिबद्ध रहेको एउटा राजनीतिक दलको नजिकका आदरणीय मित्रहरू हुन् । उनीहरू मार्क्सवादका अनुयायी हुन् । उनीहरूले स्वार्थ, सोख र सुरक्षाको जीवन होइन बरू त्याग, कष्ट र जोखिमको जीवन रोजेका छन् । उनीहरू समाजवादका प्रवक्ता हुन् र त्यसका ब्यावहारिक योद्धा पनि । तर उनीहरूले पुर्पच्छे गर्ने गरेको आदर्श र उनीहरूको त्यो एकलकाँटे शैलीको त्याङठ्याङ नमिलेको देखेर लामो टेबुलमा ठूलो गोलोमा बस्ने सबैजना छक्क परे ।

उच्च सामाजिक उद्देश्य प्राप्त गर्न धेरैभन्दा धेरै मानिसको ज्ञान र अनुभव, बुद्धि र बल, मिहेनत र सुन्याईंलाई एकत्रित गर्नु जरूरी हुन्छ । त्यसको लागि पहिले ब्यूँझेका र उद्देश्यमा लागिपरेका अगुवाहरू चोक र डबलीमा, बाटा र घाटामा, चौतारी र घौरालीमा, मेलापात र हाटबजारमा, चिया पसल र मन्दिरमा जहाँतहीं जहिले पनि नयाँ-नयाँ साथी र सहयात्रीको खोजीमा हुन्छन् । उनीहरूमा आफ्नो उच्च उद्देश्य, आफ्नो सान्दर्भिक ज्ञान र आफ्नो मैत्रीपूर्ण शैलीको सहाराले अरूहरूलाई आफूतिर आकर्षित गर्ने, आफ्नो उद्देश्यमा सहमत बनाउने र आफ्नो सहयात्रामा भर्ती गर्ने कला हुन्छ । तर हाम्रा समाजवादी बन्धुहरूचाहिं कुन हुर्काइ, शिक्षा-दीक्षा र संस्कारले गर्दा यस्ता एकलकाँटे जोगी भएका हुनन् ?

होटलमा कुनाको "पोलिटब्यूरो"को टेबुल र बीचको जनस्तरीय टेबुलबीचको दूरी हेर्दा यस्तो लाग्थ्यो मानौं त्यो छूत र अछूतबीचको दूरी हो । "पोलिटब्यूरो"को टेबुलमा जो छन्, ती चोखा बाहुनहरू हुन् र जो उता लामो टेबुलमा ठूलो गोलोमा छन्, तिनीहरूचाहिँ अछूतहरू हुन् । मानौं अछूतहरूसँग घुलमिल हुँदा छूतहरूको पवित्र जातमा खोट लाग्छ । "पोलिटब्यूरो"बासीहरूको आफूलाई बेग्लो, चोखो, उच्च र विशिष्ट ठान्ने त्यस प्रवृत्तिमा मार्क्सवादी चेतना खै कहाँ छ ? कहाँ छ त्यहाँ आपू र अरूहरूलाई सामाजिकीकरण गर्ने समाजवादी व्यवहार ? त्यहाँ त मान्छेलाई मान्छेबाट बेग्ल्याउने र टुक्र्याउने, मान्छे-मान्छेमाझ आशंका र लछुमन रेखा, भेदभाव र दूरीको सिर्जना गर्ने उही हिन्दू वर्णव्यवस्थाको गाढा छाप पो छ । के नेपाली मार्क्सवाद हिन्दू वर्णव्यवस्थामा घोलिएर र विकृत भएर त्यस्तो भएको होला ? के नेपाली वाम पार्टीहरूमा पुरोहितवादको चकचकी भएर त्यस्तो भएको होला ? स्वभाव र शैलीमा अरूहरूभन्दा सामाजिक, सहज र खुला हुनुपर्ने मार्क्सवादीहरू किन त्यतिबिधि असामाजिक, असहज र गोप्य भएका होलान् ?


निबन्धहरूमाथि टिप्पणी गर्ने क्रममा पनि बेलाबेला हिन्दू पुरोहितवादी प्रवृत्तिको छनक नपाइएको होइन । जो विद्वताले युक्त क्रान्तिकारी हो, उसले आफ्नो विद्वताको चहक र क्रान्तिकारिताको ओज प्रदर्शन गर्न अरूहरूलाई अज्ञानी, अबूझ, तुच्छ र पिछडिएको देखाउन आडम्बरी कसरत गर्दैन । सच्चा विद्वताले मानिसलाई तर्कशील बनाउँछ । उच्च उद्देश्यले मानिसलाई दूरदर्शी बनाउँछ । सादा जीवनको अभ्यासले मानिसलाई विनयशील बनाउँछ । र, जनवादको चेतनाले मानिसलाई मैत्रीपूर्ण बनाउँछ । तर निबन्धमाथि टिप्पणी गर्दा कतिपय क्रान्तिकारी मित्रहरूका मुद्रा, हाउभाउ र कथनले बुझिने गरी यसो भनेको छनक पाइयो- म चोखो क्रान्तिकारी, तँ बिटुलो अक्रान्तिकारी । म त्यागी, तँ भोगी । म उच्च, तँ तुच्छ ।

के यो बौद्धिकहरूलाई पार्टीको छेउ पर्नै नदिने पुरोहितवादी संकुचित सोचाइको अभिव्यक्ति होइन ? अज्ञानबाट ब्यूँझेका, निहित स्वार्थबाट माथि उठेका र क्रान्तिकारी बौद्धिक आन्दोलनको अगुवाको जिम्मेवारी काँध थापेका पार्टी बुद्धिजीवीहरूको यस्तो व्यवहार र कर्मकाण्डी पुरोहितको ब्यवहारमा गुणात्मक फरक छ र ? आफूले जजमानी गरी खाएको बस्तीमा अर्को पुरोहितले पाइला टेक्यो भने आफ्नो प्रभुत्व र आयस्तामा ठेस लाग्ला भनेर पुरानो पुरोहित नयाँ पुरोहितको ईर्ष्या गर्छ । यो ईर्ष्या र त्यो ईर्ष्याको वैचारिक श्रोत उही वैष्णववाद होइन र ?

वैष्णववाद मार्क्सवाद हो र ?

❑

# ज्ञान र सत्ता : तीन झाँकीहरू



चिन्तन

— डा. चैतन्य मिश्र —

*तथ्यांक, सूचना, नीति, ज्ञान आदिमा सत्य लुकाउन सत्ता यसरी पनि हाबी हुने गर्छ*

## सत्य लुकाउने सत्ता

तथ्यांक, सूचना, सीप, प्रविधि, परम्परा, नीति, कर्मकाण्ड लगायत विचार, शिक्षा, ज्ञान आदि 'मानसिक' उत्पादनहरूलाई रहस्यपूर्ण तुल्याइराख्ने चलन नेपाल लगायत विश्वभरि नै छ । झाँक्री र बोक्सी 'विद्या' मात्र होइन, श्रोत नै नखुलाइएका र आधिकारिक वैज्ञानिक श्रोत नै नभएका, मनगढन्ते, २-४ सय प्रतिशतले तलमाथि पर्न सक्ने, तर भट्ट हेर्दा 'आधुनिक' र विश्वसनीय देखिने 'तथ्यांक'हरूको बाढी आएको छ । अझ मात्रात्मक फरक र तथ्यांक संकलनको विधिको अनुपयुक्तताभन्दा पनि खास विषय र 'समस्या'को बारेमा किन तथ्यांक संकलन गरियो र अन्य महत्वपूर्ण विषय तथा समस्याहरूको बारेमा किन तथ्यांक संकलन गरिएन भन्ने प्रश्नको उत्तर अझ चाखलाग्दो बन्न सक्छ । यस्तो उत्तरले समाज र सत्ताको चरीत्र उदाङ्गो पार्न पनि सहयोग पुऱ्याउँछ ।

यसको ठोस उदाहरणको लागि संसारभर र खासगरी हाम्रोजस्तो मुलुकमा फस्टाइरहेको गरीवीबारेको तथ्यांक, उद्योग र यसमा आधारित राजनीति, अर्थनीति र संस्कृतिलाई लिन सकिन्छ । अधिकांश गरीवीसँग सम्बन्धित तथ्यांक र अनुसन्धानमा गरीबको आन्द्राभुँडी खोतलेको भेटिन्छ : गरीवले





कति खान्छ, कति भोको बस्छ, कति के उत्पादन गर्छ, कति कमाउँछ, कति के-केमा खर्च गर्छ आदि । तर अर्कोतर्फ अधिकांश यस्ता तथ्यांक र अनुसन्धानमा नगरीव अर्थात् धनीका आन्द्राभुँडी खोतल्ने काम धेरै कम भएको पाइन्छ । यसका साथै गरीवीको रचना गर्ने र हुर्काउने आर्थिक, राजनैतिक र सांस्कृतिक संरचना तथा प्रकृयाहरूका आन्द्राभुँडी केलाउने त के कुरा, नक्सासम्म कोर्ने प्रयत्न पनि गरेको पाइँदैन । गरीवीको तथ्यांक, अनुसन्धान र अध्ययन नगरीवहरूको अर्थात् धनीहरूको सत्ताको छत्रछायाँमुनि र स्वयं गरीवी जन्माइरहेको र हुकाइरहेको आर्थिक-राजनैतिक परिपाटी र प्रकृयाको शक्तिमुनि, एक किसिमले विस्मयकारी र एकाएक रूपमा तर नियमित र झण्डै अविछिन्न तवरले, गरीवको तथ्यांक, अनुसन्धान र अध्ययनमा परिणत हुन्छ ।

गरीवीको अध्ययन भनेको गरीवको मात्र अध्ययन होइन, गरीवीको उत्पादन गर्ने आर्थिक-राजनीतिक, संरचना र प्रकृयाका साथै नगरीवहरूको समेत हो । र, गरीवी गरीवहरूले होइन, विशिष्ट वर्गीय, क्षेत्रीय, लैंगिक र अन्य सामाजिक सम्बन्धका कारणले जन्मने, हुर्कने, घट्ने-बढ्ने हुन्छ । यी तथ्यहरू अधिकांश तथ्यांक, अनुसन्धान र अध्ययनमा ओझेलमा पर्छन् वा लोप नै हुन पुग्छन् । तथ्यांक, सूचना, नीति, ज्ञान आदिमा सत्य लुकाउन सत्ता यसरी पनि हाबी हुने गर्छ ।

## सत्तासँग ज्ञानको सामीप्यता

भारतको शैक्षिक र राजनैतिक जगतमा हाल इतिहासको पुनर्लेखन, पुनरावलोकन र पुनर्निर्माणको सवाल जवरजस्त मुद्दा बनेर उभिएको छ । यसबारेका खबर, विश्लेषण र 'ठम्याइ'हरू समाचारपत्र, रेडियो र टेलिभिजनमा छ्यापछ्याप्ति भएका छन् । तत्कालीन र प्रत्यक्ष सवाल के बनेको छ भने स्कूल तहका इतिहासका पाठ्यपुस्तकहरूमा भारतको 'वास्तविक' सामाजिक-राजनैतिक इतिहास उपयुक्त किसिमले प्रस्तुत भएको छ वा छैन ।

स्थापित पाठ्यपुस्तकहरूमा वामपन्थी र गैरहिन्दू, खास गरेर मुस्लिम दृष्टिकोण र तथ्य अवाञ्छित मात्रामा हाबी रहेको दाबीकासाथ वर्तमान भारतीय जनता दलको सरकार र यसको वर्चस्व रहेको पाठ्यपुस्तकसम्बन्धी आधिकारिक निकाय दुवै स्कुल तहका इतिहासका पाठ्यपुस्तकहरू पुनर्लेखन गर्न जोडतोडले लागिपरेका छन् । प्रत्यक्षतः यसको विवाद स्कुले इतिहासको पाठ्यपुस्तकको बारेमा भएपनि पृष्ठभूमिमा ठूलो आर्थिक, राजनैतिक र सांस्कृतिक मुद्दा रहेको छ । त्यो मुद्दा हो : अपेक्षाकृत दक्षिणपन्थी वा वामपन्थी अर्थतन्त्रको र राजकीय सत्ताको, अति-हिन्दूवादी वा बहुलवादी धर्म, संस्कृति र समाजको र तत्कालको लागि निर्वाचनमा हाबी हुन सकिने राजनीतिक-सामाजिक आधारको सवाल ।

सत्य-तथ्य र शिक्षा-ज्ञान सत्ताका सामु घुँडा टेक्ने स्थितिमा पर्दैछन् यहाँ । यद्यपि विरोधी सत्ता पनि झुकीसकेको छैन । विरोधी सत्ता नै अन्ततोगत्वा हाबी हुन सकेमा पनि सत्य-तथ्य र शिक्षा-ज्ञानको सत्तासँगको सामीप्यता त फेरि पनि झल्कन्छ नै ।


इतिहास र सत्ताको अन्योन्याश्रितपना भारतको प्रसंगमा मात्र सीमित छैन । जापानी सत्ताले चीन, कोरिया र अन्य दक्षिणपूर्वी एशियाली मुलुकहरूमा गएको शताब्दीको पूर्वार्धमा मच्चाएको व्यापक र हृदयविदारक, साम्राज्यवादी व्यवहार जापानका स्कुलका पाठ्य-पुस्तकहरूमा चाहिं अंकित छैन । सिंगो उत्तर र दक्षिण अमेरिकामा यूरोपेली मुलुक र पूँजीपतिहरूले गरेको संहारको उचित वर्णन र व्याख्या स्कुलका पाठ्य-पुस्तकहरूमा भेटिन्न । बेलायतका स्कुलहरूमा पढाइने इतिहास अंग्रेजहरूको वीरगाथाले भरिपूर्ण हुन्छ । त्यसमा लामो र सिंगो औपनिवेशिक ध्वंशले ज्यादै थोरै ठाउँ ओगटेको पाइन्छ ।

पृथ्वीनारायण शाह र 'राष्ट्रिय एकीकरण'लाई कसरी निर्क्यौल गर्ने भन्नेबारे पनि भिन्न-भिन्न दृष्टिकोण नेपालमा पनि रहेकै छ । तर सत्ताको दबदबा इतिहासको वर्णन र व्याख्यामा मात्र सीमित हुँदैन । सोक्रेटीजदेखि ग्यालिलियोसम्म र गान्धीदेखि सुब्बा कृष्णलाल अधिकारीको 'मकैको खेती'सम्मले सत्ता र ज्ञानको अन्तर्सम्बन्ध र अन्तरद्वन्दलाई प्रष्ट पार्छ । संयुक्त राज्य अमेरिकाका केही राज्यहरूमा स्कुल तहमा बैज्ञानिक डार्विनको विकासवादको सिद्धान्त, जसले बाइबलमा प्रतिपादित मानव जन्मको आख्यानलाई समर्थन गर्दैन, पढाउनु हुन्छ वा हुँदैन भन्ने कानूनी विवाद गत वर्षसम्म चल्दै थियो । यसले पनि सत्ता र ज्ञानको सम्बन्ध प्रष्ट्याउँछ ।

## विश्व दृष्टिकोणहरूको सार्वभौमिकतामाथि प्रश्न

तेस्रो भाँकी पनि पाठ्यसामग्रीकै बारेमा छ । विश्वका सबै कलेज-क्याम्पसमा विभिन्न सामाजिकशास्त्रहरूको पठनपाठनमा मानव जीवन र सामाजिक जगतलाई विश्लेषण गर्न सघाउ पुगोस् भन्ने हेतुले भिन्न-भिन्न 'विश्व दृष्टिकोण'हरूको बारेमा व्याख्या हुने गर्छ । यी दृष्टिकोणहरूमध्ये कुन सर्वश्रेष्ठ हो भन्ने छलफल र निर्क्यौल पनि यी पाठ्यपुस्तकहरूमा पाइन्छ । विश्व दृष्टिकोणबारेको पठनपाठन अत्यन्त महत्वपूर्ण पनि हुन्छ ।

तर कुनै पनि विश्वदृष्टिकोण दैवी वा प्राकृतिक रूपले निश्रृत हुँदैन, न कुनै विश्व दृष्टिकोण आफैं वा कुनै विचारकको




*भारतमा विवादास्पद बनाइएको इतिहासको किताब*


दिमागबाट सर्लक्क अवतरित हुन्छ । सही विश्व दृष्टिकोणसमेत सामाजिक सम्बन्ध, अन्तरद्वन्द र संघर्षको आधारमा संश्लेषित र परिमार्जित हुने गर्छ । खास समाजको खास कालखण्डमा उद्घाटित हुने खास प्रकृतिका सामाजिक सम्बन्ध र संघर्षको आधारमा नै खास विश्व दृष्टिकोणहरूको उद्भव र विकास हुने हुन्छ । त्यसैले कुनै पनि स्थापित विश्वदृष्टिकोण सिंगो रूपमा न सर्वकालिक हुनसक्छ, न सबै ठाउँ, समाज, अर्थतन्त्र, राजनीति र संस्कृतिमा उही रूपमा 'लागु' हुनसक्छ । अर्थात् 'विश्वदृष्टिकोण'समेत इतिहासको 'फन्दा'बाट बाहिरिन सक्दैन । सही विश्वदृष्टिकोण गैरऐतिहासिक हुनै सक्दैन ।

सबैभन्दा सही विश्वदृष्टिकोणको रूपमा रहेको मार्क्सवादभित्र समेत द्वन्दात्मक ऐतिहासिक भौतिकवाद, श्रमको सर्वोपरि महत्व र वर्गविन्यासबाहेकका अन्य विश्वदृष्टिकोण र विश्व व्याख्याहरूको सीमा गएको डेढ सय वर्षको विश्व इतिहासले आँकलन गर्दै गरेको छ । मार्क्स आफैंले 'म मार्क्सभक्त होइन' भनेको कुरा यो सन्दर्भमा स्मरणीय छ । विश्वदृष्टिकोणहरूको 'सार्वभौमिकता'को सीमाबारेको यो अत्यन्त चोटिलो प्रहार हो ।

यो खण्डमा उठाउन खोजिएको मुद्दा भने उपरोक्तभन्दा मूर्त र सरल छ । नेपाल र नेपालजस्तै मुलुकका कलेज-क्याम्पसमा पढाइने पाठ्यपुस्तक र अन्य सामग्रीहरू अधिकांशतः यूरोप र अमेरिकाका लेखकहरूले स्वभाविक रूपले नै यूरोप र अमेरिकाका सामाजिक सम्बन्ध र संघर्षका पृष्ठभूमिमा रचेका हुन्छन् । अथवा लेखक, स्थानीय नै रहेपनि दृष्टिकोण र व्याख्यामा स्थानीयता हराएको हुन्छ र अर्को समाजको अनुभवलाई प्रधानता दिइएको हुन्छ । अझ, यूरोप र अमेरिकाको ४०-५० वर्षअघिको ऐतिहासिक सन्दर्भमा तयार पारिएका र ती प्रदेशमा उपयोग गुमाइसकेको पाठ्यसामग्रीको प्रयोग हामी प्रचूर मात्रामा गर्ने गर्छौं । (त्यस्ता सामग्रीहरू प्रकाशकहरूले अपेक्षाकृत कम मूल्यमा बेच्ने गर्छन्) । थप आलोचनात्मक होइन, भक्त बनाउन खोज्ने हाम्रो वर्तमान संस्कृतिअन्तर्गत हामी ती पाठ्यसामग्रीमा प्रयुक्त विश्वदृष्टिकोणलाई नै अलौकिक र सार्वभौम सत्य मान्न पुग्दछौं । फलतः आफ्नो समाज र इतिहासबाट टाढा रहेको अर्कै समाज र कालखण्डको सूचना बोक्ने सो सूचनाको पनि ऐतिहासिकता वर्णन र व्याख्या गर्न नसक्ने शिक्षक र विद्यार्थी हामी तयार गर्ने गर्छौं । समाज विज्ञान पढाउनु पर्नेमा हामी पुराण पढ्न-पढाउन पुग्छौं । ❑

• *नेपाली पाठ्यपुस्तक र अन्य सामग्रीहरू अधिकांशतः युरोप र अमेरिकाका लेखकहरूले स्वभाविक रूपले नै यूरोप र अमेरिकाका सामाजिक सम्बन्ध र संघर्षका पृष्ठभूमिमा रचेका हुन्छन् ।* •

# हरिगोविन्द लुईंटेललाई पितृशोक



प्रगतिशील साहित्यकार तथा यस 'मूल्यांकन' मासिकका कार्यकारी सम्पादक एवं 'नवयुवा' मासिकका प्रकाशक/सम्पादक हरिगोविन्द लुईंटेलका पिता **ठाकुरप्रसाद शर्मा लुईंटेल**को यही मंसिर १९ गते शिक्षण अस्पताल, महाराजगंजमा निधन भयो । ७७ वर्षीय स्व. ठाकुरप्रसाद शर्मा लुईंटेल लामो समयदेखि मधुमेह तथा मुटुसम्बन्धी रोगबाट पीडित हुनुहुन्थ्यो । अचानक रोगले चापेपछि उहाँलाई मंसिरको पहिलो सातामा अस्पताल भर्ना गरिएको थियो । केही दिनपछि पुरानो रोगको स्थितिमा केही सुधार भएको जस्तो देखिए पनि अचानक मृगौला बिग्रन गएकोले उहाँको निधन भएको थियो ।

३७ वर्षसम्म नेपाल आदर्श माध्यमिक विद्यालय, गणबहाल, काठमाण्डौमा अध्यापन गरी अवकाश प्राप्त जीवन व्यतीत गरिरहनुभएका **ठाकुरप्रसाद शर्मा लुईंटेल** सरल जीवन र परोपकारी भावनाका धनी हुनुहुन्थ्यो । उहाँका 'नवधा-भक्ति महिमा' र 'भक्ति-पुष्प' नामका दुई आध्यात्मिक पुस्तिकाहरू पनि प्रकाशित छन् । दिवंगत ठाकुरप्रसादका श्रीमती, दुई छोराहरू र एक छोरी हुनुहुन्छ ।

श्री **ठाकुरप्रसाद शर्मा लुईंटेल**को निधनमा मूल्यांकन परिवार गहिरो शोक व्यक्त गर्दछ र शोक सन्तप्त मित्र हरिगोविन्द लुईंटेल तथा सम्पूर्ण परिवारजनहरूमा हार्दिक समवेदना व्यक्त गर्दछ । ❑


## हेपाटाईटिस बी रोगबारे जानकारी

हेपाटाईटिस बी सरुवा रोग हो । यो रोगले कलेजोमा क्यान्सर गराउँछ र ज्यानै पनि लिनसक्छ । यो रोग खास गरेर योनीश्राव, र्‍याल, रगत र वीर्यको माध्यमबाट सर्दछ ।

हेपाटाईटिस बीको मुख्य लक्षण जण्डिस हो । तसर्थ जण्डिस देखापरेमा हेपाटाईटिस बी रोग पनि हुनसक्छ । त्यसैले बेलैमा जचाई उपचार गराऔं ।

हेपाटाईटिस बी रोगविरुद्धको खोप दिएमा यसको रोकथाम हुनसक्छ । तर गुणस्तरहीन खोप र गैरजिम्मेवार व्यक्तिबाट खोप लगाउँदा फाइदाभन्दा बेफाइदा हुने र अनेक तरहका नराम्रा असर पर्ने हुनाले जथाभावी रुपमा गुणस्तरहीन खोप लिएर आफ्नो स्वास्थ्य जोखिममा नपारौं ।


यदि कुनै गैरसरकारी निकायको सहयोगमा यस रोगविरुद्धको खोप दिन खोजेमा वा कसैले निजी प्रयासमा खोप लिन खोजेमा विश्व स्वास्थ्य संघले मान्यता दिएको खोपमात्र प्रयोग गर्न र यसबारे केही बुझ्न परेमा नजिकको स्वास्थ्य संस्थासँग बुझेरमात्र जिम्मेवार स्वास्थ्यकर्मीबाट सुपथ मोलमा प्राप्त हुने गुणस्तरीय खोपमात्र प्रयोग गर्न अनुरोध गरिन्छ ।

**यसका साथै हेपाटाईटिस बी रोग लाग्नबाट बच्न :**

- सधैं सुरक्षित यौन व्यवहार गरौं ।
- रगत लिनु परेमा रगत जाँच गर्ने प्रयोगशालाबाट सिफारिस भएको रगतमात्र लिऔं ।
- सुई लगाउनु पर्दा, नाक, कान वा छाला छेड्नु पर्दा निर्मलीकरण गरेको वा एकपटकमात्र प्रयोग हुने सुई, सिरिञ्ज र औजारमात्र प्रयोग गरौं !
- दाही वा कपाल काट्दा अरुले प्रयोग गरेको ब्लेड प्रयोग नगरौं ।

**राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र**

# आतंकवादविरोधी अमेरिकी आतंकको चिरफार



**- नोम चोम्स्की -**

*'अमेरिका संसारको सबैभन्दा ठूलो आतंकवादी देश हो ।' - यो भनाइ एकजना त्यस्ता अमेरिकी चिन्तक, लेखक तथा भाषाविद्को भनाइ हो, जसलाई अचेल अमेरिकामा असहमतिको सबैभन्दा ठूलो आवाज र प्रतिपक्षी विचारका सबैभन्दा प्रख्यात प्रतीकका रुपमा लिइन्छ । उहाँको नाम हो- नोम चोम्स्की ! विश्वविख्यात प्राज्ञ, आधुनिक भाषाविज्ञानका जन्मदाता तथा साम्राज्यवादका कट्टर विरोधी लेखक नोम चोम्स्की ।*

*अमेरिकी सरकारको साम्राज्यवादी नीतिका प्रखर विरोधी प्राज्ञ प्रो. नोम चोम्स्कीको असहमतिको सबैभन्दा ठूलो आवाज अचेल अफगानिस्तानमाथि भइरहेको बर्बर अमेरिकी आक्रमणको विरोधमा गुञ्जिरहेको छ । अमेरिकादेखि भारत र पाकिस्तानसम्मको तीनहप्ते तूफानी यात्रा, प्रवचन र अन्तर्क्रियाको क्रममा उहाँले व्यक्त गर्नुभएका विचारोत्तेजक अभिव्यक्तिहरुले अमेरिकाको नेतृत्वमा चलिरहेको एकध्रुवीय शक्ति व्यवस्थाको एकल विचारमाथि धावा बोलिरहेका छन् । तिनै विचारहरुमध्ये केही अंश यहाँ प्रस्तुत गर्ने जमर्को गर्दैछु । - **राजेन्द्र महर्जन***

म यहाँ प्रजातन्त्र, विकास र विश्वमा शक्तिको भूमिका जस्ता सवालहरूमाथि केही कुरा गर्न आएको थिएँ, तर ११ सेप्टेम्बरको अमेरिकी घटनापछि विश्वकै इतिहासमा नयाँ मोड आयो र मेरो प्रवचनको विषयलाई पनि मोडिदियो । अब एउटा नयाँ सरोकार पैदा भएको छ । त्यो हो- अन्तर्राष्ट्रिय आतंकवादको खतरा ।

धेरैजसो राजनीतिक विमर्शहरूजस्तै आतंकवादलाई पनि द्विअर्थी शब्दको रूपमा लिइन्छ । एउटा शाब्दिक र अर्को प्रचारात्मक ।

के हो त, आतंकवाद भनेको ? यस विषयमा अमेरिकाको सरकारी परिभाषा निकै हदसम्म सटिक छ । अमेरिकी सैनिक निर्देशिकासम्बन्धी पुस्तकअनुसार आतंकवाद भनेको हिंसाको सुनियोजित प्रयोग हो, राजनैतिक, धार्मिक वा सैद्धान्तिक लक्ष्य प्राप्तिको लागि हिंसा प्रयोग गर्ने चेतावनी हो । यसमा डर, त्रास फैलाउने, धाक-धम्की दिने, बल प्रयोग गर्नेजस्ता उपायहरू पर्दछन् । तर विडम्वनाको कुरा यो सटिक परिभाषालाई कुनै पनि राज्य वा सरकारले स्वीकार्दैन, लागू गर्दैन, अमेरिकी सरकारको त कुरै छाडौं ।

मलाई लाग्छ, सबै राज्य र सरकारहरू मूलतः आतंकवादी हुन्; चाहे त्यो भारत होस् या अमेरिका । आतंकवादी राज्य वा सरकार नभएको देशको कल्पना पनि गाह्रो छ । त्यस्ता राज्य वा सरकार जतिसुकै कमजोर वा बलियो भए पनि ती आतंकवादी नै हुन् । किनकि राज्यसत्ता भनेको हिंसा र आतंककै आधारमा टिकिरहेको हुन्छ । राज्य आफै दमनकारी संरचना हो । उसले आफ्नो सत्ता जति हदसम्म विकेन्द्रित र जनमुखी गर्नसक्छ, त्यति हदसम्म ऊ हिंस्रक, क्रूर र दमनकारी हुन छोड्छ । होइन ऊ केन्द्रीकृत र जनविरोधी भइरहेमा उसले आतंकमार्फत् नै आफूलाई टिकाइराख्ने प्रयत्न गर्छ । उसले हरपाइलामा आतंकवादी काम गरिरहेकै हुन्छ । दमनकारी प्रहरी र सेनाको आतंकदेखि आतंकवादी ऐन-कानूनहरू यसका उदाहरणहरू हुन् । जस्तो : भारत सरकारले काश्मीरमा ठूलो मात्रामा आतंकवाद फैलाइरहेको छ । अतः भारतलगायत सबै राज्यहरू सामान्यतया आतंकवादी हुन् । र सबैभन्दा शक्तिशाली मुलुकचाहिँ सबैभन्दा घिनलाग्दो आतंकवादी राष्ट्र हो, अतः यस विषयमा अमेरिकासँग अरू देशको कुनै तुलना नै हुन सक्दैन ।

वास्तवमा, नीतिगत रूपमा अमेरिकाले केही अर्कै गुह्य कुरा गरिरहेको हुन्छ, तर प्रचारात्मक रूपमा भने अमेरिकाले आफू र आफ्ना मित्र देशहरूको विरोधमा गरिने कारवाहीलाई मात्रै आतंकवाद ठहऱ्याइरहेको छ । जबसम्म कुनै पनि खालको आतंकवाद अमेरिका र अमेरिकी मित्रराष्ट्रहरूविरूद्ध केन्द्रित हुँदैन, तबसम्म उसले त्यसलाई आतंकवाद मान्दैन । अतः आतंकवादबारे अमेरिकाको दोहोरो मापदण्ड छ । आतंकवाद भनेको आतंकवाद नै हो, चाहे त्यो अमेरिका वा अमेरिकी मित्र राष्ट्रहरूमाथि गरिएको आक्रमण होस्, चाहे त्यो अमेरिकाविरोधी राष्ट्रलाई नै गरिएको किन नहोस् । यसमा दोहोरो मापदण्ड किन ?

पहिले नाजीवादीहरू यस्तै पाखण्डपूर्ण कार्य गर्थे, यस्तै प्रचार गर्थे । उनीहरू पनि एकातिर आतंकवादको भर्त्सना गर्दथे र आफ्ना विरोधी आतंकवादीहरूका विरूद्ध 'प्रतिआतंकवाद'को अभियान चलाउँथे । दोस्रो विश्वयुद्धको क्रममा अमेरिकाले नाजी र जापानी आतंकको जवाफ त्यस्तै खालको आतंकबाट दिएको थियो । दोस्रो विश्वयुद्धपछि उसले त्यही नाजी र जापानी मोडेल नै अपनाएको हो ।

दुई दशकअगाडि अमेरिकाको रेगन प्रशासनले सबैभन्दा पहिले 'अन्तर्राष्ट्रिय आतंकवाद विरोधी' संघर्षलाई आफ्नो विदेश नीतिको केन्द्रमा राखेको थियो । यसै सिलसिलामा अमेरिकाद्वारा प्रायोजित सरकारी आतंकवादले अमेरिकी सैनिक शक्ति र आर्थिक बल प्रयोग गरेर विश्वभरिका जनता, विशेषतः आदिवासी गरीव जनतामाथि बर्बरतापूर्ण कुकृत्य गरेको थियो । मध्य अमेरिका त्यसबाट सबैभन्दा बेसी थिचिएको थियो । रेगन प्रशासनको एउटै अवधिमा मात्रै अमेरिकाद्वारा प्रायोजित सरकारी आतंकवादले मध्य अमेरिकामा लाखौं मानिसहरूमाथि उत्पीडन गरेको थियो, हजारौं मानिसहरूको ज्यान लिएको थियो । लाखौंलाई अपांग र अनाथ बनाएको थियो र चारवटा मुलुकलाई त तहस



*आतंकवादलाई परम्परागत रूपमा कमजोरहरूको हतियार मानिन्छ । तर अमेरिकी इतिहासले के प्रमाणित गर्छ भने आतंकवाद वास्तवमा शक्तिशाली व्यक्ति र राष्ट्रहरूको हतियार हो ।*

*अफगानिस्तानमा अमेरिकी सैनिकहरू*

नहस नै गरेको थियो । निकारागुआमाथि 'अमेरिकी सेनाको गैरकानूनी प्रयोग विरूद्ध विश्वअदालतले त अमेरिकी सरकारलाई दोषीसमेत ठहऱ्याएको थियो । तर अमेरिकाले ती दुवैलाई रद्दीको टोकरीमा फ्याँकेको थियो । उसले त सुरक्षा परिषद्को त्यस्तो प्रस्तावमाथि समेत 'भिटो' प्रयोग गरेको थियो, जुन प्रस्तावमा सबै देशहरूलाई अन्तर्राष्ट्रिय कानूनहरू पालना गर्न आग्रह गरिएको थियो । अब प्रश्न उठ्छ- यदि निकारागुआले अहिलेको अमेरिकी सिद्धान्त नै अपनाएर प्रत्याक्रमण गरेको भए के हुन्थ्यो, उसको प्रतिक्रिया कस्तो हुन्थ्यो ? स्मरण रहोस्, निकारागुआमाथि भएका अमेरिकी आतंकवादी हमलाहरूको नृशंसता ११ सेप्टेम्बरमा अमेरिकामाथि भएका आक्रमणहरूको बर्बरताभन्दा बेसी तीखो र विनाशकारी थियो । त्यसबेला अमेरिकी समर्थनमा भएका आतंकवादी हमलाको क्रममा करीव ३० हजार मानिसहरू मारिएका थिए ।

पहिलेदेखि नै हामीलाई कसैले पनि नोक्सान गर्न सक्दैन, तर हामी चाहिँ जो कसैलाई पनि नोक्सान पार्न सक्छौं भन्ने अमेरिकी धारणा रहेको छ । आतंकवादलाई परम्परागत रूपमा कमजोरहरूको हतियार मानिन्छ । तर अमेरिकी इतिहासले के प्रमाणित गर्छ भने आतंकवाद वास्तवमा शक्तिशाली व्यक्ति र राष्ट्रहरूको हतियार हो । मध्य अमेरिका र सिंगो विश्वको इतिहास यसको ठोस उदाहरण हो ।

परम्परागत धारणा अनुसार आतंकवाद भनेको कमजोरहरूको हतियारको रूपमा परिभाषित छ, किनकि शक्तिशालीहरूले नै सेनादेखि सिद्धान्तमाथि समेत नियन्त्रण जमाएका छन् । शक्तिशालीहरूको सिद्धान्त अनुसार नै आतंकवाद भनेको कमजोरहरूको हतियारको रूपमा परिभाषित गरिएको हो । उनीहरूकै हालीमुहाली चल्ने स्थितिमा उनीहरूले सिर्जना गर्ने आतंक आतंक नै हुँदैन, बल प्रयोग पनि आतंकवादी नै हुँदैन । तर वास्तविकता खोतलेर हेर्दा, आतंकवाद भनेको कमजोरहरूको होइन, शक्तिशाली समूह, राष्ट्र र सरकारहरूको हतियार हो । महाशक्ति राष्ट्र अमेरिकाको पाखण्डपूर्ण परिभाषाअनुसार, आफू र आफ्ना सहयोगीहरूविरुद्ध केन्द्रित आक्रमण, हिंसा र क्रूरता मात्रै आतंकवाद हो, आफ्ना शत्रुविरूद्ध केन्द्रित आतंकवादचाहिँ आतंकवाद होइन । जस्तो : ११ सेप्टेम्बरको अमेरिकाविरोधी आक्रमणचाहिँ आतंकवाद हो, तर आफू वा आफ्ना साथीहरूले निकारागुआ, नामिबिया, प्यालेस्टाइन, पानामा, इराक, सोमालिया, भियतनाम, लाओस र कम्बोडियामा गरेका आक्रमण र युद्धहरू आतंकवाद होइनन् ।

११ सेप्टेम्बरको घटनाको यस अर्थमा ऐतिहासिक महत्वको छ कि, बन्दूकहरूको दिशा आधुनिक इतिहासमा पहिलो पटक यूरोप र उसका शाखा-प्रशाखाहरूतिर फर्किएको छ; हिंसा, आतंक र क्रूरताका प्रतिपादक राष्ट्रहरूतिरै बन्दूकको निशाना साधिएको छ । यूरोपेलीहरू शताब्दीयौंदेखि एक-आपसमा हत्या-हिंसाको खेलमा लिप्त छन् । तर उनीहरूका अत्याचारहरूबाट पीडित मानिसहरू (जसलाई आधुनिक सभ्यताका बर्बर शत्रु र प्लेग आदि विशेषण दिइन्छ)को तर्फबाट कुनै पनि प्रत्याक्रमण भएको थिएन ।

**बन्दूकहरूको दिशा आधुनिक इतिहासमा पहिलो पटक यूरोप र उसका शाखा-प्रशाखाहरूतिर फर्किएको छ; हिंसा, आतंक र क्रूरताका प्रतिपादक राष्ट्रहरूतिरै बन्दूकको निशाना साधिएको छ**



*काबुल कब्जा गर्दै नर्दर्न एलायन्सका सैनिकहरू*

यस अर्थमा ११ सेप्टेम्बरमा अमेरिकामा भएको लोमहर्षक आतंकवादी हमला संसारको बिल्कुलै नयाँ र अनौठो खालको घटना हो । यी हमलाहरूको स्वरूप र कारवाहीहरूको मात्राको कारणले होइन, हमलाको निशानाको कारणले यो घटना नौलो र अनौठो भएको हो । हताहतहरूको संख्या र विध्वंशको मात्रा त निश्चित रूपमा खेदजनक छ, तर खेदमात्रै व्यक्त गर्दै बसेमा हामीहरूले यस्तो आक्रमणको हाँगाबिँगा र जरा पत्तालगाउन सक्दैनौं ।

अमेरिकी सरकारले ओसामा बिन लादेन र उनको अल-कायदा नेटवर्कमाथि आक्रमणको दोष थोपरिरहेको छ । तर उनको प्रत्यक्ष नीति-निर्देशनमा आक्रमण भएको सबूद अहिलेसम्म देखिएको छैन, तर उनीबाट प्रभावित भएर यसो गरिएको चाहिँ हुनसक्छ ।

विश्वमा अमेरिका र उसका मित्र राष्ट्रहरूको कारणले ठूलो मात्रामा गरीबी र उत्पीडन भइरहेको छ । त्यसैका शिकार भएका अधिकांश जनताबीच बिन लादेनमा जस्तै आक्रोशको भावना तीव्ररूपमा विद्यमान छ । यही त्यो आक्रोश र निराशाको स्रोत हो, जसले मानिसलाई आत्मघाती बमबारीतिर लान्छ । अमेरिका र अधिकांश पश्चिमी देशहरू यस्तो कटु सत्यलाई स्वीकार्न चाहँदैनन् । तर उत्पीडित र उत्पीडक देशका सबैभन्दा कठोर र बर्बर तत्व हिंसाको बढ्दो चक्रलाई बडो ठेट अन्दाजमा स्वागत गर्दछन् ।

अमेरिकी सरकारले यसको 'स्वागत' गर्दै एउटा 'कडा विकल्प' संसारसामु प्रस्तुत गरिसकेको छ- हाम्रो साथ देऊ कि मृत्यु र विनाशको निश्चित ताण्डव नृत्य भोग । अमेरिकी कांग्रेसले राष्ट्रपतिलाई व्यक्तिहरू वा देशहरूविरूद्ध बल प्रयोगको अधिकार दिएको छ, अब अफगानिस्तानमा जस्तै जहाँकहीं पनि उसले आक्रमण गर्नसक्छ । यो त्यस्तो सिद्धान्त हो, जसलाई उसका कुनै पनि समर्थकहरू अपराध मान्दैनन् ।

यसै क्रममा उसले नेतृत्वका सबैभन्दा कट्टरपन्थी तत्वहरूको एजेण्डालाई लागू गर्न थालिसकेको छ । घरेलु मामिलामा फौजी तामझामलाई बढावा दिने, देशभित्र प्रजातान्त्रिक अधिकारहरूमाथि कडा नियन्त्रण गर्ने र समाजकल्याणका कार्यक्रमहरूमाथि हमला गर्ने काम थालिसकेको छ । अब यस्ता आतंकवादी हमला र हिंसाको सिलसिलाको बृद्धिले धेरैजसो समाजका सबैभन्दा धेरै कठोर र दमनकारी तत्वहरूहरूको सत्तालाई अरू बेसी मजबुत गर्दछ र उनीहरूको प्रतिष्ठा बढाउँछ भन्ने कुरा पुष्टि गरिरहेको छ ।

वैदेशिक मामिलामा उसले अफगानिस्तानमाथि नृशंस बमवारी गर्ने, त्यहाँ बचेखुचेका अवशेषहरूको समेत विनाश गर्ने, तालिवानलाई सत्ताच्यूत गरी उत्तरी गठबन्धन (नर्दर्न अलाएन्स)को सैन्यशक्ति मजबूत पारी नृशंसताको क्रमलाई फेरि दोहाऱ्याउन दिने काम थालिसकेको छ ।

यसरी अमेरिकाले अफगानिस्तानमा 'निःशब्द हत्याकाण्ड' चलाइरहेको छ । अफगानिस्तानका जनता तालिवानजस्तो अमेरिकाका मानसपुत्रको रूपमा रहेको फासीवादी शक्तिको हिंसा र आतंकको बदला नर्दर्न अलाएन्सको नृशंसतालाई स्वागत गर्न अभिशप्त छन् । नादिर शाहको सट्टा चंगेज खाँलाई स्वागत गर्न विवश अफगानी जनताको अगाडि कुनै ठोस जनमुखी र प्रजातान्त्रिक विकल्प देखिएको छैन । अमेरिका र उसका मित्रराष्ट्रहरूद्वारा थोपरिने अन्तरिम वा संक्रमण सरकार र विदेशीहरूका जनविरोधी शर्त र मागहरू स्वीकार्ने बाहेक अर्को संभावना तत्काल देखिएको छैन ।

❑

*(फ्रन्टलाइन, फिलहाल, भ्वाइसेज अफ स्यानिटी, जनसत्ता आदिका रिपोर्ट र अन्तर्वार्ताहरुमा आधारित)*

**८ पेजको बाँकी**

यी सबै परिघटनाको कूल जोडबाट माओवादीको प्रयत्न नराम्ररी बिफल भयो । यो बिफलताले वार्तामा माओवादीको मोलतोल क्षमता काफी घटायो । संभवतः यसैबाट वार्ताप्रति माओवादी नेता-कार्यकर्ता पंक्तिमा चर्को निराशा जन्मियो । वार्ताकै औचित्यबारे वार्ताविरोधी तत्वहरूले माओवादी पार्टीमा गम्भीर प्रश्न उठाउन सक्ने स्थिति यसबाट तयार भयो ।

माओवादी नेतृत्व र कार्यकर्ता पंक्तिमा वार्ताप्रति सबैभन्दा ज्यादा निराशा सरकारको लचकहीनता, निरीहता र बचन दिने, तर अक्सरतया त्यसको पालना नै नगर्ने, भरै पर्न नसकिने व्यवहारले सृजना गरेको देखिन्छ । सरकारको बोली र व्यवहारप्रति चरम विश्वासको संकटले माओवादीको वार्ताप्रतिको आशावादिता सबैभन्दा ज्यादा मारेको प्रतीत हुन्छ ।

सरकार माओवादीका मुख्य राजनीतिक मागप्रति थोरै पनि लचिलो भएर प्रस्तुत हुन सकेन । संविधान संशोधनभन्दा माथि सरकार उक्लँदै नउक्लने, संविधानसभाभन्दा तल माओवादी ओर्लंदै नओर्लने- यही कुरामा वार्ताको हलो नफुत्कने गरी अड्कियो । माओवादी नेतृत्व गणतन्त्रको मागबाट संविधानसभाको चुनावमा ओर्लियो, तर सरकार संविधान संशोधनबाट थोरै पनि माथि उक्लेन ।

माओवादीले राखेको प्रमुख राजनीतिक मागप्रति आफू पटक्कै सहमत हुन नसकेपछि सरकारले राज्य-व्यवस्थासम्बन्धी त्यो अहम् सवाललाई २०३६ सालमा राजा वीरेन्द्रले अपनाएको बाटो अनुशरण गरेर त्यो सवालमा सार्वभौम जनताले जे निर्णय गर्छन्, त्यहीअनुसार हुनेगरी सार्वजनिक बहस र जनमत संग्रहमा लाने निर्णय गर्नु संभव थियो । व्यापक आर्थिक-सामाजिक परिवर्तनका बाँकी सबै सहमत मागका सवालमा अविलम्ब सहमति जनाएर आमजनता र माओवादी दुवैथरिलाई वार्ता उपलब्धिमूलक भएको तथा सरकार समाज परिवर्तनप्रति र वार्ताप्रति गम्भीर भएको सन्देश दिन सक्थ्यो । यो लचिलो मध्यमार्गी विकल्प सरकारसित थियो । सरकारले यो विकल्प प्रस्तुत गरेको भए माओवादीलाई सार्वभौम जनताको प्रभुसत्ता अभ्यास गर्ने यो प्रस्ताव अस्वीकार गर्न धेरै गाह्रो पर्थ्यो । यो संविधानसभाभन्दा मुनिको र संविधान संशोधनभन्दा माथिको, बीचको लचिलो निकास हुन जान्थ्यो । देशको भावी राज्य-व्यवस्था कस्तो हुने भन्ने सम्बन्धमा पंचायतकालमा राजा वीरेन्द्रबाट गराउन संभव भएको खालको जनमत संग्रह संसदीय प्रजातन्त्रमा नेपाली कांग्रेसले चाहिं गराउन नसक्ने भन्ने कुनै कुरो थिएन ।

परन्तु वार्तामा सरकारले न माओवादी विकल्प नै स्वीकार्‍यो, न आफ्नो बीचको लचिलो विकल्प नै पेश गर्‍यो । के के सवालमा कसरी संविधान संशोधन गर्ने भनेर न त संविधान संशोधनको आफ्नो मूर्त खाका नै छलफलको लागि उसले प्रस्तुत गर्‍यो । उसले त केवल माओवादी राजनीतिक विकल्पको विरोधमा शुरूदेखि अन्त्यसंम्म इन्कारीको एकोहोरो रटनामात्रै लगाइरह्यो । वार्तामा सरकारी वार्ता टोलीको नियत र उद्देश्य गम्भीर गृहकार्य गरेर सक्दो लचिलो भएर संकटको निकास खोज्नुभन्दा माओवादी पक्षलाई तत्काल लेखेर वा बोलेर मुखभरिको इन्कारीको जवाफ दिनु, पाएसम्म माओवादीलाई पर्दाफास गर्नु र आफ्नो मागमा ऊ पहिलेभन्दा लचिलो भयो भने झन् भित्तैसम्म पेल्नु रहेको देखियो । सरकारको यो चरम अलचिलोपन र पेलाहा नियत नै माओवादी पक्षलाई वार्ताप्रति सबैभन्दा ज्यादा निराश पार्ने मुख्य कारण सावित भयो ।

देउवा सरकारलाई वार्तामा थोरै पनि लचिलो हुनका निम्ति हात बाँध्ने काम सत्तारूढ पार्टीको नेतृत्वले गर्‍यो । माओवादी विद्रोहलाई सैनिक कार्वाहीले कुल्चेर हल गर्नुपर्छ भन्ने सैन्यवादी सोच राख्ने पार्टी नेतृत्वले देउवा सरकारलाई हमेशा वार्ताको टेबिल बन्द गर्न र सैनिक कार्वाहीमार्फत् समस्या हल गर्न सशक्त दवाब दिइरह्यो । कुर्सीलाई ताकमा राखेर राष्ट्रको संकट हल गर्न जोखिम मोल्ने हिम्मत प्रधानमन्त्रीसित हुँदामात्र सरकारले त्यो दवाब झेलेर वार्तामा लचिलो हुने क्षमता राख्थ्यो । तर सरकार प्रमुखसित त्यस्तो हिम्मत नै देखिएन । पार्टी नेतृत्व सरकारलाई वार्तामा पर्याप्त लचिलो हुन दिएर वार्ता सफल पार्न दिँदै नदिने, सरकार वार्ता सफल पार्नका लागि जायज सवालमा समेत पार्टी नेतृत्वको बेठीक निर्देशनको समेत विरोधमा जाने हिम्मत नै नगर्ने, सरकारको यस्तो निरीहता र अन्तरविरोधमा वार्ता नराम्ररी जेलियो । फलस्वरूप माओवादीमा वार्ताबाट निकासको आशा गर्ने ठाउँ नै बाँकी भएन ।



● *सैन्यवादी सोच राख्ने पार्टी नेतृत्वले निरीह देउवा सरकारलाई हमेशा वार्ताको टेबिल बन्द गर्न र सैनिक कार्वाहीमार्फत् समस्या हल गर्न सशक्त दवाब दिइरहयो* ●

सरकार र माओवादीबीच वार्ताको क्रममा बचन दिने, तर पूरा नगर्ने गर्नाले विकसित हुँदै गएको विश्वासको संकटले पनि वार्ताप्रतिको आशा खत्तम पार्नमा निर्णायक भूमिका खेलेको देखिन्छ । उता विश्वासको संकट सरकारी पक्षमा पनि विकसित नभएको होइन । केन्द्रको वक्तव्य भन्दा विपरीत गएर तल माओवादी कार्यकर्ताहरूबाट सबै खालका राजनीतिक पार्टीमाथि बल प्रयोग गर्नाले सरकारी पक्षमा पनि माओवादीको नियतमाथि व्यापक शंका पैदा भएको थियो । सरकारी पक्षमा पैदा भएको विश्वासको संकटको कारणले उसले पनि एमालेसित मिलेर 'प्रतिकार' गतिविधि तीव्र पार्‍यो । वार्ताकै क्रममा 'जनप्रतिकार'को नाममा माओवादीका कम्तीमा ९ जना कार्यकर्ता मारिए । देशका थप ६ वटा जिल्लामा एकीकृत सुरक्षा तथा विकास अवधारणा लागु भयो । सशस्त्र प्रहरीबलसम्बन्धी ऐन यही अवधिमा बन्यो । फौजी आक्रमण नभए पनि यसबीच सरकारको तर्फबाट सेना परिचालन भएको भयै भयो र थुप्रै जिल्लामा 'सर्च अपरेशन' जारी नै राखियो । यी जम्मै कुराले स्वभावतः माओवादीमा वार्ताको मखमली पर्दाभित्र असलमा कार्वाहीको तैयारी भइरहेको अनुभूति पैदाभयो र सरकारको नियतप्रति चरम विश्वासको संकट सृजना गर्‍यो । उत्तिकै सैन्यवादी सोच भएका धेरै माओवादी कार्यकर्ताहरूको लागि वार्ता त्यस्तो भासझैं प्रतीत भयो, जहाँ जति चल्यो उति तल डुबिन्छ मात्रै । यही अनुभूतिले गर्दा ४ महिनाअघि वार्ताको लागि जनादेश दिने पार्टीका अधिकांश कार्यकर्ताले अहिले वार्ताको टेबिल तुरून्त छाड्न नेतृत्वमाथि संभवतः ज्यादै चर्को दवाब दिए । शायद कार्यकर्ताकै चर्को दवाबको र संभावित बिद्रोहको फलस्वरूप पार्टी नेतृत्वले वार्ताबाट ज्यादै हतारोमा तुरून्त पछाडि हट्ने र युद्ध शुरू गर्ने निर्णय गरेको हुनुपर्छ ।

तेस्रो चरणको वार्तामा माओवादी पक्षको प्रस्तुति, अध्यक्ष प्रचण्डको पछिल्लो वक्तव्य र ४ दिनपछिको एकाएक फौजी कार्बाहीका बीचमा अस्वभाविक खाडल र विरोधाभाष भेटिन्छ । फेरि, दाङ्ग, स्याङ्जा र सल्लेरीको फौजी कार्बाही कुनै सात दश दिनको तयारीले मात्र गरिएको देखिन्न । यी सबै कोणबाट हेर्दा दुईवटा कारणले माओवादी नेतृत्व फौजी कार्बाहीका लागि ज्यादै हतारिएको हुन संभव छ : एउटा, केन्द्रले अनुमति दिए पनि नदिए पनि तलबाट निश्चित रूपमा उच्च फौजी कार्बाही हुनसक्ने संभावना देखियो, त्यो संभावना तत्काल टार्न, पार्टीलाई र सेनालाई पुनः एक ढिका बनाईराख्नका लागि तत्काल फौजी कार्बाहीको जरूरत भयो । अर्को,

सरकारको कुनै भित्री उच्च रणनीतिक योजना उनीहरूलाई थाहा भएर त्यसलाई बीचैमा फेल ख्वाउन, बीचमा अकस्मात आक्रमण गरेर रणनीतिक पहल र ज्यादाभन्दा ज्यादा फौजी उपलब्धि आफ्नो हातमा सुरक्षित बनाउन तुरुन्तै फौजी कार्बाहीको जरूरत भयो । यिनै बाध्यकारी कारणले माओवादी नेतृत्वले वार्ताको अन्त्यको आवश्यक प्रक्रिया पनि पूरा नगरिकन हतारोमा युद्धविराम अन्त्य गरेको हुन संभव छ ।

## उद्देश्य र छनकहरू

माओवादीले दाङ्ग, स्याङ्जा र सोलुसल्लेरीमा जुन उच्चस्तरको फौजी कार्बाही यसपल्ट गरेको छ, त्यसका पछाडि उसका तीनवटा प्रमुख उद्देश्यहरू देखिन्छन् : पहिलो, आफ्ना नेता-कार्यकर्ताहरूलाई त्यस्तो सन्देश दिएर अझै एकताबद्ध राख्नु कि वार्तामा गएर नेतृत्व दक्षिणपन्थी भासमा भासिएको छैन, पार्टी कमजोर पनि भएको छैन, ऊ अझै क्रान्तिकारी र लडाकू छ, पार्टी अझै शक्तिशाली भएको छ । दोस्रो सरकारलाई संविधानसभाको निम्ति लचिलो हुन सशक्त दवाब सृजना गर्नु । तेस्रो, सरकार, सारा विपक्षहरू र आमजनतालाई आफूले यसबीच हासिल गरेको सैन्य क्षमताबारे र त्यसले गर्नसक्ने तुजुकबारे परिचित गराउनु ।

दोस्रो राष्ट्रिय सम्मेलनपछि माओवादीको अर्को राष्ट्रिय सम्मेलन फेरि सम्पन्न भएको छैन । तसर्थ माओवादीको दोस्रो सम्मेलनले अघिसारेका नयाँ राजनीतिक सोचहरू अहिलेको फौजी कार्बाही हुँदैमा बदलिएका छैनन् । ती अझै यथावत् छन् । वार्ता, अन्तरिम सरकार, नयाँ संविधानको उसको राजनीति अझै ज्यूँकात्यूँ छ । शहरिया जनआन्दोलन र ग्रामीण जनसंघर्षलाई सशस्त्र जनविद्रोह र दीर्घकालीन जनयुद्धको बाटोलाई सम्मिलन गराउने उसको सोच अझै कायम छ । त्यसैले धेरैले अहिलेको सैनिक कार्बाहीपछि माओवादी फेरि पहिलेकै युद्धै युद्धको लीकमा फर्क्यो भन्ठानेका छन् । मेरो विचारमा त्यो धारणा सही छैन । अहिलेको कार्बाही उसको पछिल्लो राजनीतिक यात्रामा छलांग मात्रै हो, बेबान्कीको छलांग ।

केन्द्र केवल वार्तामा मात्र टाँस्सियो र सरकारसामु धेरै झुक्यो भन्ने भ्रम निवारण गरेर अनि हामी अब सेनासित समेत लड्न सक्छौं भन्ने सन्देश वातावरणमा गुन्जाएर, ऊ पहिलेभन्दा बलवान हैसियत र ज्यादा मोलतोल क्षमतासहित पुनः अहिलेकै दिनानुदिनको राजनीतिको परिदृश्यमा । वार्तामा फर्कने हिसाबले अहिले कामकार्बाही अघि बढाउन खोज्दैछ भन्ने मलाई लाग्दछ । उसले गर्न खाजेको चाहिं एउटा, नतिजा हुन गयो, त्यसको ठीक उल्टो ! र नतिजा विपरीत निक्लेकाले अब त्यस्तो गर्न ऊ सफल होला-नहोला, बेग्लै समीक्षाको विषय हो । परन्तु माओवादीले अहिलेको कार्बाहीमार्फत् गर्न खोजेको सार कुरो त्यही हो भन्ने मेरो ठम्याइ छ । भिन्न रूपमा पहिलेभन्दा उच्च सामर्थ्यकोसाथ एक्लै पनि मूलधारको राजनीतिमा दखल दिनसक्ने हुने हिसाबले माओवादीका अहिलेका गतिविधि संचालित देखिन्छन् ।

जसरी दुनै काण्ड वार्ताको लागि सशक्त दवाब कार्यक्रम थियो, ठीक त्यसरी नै अहिलेका फौजी कार्बाहीहरू पनि अब उताका वार्ताहरूमा अधिकतम लचकताका निम्ति लक्षित गरिएका दबाव कार्यक्रम हुने संभावना निकै ज्यादा छ । यदि यो सही हो भने दवाब कार्यक्रमको निम्ति रोजिएको समय बेठीक भयो, संघर्षको रूप र सैनिक ब्यारेकमाथिको प्रहार निशाना बेठीक भयो । यो बेठीक हुनाले उद्देश्य एउटा तर परिणाम सोचेभन्दा ठीक उल्टो निक्लेको छ ।

फौजी कार्बाहीका पछाडि माओवादीको उद्देश्य दिनानुदिनको राजनीतिलाई नै बल पुऱ्याउनु भएको हुनाले माओवादी नेतृत्वले कुनै पनि उपयुक्त क्षण यस्तो भन्ने संभावना टड्कारो छ : हामीले हाम्रो उच्च सैन्य सामर्थ्य देखायौं । हाम्रो सैनिक कार्बाहीको उद्देश्य चलिरहेको वार्ताको प्रक्रिया तोड्नु होइन, बरू वार्तालाई नै उपलब्धिमूलक र सार्थक बनाउनु हो । यसअघिको वार्तामा सरकारी पक्ष हाम्रो मुख्य राजनीतिक मागमा पटक्कै लचिलो भएन । त्यसैले, हामीले उच्च सैन्य कार्बाही गऱ्यौं । सरकारी पक्ष हाम्रो मागमा अब लचिलो हुन तैयार छ भने हामी पुनः वार्ताको लागि तैयार छौं । युद्धविरामका लागि तैयार छौं ।

यही मंसिर २९ गते 'कान्तिपुर'मा प्रकाशित अन्तर्राष्ट्रिय समुदायसामु माओवादी नेतृत्वको अपीलले त्यो संभावनालाई सत्य सावित गरेको छ । यदि सरकार संविधानसभाको मागमा पुनः लचिलो भयो भने माओवादी नेतृत्व 'संपूर्ण सशस्त्र गतिविधि निलम्बित' गरेर 'पुनः टुटेको वार्ता फेरि प्रारम्भ गर्न तैयार भएको' कुरो त्यसमा स्पष्ट रूपमा उल्लेख गरिएको छ । *(हेर्नुहोस् बक्स)*

## फेरि वार्ता होला ?

अन्तर्राष्ट्रिय समुदायसमक्ष जारी गरिएको माओवादी नेतृत्वको हालैको अपीललाई नियालेर हेर्ने हो भने- माओवादी पुनः वार्तामा आउनेछन् भनेर लख काट्न केही गाह्रो छैन । यदि सरकार उनीहरूले प्रस्तुत गरेका प्रमुख राजनीतिक मागहरूमा पुनर्विचार गरेर लचिलो हुन तयार भएमा वार्ता अब कुनै पनि क्षण हुन संभव छ ।

तर के युद्धमा गइसकेको शाहीसेना उसको काम नसिद्धिई पुनः व्यारेकमा फर्कला ? के सरकारले यी राजनीतिक मागमा लचिलो हुने आँट गर्ला ? अहिलेका आधारभूत सवालहरू यिनै हुन् । यी दुवै सवालमा चाँडै यसै होला भन्नु यतिबेला समयभन्दा चाँडै बोल्नु हुनेछ ।

**माओवादी र सरकार दुवैमा सैन्यवाद नै हाबी हुनाले गृहयुद्ध थालनी भएको हो । यी दुवै युद्धरत पक्षहरू बीचको बाटो खोज्न तयार छन् ?**

देउवा सरकार पहिलेजस्तै पार्टी नेतृत्वको सामुन्ने विल्कूलै निरीह र जोखिम मोल्न साहस नगर्ने भयो भने निश्चित छ - वार्ता फेरि पनि हुने छैन । सरकारको राजनैतिक नेतृत्वमाथि सैनिक कार्बाहीबाटै सारा समस्या हल गर्नुपर्छ भन्ने विचार र नेतृत्व हाबी भयो भने पनि वार्ता फेरि हुनसक्ने छैन ।

अहिले अमेरिकाको अगुवाइमा विश्वभरि कथित 'आतंकवादविरोधी अभियान' चलिरहेछ । भारतले पनि त्यहाँ त्यस्तै अभियान छेडिरहेछ । नेपालजस्तै भारतमा पनि मंसिरकै तेस्रो हप्तामा मात्र त्यहाँका माओवादी भनिने- पिपुल्स वार ग्रुप र एम.सी.सी.लाई 'आतंककारी' घोषित गरिएको छ । र त्यहाँ पनि यहाँ जस्तै आतंककारी कानून लागु गरिएको छ । यो स्थितिमा सैनिक अपरेशन नै समस्याको समाधान हो भन्नेहरूका लागि क्षेत्रीय र विश्व समर्थनको स्थिति अनकूल छ । सरकार पनि यो अनुकूल स्थितिबाट अवगत छ र धेरै प्रोत्साहित पनि छ । क्षेत्रीय र विश्व स्थिति अनुकूल भएको बेलामा वार्ताको टण्टा छोडेर क्षेत्रीय र विश्वव्यापी नेटवर्क बनाएर सैनिक कार्बाहीको एजेण्डामै केन्द्रित हुनु बेस हुनेछ भन्ने धारणा सरकारको हुनगयो भने माओवादीले चाहेर पनि नेपालमा वार्ता हुने छैन ।

माओवादीमा पनि सैन्यवाद नै हाबी हुनु, सरकारमा पनि सैन्यवाद नै हाबी हुनु - यी दुवै पक्षको गठजोड यतिखेर परेकाले गृहयुद्ध थालनी भएको हो । वार्ता हुनका लागि दुवैले सैन्यवादी सोच र प्रवृत्ति त्याग गर्नु जरूरी हुन्छ ।

परन्तु सैनिक कार्बाहीबाट विश्वको एउटा मुलुकमा पनि सशस्त्र विद्रोह र प्रतिविद्रोह नामेट भएको इतिहास छैन । टाढा किन जाने ? भारतको सैन्ययन्त्र नेपालको भन्दा ज्यादै ठूलो, सक्षम र अत्याधुनिक छ । परन्तु त्यसले समेत विगत ५० वर्षमा त्यहाँका सशस्त्र विद्रोहीहरूलाई नामेट पार्न सकेको छैन । अरू त अरू एउटा वीरप्पनलाई समेत त्यसले तह लगाउन सकेको छैन । श्रीलंका, फिलिपिन्स, कोलम्बिया, पेरू, सर्वत्र त्यस्तै अनुभव छ । तसर्थ, नेपालमात्रै त्यसको अपवाद होला भन्ने स्थिति नै छैन । अहिलेको गृहयुद्धले देशमात्रै बर्बाद हुनेछ, मूल समस्याको हल हुनेछैन ।

गृहयुद्ध शुरू भएपछि अहिले नै देशको महत्वपूर्ण विकास बजेट युद्धतिर रकमान्तर गर्न थालिइसकेको छ । यसको मतलब अब शिक्षा, स्वास्थ्य, जलस्रोत, यातायात सबैतिर पैसाको हाहाकार हुनेछ, राज्यसित आधारभूत सेवा र विकासका लागि पैसा नै हुनेछैन । सारा पैसा अर्थहीन ढंगले गृहयुद्धले खानेछ । उसै त गरीब नेपाल, अरू ५-१० वर्ष गृहयुद्ध चल्यो भने यो विश्वको गरीबतम देशमात्रै हुनेछैन, हामीसित हातमा लाग्ने गरीबी नै गरिबी, बर्बादी नै बर्बादी मात्रै हुनेछ ।

यसो भएको हुनाले अहिलेको संकटकाल र युद्ध लम्ब्याईराख्नु कसैको हितमा पनि छैन । यसलाई तुरून्त अन्त्य गर्नु जरूरी छ ।

प्रधानमन्त्री देउवाले हालै 'मूल्यांकन'सितको अन्तर्वार्तामा- यदि माओवादीले हालै लुटेको हतियार र पैसा फिर्ता गरेर शान्तिप्रति प्रतिबद्धता जनाउने हो भने वार्ता फेरि संभव छ भन्ने स्पष्ट संकेत दिनुभएको छ । यो वार्ताको पुनःथालनीको लागि सकारात्मक संकेत हो । परन्तु के यो कुरा माओवादीलाई मान्य छ ? मान्य छ भने- वार्ताको प्रक्रिया पुनः शुरू हुनु नितान्त संभव छ । ❑

## प्रजातान्त्रिक विचार पनि जरुरी

'मूल्यांकन' वामपन्थीहरूको साझा पत्रिकाको रूपमा स्थापित छ । समाजका तथा देश-विदेशका घटनाहरू वामपन्थी आँखाबाट हेरी विश्लेषण गरिएको हुन्छ । हामी देश र जनतालाई तपाईहरूले जस्तै माया गर्ने प्रजातान्त्रिक विचारलाई समर्थन गर्ने व्यक्तिहरू हौं । हामी चाहन्छौं 'मूल्यांकन' वामहरूबीच मात्र सीमित नरहोस् र प्रजातान्त्रिक व्यक्तिहरूको विचार पनि समावेश गरी आफूलाई वृहत्तर रूपमा उपस्थित गराओस् । अर्थात् 'मूल्यांकन' देश र जनतालाई माया गर्नेहरू सबैको पत्रिका बनोस् । यस अर्थमा 'मूल्यांकन'को पछिल्लो प्रयास सह्राहनीय छ ।

जहिले पनि सरकारलाई गाली गर्ने, सत्तासीन पार्टीको खोइरो मात्र खन्नेभन्दा पनि सरकारले गरेको राम्रो कामको पनि प्रशंसा गरोस् ।

**- रविन श्रेष्ठ**

*हाल : लण्डन ।*

## पठनीय र गम्भीर अंक ९२

पहिला पहिलाका अंकहरूजस्तै 'मूल्यांकन' पूर्णाङ्क ९२ पनि विचारोत्तेजक तथा ज्ञानवर्द्धक सामग्रीहरूका कारणले अत्यन्त पठनीय लाग्यो । खासगरी युवराज घोषणाबारे श्याम श्रेष्ठको मूलकथा र प्रवुद्ध व्यक्तिहरूका विचारहरू आम वौद्धिक समुदायका निम्ति पठनीय रहेका छन् ।

त्यस्तै, वार्ताबारे माओका शिक्षाहरू यस अंकको अर्को महत्वपूर्ण सामग्री हो । राजेन्द्र महर्जनले तयार पार्नुभएको यस सामग्री माओ र माओका विचारहरूलाई सतही अध्ययनको आधारमा समर्थन वा विरोध गर्नेहरूका निम्ति एउटा गतिलो जवाफको रूपमा आएको छ । साथै, वार्ता प्रक्रियामा नेपालका माओवादीहरूले माओका शिक्षाहरू नै राम्ररी मनन नगरेको तथ्य पनि त्यस लेखले पाठकलाई बुझाउँछ ।

देउवा सरकारको भविष्यबारे राजेन्द्र दाहालको विचार पनि मननीय छ । यसमा व्यक्त भएका तथ्यहरूले नेपाली कांग्रेसभित्रको आन्तरिक संकटलाई पनि उजागर गरेका छन् । त्यतिमात्र होइन, उहाँको त्यस लेखमा प्रकारान्तरले प्रजातान्त्रिक प्रतिवद्धताको निम्ति नेपाली कांग्रेसमा नैतिक तथा वैचारिक निष्ठाको खस्कँदो अवस्थालाई पनि दर्शाउने काम भएको छ ।

संविधानसभासम्बन्धी सामग्री 'मूल्यांकन'को अर्को महत्वपूर्ण सामग्री हो । बहस स्तम्भअन्तर्गत नेकपा मसालका महासचिव रामसिंह श्रीस र प्रखर वामवुद्धिजीवी गोविन्द न्यौपानेका विचारहरू नेपालको प्रजातान्त्रिक अभ्यासलाई अग्रगामी दिशातिर औंल्याउने विशिष्ट तत्व भएका विचारहरू हुन् भन्ने मलाई लाग्छ ।

अन्त्यमा, साहित्यअन्तर्गत राजवको कथा, गोविन्द वर्तमानले लेख्नुभएको मोहन विक्रम सिंहको पुस्तक परिचय, विमल निभाको व्यंग्य रचनासहित अन्य सबै सामग्रीहरू पठनीय र गम्भीरसमेत भएकोमा 'मूल्यांकन'को सम्पादन तथा प्रकाशन समूहलाई हार्दिक धन्यवाद दिन चाहन्छौं ।

**- रमेश पराजुली र साथीहरू**

*कोटेश्वर, काठमाण्डौ ।*

## सिक्किम र दार्जीलिङको उपस्थिति खोई ?

मूल्यांकन राम्रो पत्रिका हो । कहिलेकाहीं मात्र हेर्न पाइन्छ । कृपया सिक्किम र दार्जीलिङतिर नियमित रूपमा खरिद गर्न पाइने व्यवस्था गरिदिनु होला । सिक्किम र दार्जिलिङ्गमा पनि नेपालीहरू छन् । नेपाली भाषा र जातिलाई मात्रै होइन, नेपाल र नेपालीहरूलाई माया गर्नेहरू यहाँ थुप्रै छन् । कतिपय अनुभव साटासाट गर्न पनि सकिन्थ्यो । तर यतातिरको समाचार र विचार मूल्यांकनले किन दिंदैन ?

**- सिद्धार्थ प्रधान**

*सिक्किम ।*

## सूचना

गतांकमा विश्वकम्युनिष्ट आन्दोलन स्तंभअन्तर्गत अमेरिका र च्याङ काई-शेकसँग चिनियाँ कम्युनिष्ट पार्टीका अध्यक्ष माओले गर्नुभएको शान्तिवार्ताको बारेमा रचना दिने क्रममा यस अंकमा थप सामग्री दिने सूचना दिइएको थियो । विशेष कारणवश सो सामग्री स्थगित गरी 'कार्ल मार्क्सको अन्तर्वार्ता दिइएको कुरा सबै पाठक वर्गमा सूचित गरिएको छ । - सं )



## बेल्जियममा नेपालीहरू संगठित

ढिलो गरी प्राप्त समाचारअनुसार, बेल्जियममा बसोबास गर्दै आएका नेपालीहरूले आफ्नो हकहितको निम्ति नेपाल जनप्रगतिशील मंच, बेल्जियमको गठन गरेका छन् ।

बेल्जियमको एन्टवर्पेन शहरमा भएको त्यस मंचको तदर्थ समितिको साधारणसभाले उक्त मंचको १३ सदस्यीय कार्य समिति गठन गरेको छ ।

नवनिर्वाचित कार्यसमितिमा कृष्ण खतिवडा अध्यक्ष, कमल अधिकारी उपाध्यक्ष, रामबहादुर गुरूङ्ग महासचिव, कृष्ण तिवारी सचिव र युवराज गुरूङ्ग कोषाध्यक्ष रहनुभएको छ । त्यस्तै, उक्त कार्यसमितिमा नवीन सापकोटा, सुरेश महत, के.बी. थापा, प्रेम परियार, प्रकाश दवाडी, प्रकाश पौडेल, सोम नारायण थनेत र नगेन्द्र खजुम सदस्यका रूपमा निर्वाचित हुनुभएको छ ।

ज्ञातव्य छ, बेल्जियममा भएको नेपालीहरूको संगठनको यो पहिलो साधारणसभा हो । उक्त संगठनले नेपालको कम्युनिष्ट आन्दोलनको पक्षमा बौद्धिक तथा प्रचारात्मक काम गर्दै आएको देखिन्छ । ❑


देशमा शान्ति र सुव्यवस्था कायम हुन सकेमा मात्र विकासको गति तीव्र हुनसक्छ । यसर्थ समाजमा शान्ति, सुव्यवस्था कायम राखी एकता र राष्ट्रिय हितको भावनाले विकास कार्यमा सहभागी हुनु सबै नेपालीहरूको प्रमुख कर्तब्य हो ।

**श्री ५ को सरकार**
**सूचना तथा संचार मंत्रालय**
**सूचना विभाग**

**'सामुदायिक वनबारे आफूले पनि बुझौं, साथीलाई पनि बुझाऔं'**


करीब दुई दशकअघि शुरू भएको सामुदायिक वन कार्यक्रमबाट हालसम्म नेपाल अधिराज्यभर दश हजारभन्दा बढी सामुदायिक वन उपभोक्ता समूहहरू गठन भई एघार लाखभन्दा बढी घर परिवार यसका सदस्य भई लाभान्वित भएका छन् । यसरी करीव आठ लाख हेक्टर जमीन सामुदायिक वनको रूपमा हस्तातरण भइसकेको छ । यो प्रक्रिया दिन-प्रतिदिन बढ्दो छ । यस कार्यमा हामी सबैको समान सहभागिता अपरिहार्य छ ।

**कतै तपाई त छुट्नु भएन ?**

आउनुस्, आफ्नै गाउँघरमा रहेको जिल्ला वन कार्यालय, इलाका वन कार्यालय तथा रेन्ज पोष्टबाट सामुदमायिक वन तथा यसका गठन प्रक्रियाबारे सम्बन्धित वन प्राविधिकबाट जानकारी लिन ढिला नगरौं । यस प्राकृतिक सम्पदाको व्यवस्था गर्ने हामी सबैको दायित्व हो ।

वन विभाग
**सामुदायिक वन महाशाखा**
बबरमहल, काठमाण्डौ, टेलिफोन : २४७५९९, २२४९०३

# DUCKHAMS





अन्तरराष्ट्रिय
**ISO-9002** को
उच्च गुणस्तरको
लुब्रिकेटिङ्ग आयल







**PRODUCTS OF ALEXANDER DUCKHAMS & CO. ENGLAND**




इतिहासका गुलजार शहरहरू समयको छोटो अन्तरालमै कसरी सुनसान गाउँमा साँघुरिँदै गइरहेका छन् ? बन्दीपुर र भीमफेदीको स्थलगत रिपोर्ट सहित डा. सुदर्शन तिवारी, स्टीफन माइकसेल र टोनी हागनको विचार विश्लेषण

**पोखरा : विनास र विकासको कथा**

## महिला जीविकोपार्जनमाथि संकट

कमला भसिन, जगन्नाथ अधिकारी र अरूको विश्लेषणसहित

*थप,* तुलसी नेपाल, अनिल भट्टराई, सुजाता थापा, चक्रमान विश्वकर्माका विचार, टिप्पणीहरू

*अनुसन्धान*

**मिडियामा जनजाति सहभागिता**

*साथमा*

**जूनकीरीको बस्तीमा**
डा. महेश मास्के

# विकास

**नयाँ अंक**
**चाँडै बजारमा आउँदैछ**

**MULYANKAN**
A magazine for Thought-Interaction
ल.पु.जि.प्र.का द.नं. ९९/०४९/५० म.क्षे.हु.द.नं. १२/०५०/५१

